सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ असार २०८०, बुधबार (21 June 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ६९ ■ पृष्ठ १२+४ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-



अमेरिकामाथि नेपालको सानदार जित

२०८ रनको लक्ष्य पछ्याएको नेपालका लागि तेस्रो क्रमका ब्याट्समान भीम सार्कीले ११४ बलमा ७७ रनको योगदान दिए । उनले दीपेन्द्रसिंह ऐरीसँग पाँचौं विकेटका लागि ७४ रनको साझेदारी गरे ।

बलिडतर्फ करण केसीले ९ ओभरमा तीन मेडन राखी ३३ रन खर्चेर सर्वाधिक चार विकेट लिए । करणकै घातक बलिडका कारण अमेरिका ९.२ ओभरमा १८-४ को कमजोर अवस्थामा थियो ।

(विस्तृत पृष्ठ १६)

स्कुलमै गार्डेनदेखि स्विमिङ पुलसम्मको माग



बजेट नहुँदा ६ सय फाइल शिक्षा मन्त्रालयको योजना शाखामा थन्किए

(विस्तृत पृष्ठ ३)

विद्युत्को माग बढ्दै, तर छैन लोड धान्ने पूर्वाधार

● कुलमान घिसिङ
कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण



प्राधिकरण एक्लैले नसक्ने भयो, सबैले सहयोग गनुपर्छ

(विस्तृत पृष्ठ ११)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ थिति बसाल्न कानुन बनाउने संसद्मै बेथिति

सूचना नै नदिएर बैठकमा अनुपस्थित हुन्छन् सांसद

२७५ सदस्यीय संसद्को पहिलो अधिवेशनमा १२ सांसद मात्रै सबै बैठकमा उपस्थित, २०५ सांसद जानकारी नै नदिई विभिन्न बैठकमा अनुपस्थित



● एकराम गिरी
प्रवक्ता, संसद् सचिवालय

नियमावलीको व्यवस्थाअनुसार पूर्वसूचना दिनुपर्छ

कमलराज भट्ट/नयाँ पत्रिका

आफैंले बनाएको नियमावलीको व्यवस्था उल्लंघन गर्दै प्रतिनिधिसभाका सदस्यहरू संसद्मा अनुपस्थित हुने गरेका छन् । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभाको पहिलो अधिवेशनमा दुई सय पाँच सांसद विभिन्न बैठकमा सूचना नै नदिई अनुपस्थित भएका छन् ।

प्रतिनिधिसभा नियमावलीले एक दिन पनि अनुपस्थित रहँदा पूर्वसूचना दिनुपर्ने व्यवस्था गरेको छ । पूर्वसूचना दिन नसके उपस्थित भएको तीन दिनभित्र कारण खुलाएर सभामुखलाई जानकारी दिनुपर्छ । पूर्वसूचना त परको कुरा, तीन दिनभित्र जानकारी नदिने सांसदहरूको संख्या पनि ठूलो छ । यसपटक नयाँ दल र अनुहार चुनिएर आएकाले संसद्भित्र ऐन-नियम पालना हुने र सार्थक बहसको थलोमा जनप्रतिनिधि जवाफदेही बन्ने अपेक्षा थियो । तर, अनुपस्थितिका मामिलामा विगतकै प्रवृत्तिको दोहोरिएको छ ।

२५ पुसदेखि १५ वैशाखसम्म चलेको प्रतिनिधिसभाको पहिलो अधिवेशनमा हाजिर गरेर टाप कस्ने र कोरम नपुगेर बैठक स्थगित हुने समस्या पटक-पटक देखिएको थियो । धेरै सांसदले सूचना नदिई बैठकमा अनुपस्थित भएर नियमावली उल्लंघन गरेको हाजिरी विवरणले देखाउँछ । पुसमा दुई, माघमा आठ, फागुनमा चार, चैतमा नौ र वैशाखमा ६ गरी पहिलो अधिवेशनमा २९

» पृष्ठ १५ मा क्रमशः

■ जो सूचना नै नदिई अनुपस्थित रहे



■ **१४ दिन अनुपस्थित** : गंगाप्रसाद यादव, गगन थापा, महिन्द्र राय यादव र सुदन किराँती

■ **१३ दिन अनुपस्थित** : कृष्णकुमार श्रेष्ठ, चन्द्रबहादुर विश्वकर्मा, अशोक राई, ढाकाकुमार श्रेष्ठ (हाल पदमुक्त), पशुपतिशमशेर जबरा, योगेन्द्र मण्डल, राजेन्द्र लिङ्देन, राजु थापा, रामशंकर यादव, लालप्रसाद साँवा लिम्बू र शेरबहादुर कुँवर

■ **१२ दिन अनुपस्थित** : गोकर्ण विष्ट, अमनलाल मोदी, दिनेशकुमार यादव, धवलशमशेर जबरा, मनबहादुर गुरुङ, भीम आचार्य, महन्थ ठाकुर, मंगलप्रसाद गुप्ता, विक्रम पाण्डे र विष्णु पौडेल

■ **११ दिन अनुपस्थित** : अम्मरबहादुर थापा, उदयशमशेर जबरा, चन्दा चौधरी, दामोदर भण्डारी, दुर्लभ थापा क्षेत्री, नवलकिशोर साह सुडी, विनिता कठायत, भगवती चौधरी, रमेश रिजाल, विमलेन्द्र निधि र सपना राजभण्डारी

■ **१० दिन अनुपस्थित** : ईश्वरबहादुर रिजाल, उर्मिला थेबे, जनार्दन शर्मा, दीपा शर्मा, दीपक कार्की, पदम गिरी, वसन्त नेम्वाङ, विना देवी, महेन्द्रबहादुर शाही, विष्णुकुमार कार्की, सुशीला सिर्पाली ठकुरी, सूर्यप्रसाद ढकाल र हरि उप्रेती

■ **९ दिन अनुपस्थित** : ऋषिकेश पोखरेल, गोकुल बाँस्कोटा, दामोदर पौडेल बैरागी, एनपी साउद, प्रकाशशरण महत, प्रभु हजरा दुसाध, प्रभु साह, योगेश भट्टराई, रघुवीर महासेठ, विश्वप्रकाश शर्मा, श्याम घिमिरे र सोविता गौतम

■ **८ दिन अनुपस्थित** : अब्दुल खान, अरुणकुमार चौधरी, कल्पना चौधरी, ईश्वरी घर्ती, गंगा कार्की, डिगबहादुर लिम्बू, निर्मला कोइराला, प्रकाश ज्वाला, मोहन आचार्य, मञ्जु शर्मा अन्सारी, राजकिशोर यादव, वीरेन्द्रप्रसाद महतो, शोभा ज्ञवाली, सुरेन्द्रराज आचार्य र सूर्यबहादुर थापा क्षेत्री

■ **७ दिन अनुपस्थित** : गंगाराम चौधरी, पूर्णबहादुर खड्का, वीरबहादुर बलायर, शरत् सिंह भण्डारी, शिशिर खनाल, शेखर कोइराला, सीता गुरुङ, सञ्जय गौतम र हृदयराम थानी

■ **६ दिन अनुपस्थित** : अर्जुननरसिंह केसी, आशा विक, उमरावती देवी, छिरिङ डम्डुल लामा (भोटे), जावेदा खातुन जागा, दिक्पालकुमार शाही, ध्रुवबहादुर प्रधान, प्रकाशमान सिंह, प्रदीप यादव, बुद्धिमान तामाङ, भानुभक्त जोशी, महेन्द्रकुमार राय, रञ्जिता श्रेष्ठ, रेखा शर्मा, लालवीर चौधरी, विना जैसवाल र सरस्वती सुब्बा

■ **५ दिन अनुपस्थित** : कुसुमदेवी थापा, ठाकुरप्रसाद गैरे, नारायण खड्का, देवेन्द्र पौडेल, प्रेमबहादुर महर्जन, विमला सुवेदी, मञ्जु खाण, मनीष झा, बिजुला रायमाझी, माधव नेपाल, माधव सापकोटा, रमेश लेखक, शशांक कोइराला, शान्ति विक, सम्झना थपलिया, सीताकुमारी राना, सीता मिजार, सुशीला थिङ र हितबहादुर तामाङ

■ **४ दिन अनुपस्थित** : अमरेश सिंह, ईश्वरीदेवी न्यौपाने, छिरिङ ल्हामु लामा (तामाङ), जीवन परियार, दीपकबहादुर सिंह, देवप्रसाद तिम्लसेना, धनराज गुरुङ, निशा डाँगी, बद्री पाण्डे, राजेन्द्र बजगाईं, रामकुमार राई, रामकृष्ण यादव, माया राई, मीना यादव, मेटमणि चौधरी, मोहन बस्नेत, रणेन्द्र बराली, रामनाथ अधिकारी, लीलादेवी बोखिम लिम्बू, शक्ति बस्नेत, सन्तोष चालिसे, सर्वेन्द्रनाथ शुक्ल, सुशीला श्रेष्ठ र हर्कमाया विश्वकर्मा

■ **३ दिन अनुपस्थित** : ऐनबहादुर शाही ठकुरी, अञ्जनी श्रेष्ठ, अनिता देवी, अनिशा नेपाली, अम्बिका बस्नेत, अस्माकुमारी चौधरी, किरणकुमार साह, गीता बस्नेत, तेजुलाल चौधरी, दयालबहादुर शाही, दीपक गिरी, देवीप्रकाश भट्टचन, पुष्पबहादुर शाह, पूर्णबहादुर घर्ती, प्रदीप पौडेल, मुक्ता यादव, रमा कोइराला, राजेन्द्रकुमार केसी, रामसहायप्रसाद यादव (उपराष्ट्रपति), लेखनाथ दाहाल र सुमना श्रेष्ठ

■ **२ दिन अनुपस्थित** : अमृतादेवी अग्रहरी, उर्मिला माझी, कालुराम राई, कृष्णगोपाल श्रेष्ठ, चित्रबहादुर केसी, नैनकला थापा, मानवीर राई, मीना तामाङ, रामप्रकाश चौधरी, रञ्जुकुमारी झा, रेखा यादव, सरिता प्रसाईं, सूर्यमान तामाङ (दोङ), सोनु मुर्मू, हेमराज राई र ज्ञानेन्द्रबहादुर कार्की

■ **१ दिन अनुपस्थित** : असिम शाह, कल्पना मियाँ कुसारी, कान्तिका सेजुवाल, दुर्गा राई, नारायणी शर्मा, महेश बर्तौला, रणकुमारी बलम्पाकी मगर, रामचन्द्र पौडेल (हाल राष्ट्रपति), रूपा विक, रूपा सोसी (चौधरी), रोशन कार्की र सरस्वती बजिमय

आंशिक सूचना दिने ४५ सांसदको सूची

पृष्ठ १५

टेकबहादुर गुरुङ बैठकमा सहभागी हुन नपाई निलम्बनमा छन्, निलम्बनमा रहेका लक्ष्मी महतो कोइरीले २१ बैठकमा इमेलमार्फत सूचना दिएका थिए

■ पूर्ण उपस्थित हुनेहरू



■ सूचना दिएर अनुपस्थित



दुर्घटनामा सुदूरपश्चिमका आन्तरिक मामिलामन्त्रीसहित तीनजनाको निधन



गत ६ जेठमा आन्तरिक मामिला तथा कानुनमन्त्रीको शपथ लिएपछि पहिलोपटक गृहजिल्ला जान लागेका मन्त्री पृथ्वीबहादुर सिंहले घर नपुग्दै ज्यान गुमाए

धनगढीबाट **तेजराज भट्ट**

बझाङमा भएको गाडी दुर्घटनामा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहसहित तीनजनाको निधन भएको छ । मंगलबार भएको दुर्घटनामा मन्त्री सिंह, उनकी पत्नी अमृता र भाउजू जयादेवी सिंहको निधन भएको हो । दुईजना गम्भीर घाइते भएका छन् ।

डडेल्धुराबाट गृहजिल्ला बझाङको चैनपुर जाँदै गरेको मन्त्रीसवार सुदूरपश्चिम प्रदेश ००१ झ ४८० नम्बरको गाडी जयपृथ्वी राजमार्गअन्तर्गत केरास्युँ गाउँपालिका- १ झारछडामा दिउँसो पौने २ बजेतिर दुर्घटनामा परेको हो । गाडी सडकबाट करिब ५० मिटर तल कालङा नदीको किनारमा खसेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

» पृष्ठ १५ मा क्रमशः

देशभर ११ लाखभन्दा बढी बालश्रमिक

तराईमा ड्रपआउटको समस्या बढ्दै, व्यावहारिक शिक्षाका नाममा लगाइने श्रमको सीमा तोक्न माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

बालश्रमलाई कानुनतः निषेध गरिए पनि देशभर बालश्रमिकको संख्या घट्न सकेको छैन । केन्द्रीय तथ्यांक विभागका अनुसार देशकै राजधानी तथा मुख्य सहरमा १४ वर्षभन्दा मुनिका बालश्रमिकको संख्या ठूलो छ । विभागले सन् २०२१ मा गरेको अध्ययन (अनुसार ११ लाख (१५.३ प्रतिशत) बालश्रमिक छन् । यो १७ वर्षभन्दा मुनिका बालश्रमिकको तथ्यांक हो । यसमध्ये झन्डै एक लाख श्रमिक काठमाडौं उपत्यकाभित्र कुनै न कुनै श्रम शोषणमा परेको तथ्यांकमा उल्लेख छ ।

विभागका अनुसार ११ लाखमध्ये दुई लाख २२ हजार बालबालिका देशभर जोखिमपूर्ण क्षेत्रमा काम गरिरहेका छन् । अझ मधेस र सुदूरपश्चिम प्रदेशमा बालश्रमिकको संख्या अधिक छ । दुई प्रदेशमा झन्डै पाँच लाख बालबालिका श्रमशोषणमा परेको तथ्यांक छ । यो क्षेत्रमा विद्यालयबाट ड्रपआउट हुनेको संख्या पनि बढेको छ । बालबालिका बालश्रममा लाग्नुको मुख्य कारण पारिवारिक

» पृष्ठ १५ मा क्रमशः





● **गुरु सुवेदी**, बाल अधिकारकर्मी

कानुन छ, कार्यान्वयन छैन

अहिले बालश्रमिक राख्नुहुन्न भन्ने कानुन त बनेको छ, तर कार्यान्वयन छैन । विभिन्न नाममा बालबालिका श्रममा लाग्न बाध्य हुने गरेका छन्, कसैले जानीजानी बालश्रमिक राखिरहेका छन् । सरकारी संरचनाले बालश्रमविरुद्ध प्रभावकारी काम नगर्दा पढ्ने-लेख्ने उमेरमा बालश्रमिक हुन बाध्य हुनुपरेको हो ।



४६५ निजी विद्यालयले छात्रवृत्ति विवरण बुझाए

काठमाडौं / काठमाडौं महानगरभित्रका पाँच सय चारमध्ये चार सय ६५ निजी विद्यालयले छात्रवृत्ति विवरण बुझाएका छन् । महानगरका अनुसार यसअघि विद्यालयहरूले विवरण नबुझाउँदा लक्षितवर्गका विद्यार्थीले कानुनले तोकेको छात्रवृत्तिसम्बन्धी सुविधा प्राप्त गरे-नगरेको भन्न कठिन थियो । विवरणअनुसार १३ हजारभन्दा बढी विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन् ।

महानगरपालिकाका मेयर बालेन्द्र साहका अनुसार प्राप्त विवरणमाथि निरीक्षण गरी थप जानकारी सार्वजनिक गरिनेछ । मेयर साहले भनेका छन्- हालसम्म विवरण नपठाएका विद्यालयलाई एक लाख रुपैयाँसम्म जरिवाना तिराएर थप एकपटक विवरण बुझाउने मौका दिइनेछ ।

मंगलबार उपत्यकामा

चन्द्रागिरि : चन्द्रागिरि नपा-२, देउराली भञ्ज्याङबाट अवैध लागुऔषध गाँजासहित मकवानपुर थाहा नपा-६ का २३ वर्षीय निमा स्याङ्तान र धादिङ थाक्रे गापा-७ का २४ वर्षीय बिरे तामाङलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले धादिङको धुनीबँसीबाट काठमाडौंतर्फ आउँदै गरेको बा.९१प ४५९ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई पक्राउ गरेको हो ।

बोधिग्राम : ललितपुर मानपा-१५, बोधिग्रामबाट अवैध लागुऔषध गाँजा, पोल्यान्ड र चरेससहित गोरखा थालाजुङ गापाका ४० वर्षीया शान्ति रानामगरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीवृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

कलंकी : कलंकी बस्ने कान्छीमाया तामाङको टहरामा जुवातास खेलिरहेको अवस्थामा झापाका ४० वर्षीय ओमनाथ गिरीसहित ६ जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा प्रहरीवृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई एक लाख नौ सय रुपैयाँ र ६ बुक तासहित फेला पारी पक्राउ गरेको हो ।

धोबीखोला जग्गा अनियमितता प्रकरण

वडाध्यक्षमाथि कारबाही गर्न स्थानीयको माग

नयाँ पत्रिका

नक्कली गुठियार र मोही खडा गरी धोबीखोलाको जग्गा व्यक्तिको नाममा दिन सिफारिस गर्ने काठमाडौं महानगरपालिका- २९ का वडाध्यक्ष कुश ढकाललाई निलम्बन गरी अनुसन्धान गर्न सामाजिक विकास समाजले माग गरेको छ । मंगलबार पत्रकार सम्मेलन गरी समाजले ढकाललाई निलम्बन गर्न माग गरेको हो । समाजमा अनामनगरका स्थानीय सहभागी छन् ।

समाजले घटनाको सत्यतथ्य छानबिन गरी आवश्यक कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय, सिआइबी, काठमाडौं महानगरपालिकाको ध्यानाकर्षण गराएको हो । समाजका अध्यक्ष ओमप्रसाद उप्रेतीले नक्कली गुठियार र मोही खडा गरी धोबीखोलाको जग्गा व्यक्तिको नाममा वितरण गर्न सिफारिस गर्ने वडाध्यक्षविरुद्ध तत्काल अनुसन्धान हुनुपर्ने बताए । 'म ०४६ देखि अनामनगरमा बस्दै आएको छु । यहाँको जग्गामाथि पहिले धोबीखोला बग्थ्यो । बाटो मोडेर अहिले धोबीखोला अर्कै ठाउँमा बग्छ । तर, यही जग्गामा नक्कली गुठियार र मोही खडा गरी व्यक्तिको नाममा वितरण गर्न सिफासिर गरियो । यो सरासर गलत हो । घटनामा संलग्न वडाध्यक्षविरुद्ध कारबाही हुनुपर्छ,' उनले भने ।

नक्कली गुठियार र मोही खडा गरी धोबीखोलाको जग्गा व्यक्तिको नाममा दिन सिफारिस गरेको विषयमा नयाँ पत्रिकाले शनिबार समाचार प्रकाशन गरेको थियो । प्राप्त विवरणअनुसार ढकालले ११ माघ ०७७ मा काठमाडौं- २९ अनामनगरस्थित १० रोपनी १२ आना दुई पैसा एकदाम जग्गा केदारेश्वर महादेव गुठीको नाममा नामसारी गरी व्यक्तिलाई दिन सिफारिस गरेका थिए । यसका लागि उनले एकजना नक्कली भोगचलनकर्ता (गुठियार) र १८ जना मोही खडा गरेका थिए । सोही आधारमा उनले धनीपुर्जा दिन गुठी संस्थानलाई सिफारिस गरेका थिए । चलनचल्तीको मूल्यअनुसार उक्त जग्गाको मूल्य एक अर्ब ७६ करोड पर्छ ।

समाजका महासचिव रक्षाबहादुर रैका मगरले नक्कली गुठियार र मोही खडा गरी सरकारी जग्गा व्यक्तिलाई वितरण गर्दा आर्थिक चलखेल भएको दाबी गरे । 'सरकारी जग्गामा नक्कली गुठियार खडा गरियो । मोही पनि नक्कली खडा गरियो । र, व्यक्तिलाई वितरण गर्न सिफारिस भयो । वडाध्यक्षले दिउँसै रात पार्ने काम गरे । यो धन्दामा ठूलो रकमको चलखेल भएको हामीले सूचना पाएका छौं,' उनले भने ।

प्राप्त विवरणअनुसार वडाध्यक्ष ढकालले कित्ता नम्बर १, २०, २, २२, ११, ७०, ५, ९, १०, ३८, ४२, ६८, २४२, २४३, २०५, २०६, १८७ र १७७ को जग्गा व्यक्तिको नाममा धनीपुर्जा जारी गर्न त्रिपुरेश्वरस्थित कालमोचन गुठी शाखा कार्यालयलाई पत्र लेखेका थिए । गुठीलाई लेखिएको च.नं. १७९७ नम्बरको पत्रअनुसार उक्त जग्गामा ०३८ सालदेखि नै सम्बन्धित व्यक्ति बसोवास गर्दै आएको, उनीहरूले विद्युत् प्राधिकरणलाई बिल तिरेको र निर्वाचन आयोगको मतदाता सूचीमा समेत उनीहरूको नामावली रहेको हुँदा धनीपुर्जा बनाइदिन उल्लेख छ ।

काठमाडौं महानगरपालिकाको लेटरहेडमा ढकालको हस्ताक्षरितपत्रमा भनिएको छ, 'गुठी तैनाथी जग्गामा घरटहरा बनाई भोगचलन गर्दै आएकोमा मोही कायम गरिदिने भन्ने कानुनी व्यवस्था भएको र ०४६७ चैत २६ गते पहिलेदेखि गुठी तैनाथी जग्गामा आफ्नो पुँजी लगाई घर बनाई बसी भोग गरिरहेकोमा लालपुर्जा दिनेसम्मको कुराको कानुनी व्यवस्था भएको हुँदा उक्त जग्गा केदारेश्वर महादेव गुठीको नाममा चौतारिया फत्तेजंगपराक्रम शाहको मौजाअन्तर्गत रहेकाले निजको नाममा जग्गा धनीपुर्जा बनाइदिन हुन विनम्र अनुरोधका साथ सिफारिस गर्दछु ।' पत्रमा उल्लेख भएअनुसार उनले भीमबहादुर खड्का, रामबहादुर तोम, पृथ्वीराम पौडेल, विष्णुप्रसाद खतिवडा, भूमिनन्द अधिकारी, कृष्ण गुरुङ, बालिका थापा, रञ्जन भण्डारी, विद्या कोइराला, हीरामाया मोक्तान, वादुलाल तामाङ, कृष्णबहादुर गुरुङ, गणबहादुर तोम, मानबहादुर गुरुङ, सोमबहादुर खड्का, प्रेमबहादुर लामा, कृष्णबहादुर खत्री र कैलाश श्रेष्ठलाई नक्कली मोही बनाएका छन् । चौतारिया फत्तेजंगपराक्रम शाहलाई जग्गाको नक्कली भोगचलनकर्ता (मौजा) बनाएका छन् ।

गोदावरीका नगरप्रमुख महर्जनविरुद्ध अख्तियारमा उजुरी

ललितपुर / दुई सय ५० रोपनी सार्वजनिक जग्गा हिनामिनामा संलग्न भएको भन्दै गोदावरी नगरपालिका प्रमुख गजेन्द्र महर्जनविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । महर्जनले पदको दुरुपयोग गरेर आर्थिक लाभ हासिल गरी सार्वजनिक जग्गा नेपाल आर्ट भिलेजलाई व्यापारिक प्रयोजनका लागि दिएको उजुरीमा उल्लेख छ ।

'संस्थालाई व्यावसायिक प्रयोजनका लागि लिजमा दिएको भनिए पनि नगर परिषद्, बोर्डले पारित गरेको देखिँदैन । संस्थासँग नगरले जग्गा दिन कुनै सम्झौतासमेत गरेको देखिँदैन । अहिले सार्वजनिक जग्गामा संस्थाले गोरेटो बनाउने, सम्याउने, संरचना बनाउने, सडक खन्नेलगायतको काम गरिरहेको छ,' उजुरीकर्ता गोदावरी नागरिक सरोकार समूहले भनेको छ । स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने दायित्व भएको र सार्वजनिक सम्पत्ति लिजमा दिन केन्द्रीय सरकारको स्वीकृति लिनुपर्ने प्रावधान छ । तर, सो संस्थाले उक्त डाँडामा ६४ फिट अग्लो भैरवको मुकुट स्थापना गर्ने जनाएको छ । हस्तकलाको प्रदर्शनस्थल, भ्युटावर, रेस्टुराँ राख्ने योजनासमेत संस्थाको छ । आवासीय र औद्योगिक क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको संस्थालाई सार्वजनिक जग्गा दिई नगरप्रमुख महर्जनले अनियमितता र भ्रष्टाचार गरेकाले उनीमाथि सूक्ष्म ढंगले अनुसन्धान गरी कारबाही गर्न उजुरीमा उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले सार्वजनिक सम्पत्ति र जग्गाको संरक्षण गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत-सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्कलगायत अन्य संरचनाको पालिकाले संरक्षण गर्नुपर्ने ऐनमा उल्लेख छ ।

बलान विहुल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मल्हनियाँ, सप्तरी
मधेश प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०/०३/०६

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि मिति २०८०/०१/२६ को E-GP System (bolpatra.gov.np/egp) मार्फत् RFP पठाए बमोजिम पेश हुन आएको प्राविधिक र आर्थिक प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव खोली मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रहरु छनौट भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ प्रयोजनको लागि मिति २०८०/०३/१३ गते दिनको ठिक २.०० बजे यस कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने हुँदा उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

S.N.	Contract No.	Project Name	बोलपत्रदाताको नाम, ठेगाना
1.	BBRM/DBP/ RFP/Consultant/ 02/20/79/080	Development of Software and Providing Training for Digital Balan Bihul Project	1.CEMC-SMART JV Vishuwa, Birjung. 2. Spiral Grid Solution Pvt. Ltd Bhimsengola-34 Baneshwor. 3.Softech Foundation Pvt. Ltd. Mid-Baneshwor.

अमरेन्द्र कुसियैत
प्रमुख प्रशासकीय अधिकृत

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: वितामोड, झापा
फोन नं.: ०२३-५३५०३१

को

शाखा कार्यालय: दमक, झापा
फोन: ०२३-५७०५६१०

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०३/०५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७५ (पन्ध्र) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: वितामोड, झापा

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६९/०३/१४ मा प्रा.फ.र.नं. ६६५/३२७७ कायम भई दर्ता भएको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ३, स्थित **ज्योती ट्रेडर्स, प्रोप्राइटर : ज्योती कुमारी देव**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गणेशी लाल देवको बुहारी, चिरन्जीवि प्रसाद देवको पत्नी, सप्तरी जिल्ला, विषहरिया गा.वि.स./न.पा.वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **ज्योती कुमारी देव (ना.प्र.प.नं. १०५, सप्तरी)**

२. कुसुम लाल देवको नाति, गणेशी लाल देवको छोरा, सप्तरी जिल्ला, विषहरिया गा.वि.स./न.पा.वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **चिरन्जीवि प्रसाद देव (ना.प्र.प.नं. १६२१३०३९, सप्तरी)**

धितोमा रहेको सम्पतिको विवरण

ज्योती कुमारी देवको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ७ स्थित किता नं. १५ को क्षेत्रफल ३६५.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय: दमक, झापा

ऋणीको विवरण

बासुदेव पौडेलको नाति, युवराज पौडेलको छोरा, झापा जिल्ला, जुरोपानी गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **केशब पौडेल (ना.प्र.प.नं.: ४२३१२३१७, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. युवराज पौडेलको बुहारी, केशव पौडेलको पत्नी, झापा जिल्ला, धैलाडुब्बा गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **हेमन्ता देवी पौडेल घिमिरे (ना.प्र.प.नं.: ३२३५११५१, झापा)**

२. युवराज पौडेलको नाति, केशव पौडेलको छोरा, झापा जिल्ला, जुरोपानी गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **निर्मल पौडेल (ना.प्र.प.नं.: ०४२०४७/१५७८, झापा)**

धितोमा रहेको सम्पतिको विवरण

साबिक कैलाश विकास बैंक लिमिटेड हाल यस बैंकको नाममा यातायात व्यवस्था कार्यालय बाग्मतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:

सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
Avventura 1.3 Emotion (2016)	0651057	MCA11856G07073190JGZ	बा. १७ च २६८९

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०३/०६ गते बुधवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२० गते बुधवार कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२१ गते बिहीवार दिउँसो ४:०० बजे सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

Nepal Mountaineering Association
NMA

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८०/०३/०६

यस नेपाल पर्वतारोहण संघबाट मिति २०८० बैशाख ०१ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामार्फत संघको केन्द्रीय सचिवालय नागपोखरी, नक्साल काठमाण्डौमा इन्टेरियर कार्यका लागि प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुमध्ये तल उल्लेखित बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७.२ तथा संघको आर्थिक प्रशासन नियमावली, २०७६ को नियम १५ को उपनियम १.६ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि. नं.	सिलबन्दी बोलपत्र नं.	छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (भ्याटसहित)	छुट रकम (%)
१.	NMA/NCB/W/02/079/80	M/S Model Construction Pvt. Ltd. Amrit Marg, Thamel, Kathmandu, Nepal	रु. २,४६२,३४४/३३	१८%

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय बनेपा-८, काभ्रेपलाञ्चोक, फोन नं : ०११-६६००३४

कर्मचारी आवश्यकता

प्रकाशित मिति २०८०/०३/०६ (21st June 2023)

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको सहायक कम्पनिको रुपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको एक प्रतिष्ठित लघुवित्त वित्तीय संस्था हो । लघुवित्त क्षेत्रमा सबैभन्दा बढी शाखा सञ्जाल विस्तार गरी देशभरि ७४ जिल्लामा २८७ शाखा कार्यालयहरू मार्फत आफ्नो लघुवित्त कार्यक्रम सञ्चालन गरी वित्तीय पहुँच नभएको ग्रामीण क्षेत्रमा शाखाहरू सञ्चालन गरी वित्तीय सेवा सुविधा उपलब्ध गराउन महत्वपुर्ण योगदान गरीरहेको छ । यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, प्रदेश, उप-प्रदेश तथा शाखा कार्यालयहरुको लागि देहाय बमोजिमका पदहरूमा कर्मचारीहरू आवश्यक भई खुल्ला प्रतिस्पर्धा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ठेगानामा आईपुग्ने गरी दरखास्त आव्हान गरिन्छ ।

क्र.स.	विज्ञापन नं.	पद	श्रेणी/विभाग	संख्या	आवश्यक न्यूनतम योग्यता
१	४५/२०७९/०८०	**सहायक प्रबन्धक**	विभागीय प्रमुख	३	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको तथा सहायक प्रबन्धक तहमा १ देखि ३ वर्षको कार्य अनुभव भएको तथा विभागीय प्रमुखको रुपमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको ।
२	४६/२०७९/०८०	**सहायक प्रबन्धक**	प्रदेश प्रमुख	४	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ४ वर्षको कार्य अनुभव भएको तथा अधिकृत तहमा १ देखि ३ वर्षको र क्षेत्रीय प्रबन्धक (Area Manager), अनुगमन अधिकृत वा प्रदेश प्रमुखको रुपमा कम्तिमा १ वर्षको कार्य अनुभव भएको ।
३	४७/२०७९/०८०	**बरिष्ठ अधिकृत/अधिकृत**	उपप्रदेश प्रमुख	१०	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको र अनुगमन अधिकृत, उपप्रदेश प्रमुख, क्लस्टर प्रमुख वा उपक्षेत्रीय प्रमुख भई कम्तिमा १ वर्षको कार्य अनुभव भएको ।
४	४८/२०७९/०८०	**बरिष्ठ अधिकृत/अधिकृत**	अनुगमन अधिकृत	८	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तिर्ण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको र अनुगमन अधिकृत, उपप्रदेश प्रमुख, क्लस्टर प्रमुख वा उपक्षेत्रीय प्रमुख भई कम्तिमा १ वर्षको कार्य अनुभव भएको ।
५	४९/२०७९/०८०	**सुपरभाइजर/बरिष्ठ सहायक/सहायक**	शाखा प्रमुख	३०	मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह उत्तिण गरी लघुवित्त वा सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्ष तथा शाखा प्रमुख भई कम्तिमा १ वर्ष कार्य गरेको ।
६	५०/२०७९/०८०	**प्रशिक्षार्थी सहायक**	फिल्ड सहायक	१००	मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र तह (१०+२) उत्तिर्ण गरेको ।

उमेरको हद : सुपरभाइजर/बरिष्ठ सहायक/सहायक/प्रशिक्षार्थी सहायकको हकमा आवेदन दिने मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अधिकृत तथा सहायक प्रबन्धकको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

परीक्षाको किसिम : प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्धीहरूलाई अन्तरवार्ताको माध्यमबाट अन्तिम छनौट गरिनेछ ।

शाखा प्रमुख तथा प्रशिक्षार्थी सहायकको हकमा सवारी चालक अनुमति पत्र (मोटरसाइकल/स्कुटर) भएका तथा स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ ।

नोट : रितपूर्वक प्राप्त दरखास्तहरू मध्येबाट छनौट सूचीमा (Short List) मा परेका उम्मेदवारलाई मात्र छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ । शाखा भएका स्थानहरूमा प्राथमिकताको आधारमा घर पायक पर्ने गरि Placement गरिने छ । कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार तथा निर्णय वित्तीय संस्थामा निहित रहनेछ ।

आवेदकहरूले आवेदनमा आफुले काम गर्न चाहेको पद, उमेर, अनुभव, पायक पर्ने शाखा, सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यता, आफुलाई राम्रोसँग चिन्ने कुनै दुई जना व्यक्ति (Reference Person) को नाम/सम्पर्क नम्बर तथा इमेल ठेगाना लगायतका विवरणहरू उल्लेख गरिएको Bio Data संलग्न गर्नु पर्नेछ ।

आवेदन दिने अन्तिम मिति : २०८०/०३/२० (तदनुसार 5th July, 2023)
आवेदन दिनका लागि यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्थाको वेभसाईट http://www.nicasialaghubitta.com/careers बाट आवेदन दिन सकिनेछ ।

Corporate Office: Banepa-8, Kavre, Phone : 011-660034
www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

■ बजेट नहुँदा शिक्षा मन्त्रालयको योजना शाखामा थन्किए ६ सय फाइल

स्कुलमै गार्डेनदेखि स्विमिङ पुल निर्माणसम्मको माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभरका अधिकांश सामुदायिक विद्यालयसहित ६ सय शैक्षिक संस्थाले स्कुल प्रांगणमै गार्डेनदेखि स्विमिङ पुलसम्म निर्माणको माग गरेका छन् । उनीहरूले पठनपाठनका लागि चाहिने विद्यालय भवनको अतिरिक्त सुविधासम्पन्न क्यान्टिन, गार्डेन, स्विमिङ पुल, पुस्तकालय, व्यायामशाला, विद्यालय जाने बाटो पिच, कम्पाउन्डमा तारबार, आइसिटी ल्याब, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि अतिरिक्त भवन निर्माणका लागि शिक्षा मन्त्रालयमा माग फाइल पेस गरेका हुन् ।

विद्यालयका प्रधानाध्यापक, शैक्षिक संस्थाका प्रमुख र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नै आएर मन्त्रालयको योजना तथा बजेट शाखामा माग फाइल बुझाएका छन् । तर, मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन नगरी बजेट दिन नसकिने भन्दै मन्त्रालयले सबै फाइल रोकेर राखेको छ । कतिपय विद्यालयले पठनपाठनका निम्ति विद्यालय भवन भएको र त्यसबाहेक अन्य क्रियाकलापका निम्ति संरचना नभएको भन्दै सरकारको यो वर्षको बजेटमा समेट्न माग राख्दै गत चैतदेखि नै माग फाइल पठाएका हुन् । तर, सरकारले यो वर्ष अतिरिक्त भवन निर्माणका लागि बजेट विनियोजन नगरेपछि शिक्षा मन्त्रालयको योजना तथा बजेट शाखाका फाइल अड्किएका छन् । यो वर्ष सरकारले विगतका वर्षहरूमा झैं अतिरिक्त शैक्षिक संरचना निर्माणका लागि बजेट विनियोजन गरेको छैन । राष्ट्रपति शैक्षिक सुधारका लागि एक अर्ब बजेट विनियोजन भएको छ । मागफारामसहितको निवेदन अत्यधिक परे पनि कुनै पनि सुनुवाइ गर्न नसकिने योजना तथा बजेट शाखाले जनाएको छ ।

'विद्यालयहरूले पठनपाठनका लागि भवन हुँदाहुँदै अतिरिक्त भवन तथा संरचना निर्माणको सुविधा खोज्दै प्रतिवेदन बुझाएका थिए, तर कसैको माग पनि यसपटक सुनुवाइ हुँदैन,' योजना तथा बजेट शाखाका प्रमुख घनश्याम अर्यालले भने, 'यहाँ आएका बजेटममध्ये तीन सय फाइल सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाएका छौं, यो वर्ष कुनै पनि विद्यालय तथा शैक्षिक संस्थाको माग सुनुवाइ हुँदैन ।' उनका अनुसार विद्यालयको शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक भवन हुँदाहुँदै अतिरिक्त भवन तथा संरचना निर्माणका लागि मागेजति बजेट दिन सकिने अवस्था छैन । तर, कतिपय विद्यालय तथा शैक्षिक संस्थाको भवन भने धराशायी अवस्थामा रहेकाले त्यस्तालाई समेट्न कठिन भइरहेको अर्यालले बताए । उनले विद्यालय भवन निर्माणका लागि बजेट विनियोजन नभएकाले माग फाइलहरू थन्क्याउनुको विकल्प नरहेको जानकारी दिए ।



शिक्षा मन्त्रालयको योजना तथा बजेट शाखामा बजेट तथा कार्यक्रम माग गर्दै सामुदायिक विद्यालय तथा शैक्षिक संस्थाहरूले पठाएका फाइलका चाङ ।



■ घनश्याम अर्याल, प्रमुख, योजना तथा बजेट शाखा, शिक्षा मन्त्रालय

'विद्यालयहरूले पठनपाठनका लागि भवन हुँदाहुँदै अतिरिक्त भवन तथा संरचना निर्माणको सुविधा खोज्दै प्रतिवेदन बुझाएका थिए, तर कसैको माग पनि यसपटक सुनुवाइ हुँदैन । यहाँ आएका बजेटममध्ये तीन सय फाइल सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाएका छौं, यो वर्ष कुनै पनि विद्यालय तथा शैक्षिक संस्थाको माग सुनुवाइ हुँदैन ।

■ संरचना निर्माणका लागि ६ अर्ब माग, तर अर्थले दिएन बजेट

बजेट निर्माणका क्रममा योजना तथा बजेट शाखाले ६ अर्ब बजेट माग गर्दै अर्थ मन्त्रालयमा निवेदन पेस गरेको थियो । तर, सोहीअनुसार यो वर्ष सामुदायिक विद्यालय तथा शैक्षिक संस्था निर्माणका लागि बजेट विनियोजन भएन । चिकित्सा शिक्षा क्षेत्रमा भने संरचना निर्माणका लागि सरकारले ६ अर्ब बजेट विनियोजन गरेको छ । सरकारले आर्थिक वर्ष ०८०/८१ को बजेट भाषणका क्रममा सामुदायिक विद्यालयलाई मर्ज गर्ने योजना सार्दै समग्र शिक्षा क्षेत्रका लागि एक खर्ब ९७ अर्ब २९ करोड बजेट विनियोजन गरेको छ । यो बजेट विगतका वर्षहरूमा भन्दा धेरै मानिए पनि यस वर्ष शैक्षिक गुणस्तर सुधारमा धेरै बजेट विनियोजन भएको छ ।

■ चार हजार कक्षाकोठा अझै अपुग

योजना तथा बजेट शाखाका अनुसार देशभरका सामुदायिक विद्यालयका लागि अझै २८ हजार कक्षाकोठाको अभाव छ । सबैभन्दा बढी विद्यार्थी हुने सामुदायिक विद्यालयहरूले भवन निर्माणको बजेट माग गरे पनि बजेट नै नभएपछि उपलब्ध गराउन सकिएको छैन । देशका धेरै विद्यालयको क्षैक्षिक संरचना अझै समस्याग्रस्त छ, त्यसकारण हामीकहाँ बजेटको माग हुनु स्वाभाविक हो,' अर्यालले भने । उनका अनुसार केन्द्र सरकारले दिएको देशका सबै स्थानीय तहको बजेट १३५ अर्ब छ । सामुदायिक विद्यालयहरू स्थानीय तहअन्तर्गत रहेकाले शैक्षिक संरचना र शैक्षिक गुणस्तरका निम्ति स्थानीय तह पनि जिम्मेवार हुनुपर्ने मन्त्रालयले जनाएको छ । शाखा प्रमुख अर्यालले २८ हजार कक्षाकोठा निर्माणका लागि स्थानीय तहले दिएको बजेट नपुग्ने भन्दै शैक्षिक संस्था केन्द्र सरकारसम्म आएका हुन् । तर, यो वर्ष कुनै पनि शैक्षिक संस्थालाई भौतिक संरचना निर्माणका लागि छुट्टै बजेट दिने मन्त्रालयको योजना छैन ।



यो वर्ष सरकारले शैक्षिक संरचना निर्माण तथा व्यवस्थापनका लागि अतिरिक्त बजेटको व्यवस्था नगरेकाले राष्ट्रपति सुधार कार्यक्रमकै बजेटले व्यवस्थापन गर्ने बजेट तथा योजना शाखाको तयारी छ । 'यो वर्ष त्यसरी भवन तथा विद्यालय पूर्वाधारका लागि भनेर बजेट छैन,' शाखाप्रमुख अर्यालले भने, 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमकै बजेटलाई अत्यावश्यक हेरेर छुट्याउँछौं ।'

■ के-के कार्यक्रमका लागि कुन-कुनले कति माग गरे बजेट ?

भौतिक संरचनाका लागि बजेट तथा कार्यक्रम माग गर्ने अधिकांश शैक्षिक संस्था उपत्यकाबाहिरका छन् । सिटिइभिटी कर्णाली प्रदेशले संरचना स्थानान्तरण गर्न मन्त्रालयसँग एक करोड रुपैयाँ माग गर्दै योजना शाखामा प्रतिवेदन पेस गरेको छ । कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशका हिमाली जिल्लाका लागि आवासीय विद्यालय निर्माणका लागि दुई करोडभन्दा धेरै बजेट माग गरेको छ । नेपालगन्ज कन्या माध्यमिक विद्यालय नेपालगन्जले गार्डेनसहित विद्यालयको थप भवन निर्माणका लागि आर्थिक वर्ष ०८०/८१ मा ३५ लाख रुपैयाँ माग गर्दै फाइल बुझाएको थियो । सिराहाको लक्ष्मण मण्डल जनता प्राविधिक माध्यमिक विद्यालयले काठेभवन निर्माणका लागि सात लाख, शिक्षा विकास तथा समन्वय एकाइ इलामद्वारा शैक्षिक भवन थपका लागि कार्यक्रम माग, डिहवार राष्ट्रिय प्राथमिक विद्यालय बेल्हा सप्तरीद्वारा खानेपानी र दाङको तुल्सीपुर उपमहानगरपालिका- ३ मा दमारगाउँ चर्चले भवन निर्माणका लागि पाँच लाख माग गरेका छन् ।

त्यस्तै, बाल प्राविधिक विद्यालय कुमालगाउँ तुल्सीपुरले विद्यालय भवन निर्माण, विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति पोखराले भवन निर्माणमा पाँच लाख, जयजनता माध्यमिक विद्यालय नयाँबस्ती बाँकेले स्विमिङ पोखरी तथा विद्यालय संरचना निर्माण, जनता आधारभूत विद्यालय दाङले विद्यालयवरपर तारबार लगाउन, माध्यमिक विद्यालय अश्वराले भवन निर्माणका लागि आठ लाख, नेपाल राष्ट्रिय आधारभूत विद्यालय बाँकेले भौतिक संरचना निर्माण, सिर्जनशील आधारभूत विद्यालय दाङले भवन व्यवस्थानका लागि ३० लाख, माध्यमिक विद्यालय बालापुरले तारबार तथा लाइब्रेरी सञ्चालन गर्न, नरैनापुर गाउँपालिका- ३ बाँकेले शैक्षिक संरचना निर्माणका लागि डेढ करोड माग गरेका छन् । सामुदायिक विद्यालय तथा शैक्षिक क्रियाकलापका लागि विभिन्न ६ सयभन्दा बढी संस्थाले बजेट तथा योजना माग गर्दै शिक्षा मन्त्रालयमा प्रतिवेदन पेस गरेका छन् । तर, यो वर्ष सहयोगसम्बन्धी फाइल थन्क्याउनुको विकल्प नभएको योजना तथा बजेट शाखाले जनाएको छ ।

पछिल्ला समय बजेट तथा योजना माग्दै सचिव, जनप्रनिनिधि, सहसचिवको हस्ताक्षरसहित विद्यालय तथा शैक्षिक संस्थाको फाइल मन्त्रालयमा पेस भएका थिए । बजेट नहुँदानहुँदै पनि दबाब आएपछि योजना शाखाले तीन सय फाइल सानोठिमीस्थित साबिक शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा फाइल पठाएको छ । केन्द्रसँग पनि बजेट नहुँदा फाइल कहिले योजना शाखा र कहिले केन्द्रमा घुमिरहेको योजना शाखाले जनाएको छ ।

■ कर फर्स्योट आयोगमा अर्बौं भ्रष्टाचार

तीनै प्रतिवादीलाई नौ वर्ष कैद, ६ अर्ब रुपैयाँ बिगो कायम



चूडामणि शर्मा



लुम्बध्वज महत



उमेशप्रसाद ढकाल

शिल्पा कर्ण/नयाँ पत्रिका

कर फर्स्योट आयोगमा अरबौं रकमको भ्रष्टाचार भएको ठहर गर्दै विशेष अदालतले सजाय निर्धारण गर्दै ६ अर्ब रुपैयाँभन्दा बढी बिगो भराउने फैसला गरेको छ । साथै तीनैजना प्रतिवादीहरूलाई न्यूनतम नौ वर्ष कैद हुने फैसला सुनाइएको छ ।

विशेषले तत्कालीन कर फर्स्योट आयोगका अध्यक्ष रहेका लुम्बध्वज महत तथा सदस्यहरू सुरेश ढकाल र चूडामणि शर्मालाई सजाय सुनाएको हो । 'प्रतिवादीहरू लुम्बध्वज महतलाई नौ वर्ष र एक महिना कैद सजाय सुनाइएको छ । उहाँ अध्यक्ष भएकाले थप एक महिना कैद भएको हो,' विशेषका प्रवक्ता दीपेन्द्रनाथ योगीले भने । साथै, उक्त आयोगका सदस्यहरू सुरेश ढकाल र चूडामणि शर्मालाई पनि जनही नौ-नौ वर्ष कैद भएको छ । विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले १८ जेठमै यस्तो फैसला गरे पनि मंगलबार सजाय निर्धारण गरिएको हो ।

विशेषका अनुसार जम्मा बिगो ६ अर्ब १५ करोड ७० लाख रुपैयाँ निर्धारण भएकोमा तीनैजनाले दामासाहीले दुई अर्ब पाँच करोड २३ लाख रुपैयाँभन्दा बढी बिगो भराउने फैसला भएको छ । यसैगरी, प्रतिव्यक्ति तोकिएको बिगो रकमको दोब्बर जरिवाना तिराउने फैसला विशेषले गरेको छ ।

उनीहरूलाई भ्रष्टाचार निवारण ऐनको दफा ७ अनुसार सजाय भएको हो । उक्त दफामा राजस्व उठाउनुपर्ने कर्तव्य भएको राष्ट्रसेवकले राजस्व चुहावट गरेमा वा राजस्व चुहावट गर्न कसैलाई मद्दत गरेमा राजस्व रकमको दोब्बर जरिवाना हुने उल्लेख छ । जसअनुसार तीनैजना प्रतिवादीले बिगो रकमका साथै जनही चार अर्ब १० करोड रुपैयाँभन्दा बढी जरिवाना तिर्नुपर्नेछ ।

आन्तरिक राजस्व विभागका पूर्वमहानिर्देशक तथा कर फर्स्योट आयोगका सदस्य चूडामणि शर्मा ढकालमाथि अख्तियारले विभिन्न मितिमा तीनवटा भ्रष्टाचार मुद्दा दायर गरेकोमा दुईवटामा ठहर भएको थियो । गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा भने उनलाई विशेषले सफाइ दिएको थियो ।

ठहर भएका दुई मुद्दामा शर्माका साथै कर फर्स्योट आयोगका अध्यक्ष लुम्बध्वज महत र सदस्य उमेशप्रसाद ढकाल पनि भ्रष्टाचारी ठहर भएका थिए । आयोगको अध्यक्ष रहँदा महतले र सदस्यहरू शर्मा र ढकालले भ्रष्टाचार गरेको भनी अख्तियारले छुट्टाछुट्टै मितिमा दुईवटा राजस्व चुहावटको मुद्दा दायर गरेको थियो । अख्तियारले १ साउन ०७४ मा पहिलोपटक मुद्दा दायर गरेको थियो । जसमा अख्तियारकै इतिहासमा सबैभन्दा बढी बिगो कायम भएको थियो । कर फर्स्योट आयोगका अध्यक्ष महतसहित दुवैजना सदस्यमाथि १० अर्ब दुई करोड रुपैयाँभन्दा बढीको बिगो मागदाबी थियो । उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, ०५९ अनुसार ८ देखि १० वर्षसम्म कैदसजाय हुनुपर्ने माग गर्दै मुद्दा दायर भएकोमा कसुर कायम भई सजाय निर्धारण गरिएको हो ।

महतले अध्यक्षता गरेको आयोगबाट कर फर्स्योटका लागि सम्झौता भएका करदातामध्ये केहीलाई बदनियतपूर्वक १० अर्ब दुई करोड रुपैयाँभन्दा बढी कर छुट तथा मिनाहा गरेको भेटिएको थियो । शर्मा र ढकाल आयोगका सदस्य थिए । आयोगलाई दिइएको म्यान्डेटभन्दा बाहिर गई आफूलाई फाइदा हुने गरी करदाताहरूसँग सम्झौता गरेको कारण राज्यलाई आउनुपर्ने राजस्व नउठेको र नोक्सानी भएको दाबी सरकारी वकिलले गरेका थिए ।

मिटरब्याजीपीडितलाई न्याय दिन ल्याएको अध्यादेशविरुद्ध साहुकार

काठमाडौं/ सरकारले मिटरब्याजीपीडितलाई न्याय दिन ल्याएको अध्यादेशविरुद्ध साहुकार आन्दोलनमा उत्रिएका छन् । मधेस प्रदेशका आठवटै जिल्लाबाट साहुकार आन्दोलनका लागि माइतीघर मण्डलामा भेला भएका छन् । उनीहरूले अध्यादेश खारेज हुनुपर्ने माग गरेका छन् ।

अध्यादेशपछि आफूहरूले दिएको ऋण डुब्ने अवस्था आएकाले आन्दोलनमा उत्रिनुपरेको उनीहरूको भनाइ छ । अध्यादेश फिर्ता नभएसम्म आन्दोलन जारी रहने लेनदेन संघर्ष समितिका संयोजक प्रकाश यादवले बताए । 'बैंकले ऋण लगानी गर्न पाउँछ भने हामीले किन नपाउने ? ऋण दिएर हामीले सोझासीधा जनताको समस्या फुकाइदिएका छौं । तर, सरकारले हामीलाई नै कारबाही गर्ने ? ऋण उठेन भने बैंकले पनि त ऋणीको उठीवास लगाउँछ । हामीले त त्यसो गरेका छैनौं । बरु हामीले ऋणीलाई ब्याज मिनाहा गरेका छौं । बैंकले त्यसो गर्न सक्छ ? त्यसैले अध्यादेश खारेज हुनुपर्‍यो । लेनदेन कारोबार सहज पारिनुपर्‍यो,' उनले भने ।

सरकारले गठन गरेको मिटरब्याजसम्बन्धी आयोग साहुकार विपक्षमा रहेको संयोजक यादवले बताए । गृह मन्त्रालयले समेत साहुकारको समस्या बुझ्न रुचि नदेखाएको भन्दै उनले आक्रोश पोखे । 'सिडिओ र प्रहरीले हाम्रो समस्या सुन्दैनन् । उजुरी पर्नासाथ थुनिदे भन्छ । समस्या राख्न गृह मन्त्रालय आयौं । तर, गृहमन्त्रीले पनि हाम्रो समस्या बुझ्न रुचि देखाउनुभएन । संविधानको नजरमा सबै नागरिक बराबर हुन् भने हाम्रो समस्या किन सुनुवाइ हुँदैन ?' उनले प्रश्न गरे ।

सरकारले गत वैशाखमा मिटरब्याजपीडितको समस्या सम्बोधन गर्न आध्यादेश ल्याएको थियो । त्यसअघि गत १४ चैतमा मिटरब्याजलाई अपराध घोषणा गर्ने निर्णय गरेको थियो । सोहीअनुसार कानुन संशोधन गर्ने निर्णय पनि सरकारले गरेको थियो ।

ट्रान्सफर्मर पड्किँदा सरकारी वेबसाइट डाउन

काठमाडौं/ विद्युत्को गडबडीका कारण मंगलबार साँझदेखि सबै सरकारी वेबसाइट डाउन भएका छन् । 'डटजिओभिडटएनपी' डोमेनमा रहेका सम्पूर्ण वेबसाइट मंगलबार राति १२ बजेसम्म खुल्न सकेका छैनन् । सरकारी वेबसाइट डाउन हुँदा त्यसबाट प्रवाह हुने सेवासमेत अवरुद्ध भएको छ ।

सरकारको केन्द्रीय डाटा सेन्टरमा विद्युत् आपूर्ति अवरोध हुँदा वेबसाइटहरू डाउन भएको राष्ट्रिय सूचना प्रविधि केन्द्रका प्रवक्ता रमेश पोखरेलले जानकारी दिए । 'सूचना तथा सञ्चार प्रविधि मन्त्रालय परिसरमा रहेको केन्द्रीय डाटा सेन्टरमा विद्युत् प्रवाह हुने ट्रान्सफर्मर पड्किँदा यस्तो समस्या भएको हो,' उनले भने, 'मंगलबार राति १२ बजेसम्म पनि समस्या समाधान हुन सकेको छैन, यसमा प्राविधिक टोलीले काम गरिरहेको छ ।' अध्यगमनसहित सरकारका 'डटजिओभिडट' सर्बर डाउन भएकाले अध्यागमन म्यानुअल रूपमा चलाइएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रताप तिवारीले जानकारी दिए । 'म्यानुअल्ली काम गर्दा उडानअनुसार अध्यागमन प्रक्रियालाई प्राथमिकतामा राखिएको छ, प्राविधिक टोली समस्याको समाधानमा जुटेको छ,' उनले भने ।

बाढीपहिरोमा हराइरहेका २७ को अवस्था अझै अज्ञात

सडक सञ्जाल नभएकाले बेपत्ताको खोजी गर्न कठिनाइ, मेची राजमार्ग र तमोर करिडोर ठप्प

झापामा चिरञ्जीवी घिमिरे

मनुसनको सुरुवातमै आएको बाढी र पहिरोमा परी शनिबार रातिदेखि हराइरहेका २७ जनाको अवस्था अझै अज्ञात छ । कोसी प्रदेशको संखुवासभा, पाँचथर र ताप्लेजुङबाट हराएका २७ जनालाई हालसम्म फेला पार्न नसकिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

भौगोलिक विकटता र ठूलो बाढीका कारण बेपत्ताको खोजीमा समस्या भएको कोसी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए । बेपत्तामध्ये संखुवासभाका मात्र २१ जना छन् । प्रहरीका अनुसार हेवा खोलास्थित सुपर हेवा खोला जलविद्युत् आयोजनामा कार्यरत १७, अपर हेवा खोला जलविद्युत् आयोजनामा कार्यरत तीनजना स्थानीय अझै बेपत्ता छन् । पाँचथरमा हालसम्म तीनजना बेपत्ता रहेको प्रहरीले जनाएको छ । ताप्लेजुङको सिदिङ्वा- ६ मा एकै परिवारका तीनजना बेपत्ता रहेको प्रहरीले जनाएको छ ।

स्रोतसाधन अभावमा प्रहरीले बेपत्ताको प्रभावकारी रूपमा खोजी गर्नसकेको छैन । कतिपय ठाउँमा सडक सञ्जाल पनि नभएका कारण बेपत्ताको खोजी गर्न नसकिएको प्रवक्ता कँडेलले बताए । 'कतिपय ठाउँमा सडक सञ्जाल छैन । बाढीले ठूलो क्षति पुग्दा खोलाले लेदो ल्याएको छ । अहिले सबै लेदो झिकेर फ्याँक्ने अवस्था पनि छैन,' उनले भने, 'प्रहरीसँग स्रोतसाधन पनि सीमित छ । अहिले खोलामै गएर खोज्ने अवस्था पनि छैन । सोमबारसम्म त टोली उद्धारमै खटियो । अब बेपत्ताको खोजीलाई प्राथमिकतामा राखिएको छ ।'

प्रहरी उपरीक्षक कँडेलले नदीको तल्लो क्षेत्र सुनसरी, धनकुटालगायत क्षेत्रका प्रहरीसँग पनि समन्वय गरेर खोजीको काम भइरहेको बताए । भौगोलिक हिसाबले विकट रहेको पहाडी क्षेत्रमा खोजी गर्न निकै कठिन रहेकाले प्रहरीचौकीले आफ्नो क्षेत्र पर्ने ठाउँमा स्थानीयसँग समन्वय गरिरहेको बताए । 'जोखिम अझै कम भएको छैन । नदीभित्र पसेर खोज्न सक्ने अवस्था छैन,' उनले भने, '२४ घन्टा बितिसकेको अवस्थामा बेपत्तालाई जीवित भेटिने सम्भावना एकदम न्यून छ । तसर्थ, थप क्षति हुन नदिन संवेदनशील भएर बेपत्ताको खोजी गर्दै छौं ।'



मेची राजमार्गअन्तर्गत पाँचथर-ताप्लेजुङ खण्डको हेवा खोलामा बेलिब्रिज निर्माण गरिँदै ।

तस्बिर सौजन्य : जिल्ला प्रहरी कार्यालय पाँचथर ।

बाढीपहिरोमा परी कोसी प्रदेशमा हालसम्म नौजनाको शव फेला परिसकेको छ । जसमध्ये मंगलबार संखुवासभामा एक पुरुषको कम्मरमुनिको भाग भेटिएको प्रहरी उपरीक्षक कँडेलले बताए । तर, उनको पहिचान हुन सकेको छैन । मृत्यु हुनेमा पाँचथर र ताप्लेजुङमा तीन-तीन, संखुवासभा दुई र भोजपुरमा एकजना छन् । संखुवासभामा भेटिएको कम्मरमुनिको एउटा शवको भने पहिचान नभएको प्रहरीले जनाएको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेश १ मा एक सय ८८ परिवारभन्दा धेरै बाढीपहिरोका कारण विस्थापित भएका छन् । जसमा सबैभन्दा धेरै पाँचथरमा ९३ परिवार विस्थापित भएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रवक्ता प्रहरी निरीक्षक दिवस कुँवरले बताए । उनका अनुसार दश घर पूर्णरूपमा विस्थापित, ६४ घर उच्च जोखिममा र १९ घरमा आंशिक क्षति भएको छ । विस्थापितहरू नजिकका सार्वजनिक भवन, छिमेकी र आफन्तका शरणमा रहेको प्रहरी निरीक्षक कुँवरले बताए । यस्तै, ताप्लेजुङमा ८० परिवार विस्थापित भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । संखुवासभामा १५ घरपरिवार विस्थापित भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक ऋषिराम कँडेलले बताए ।

■ ताप्लेजुङ सडक सञ्जालबाट विच्छेद

बाढीपहिरोले सडक र पुलमा क्षति पुऱ्याउँदा ताप्लेजुङ सडक सञ्जालबाट पूर्णतः विच्छेद भएको छ । ताप्लेजुङबाट अन्य जिल्ला जोडिने मुख्य राजमार्ग र वैकल्पिक राजमार्ग दुवै ठप्प छन् । ताप्लेजुङबाट तराई जोडिने मेची राजमार्ग र वैकल्पिक मार्ग तमोर करिडोर ठप्प भएको छ । मेची राजमार्गअन्तर्गत पाँचथर-ताप्लेजुङ सडकखण्डको हेवा खोला पुल बगाउँदा सडक अवरुद्ध भएको छ । यस्तै, तमोर कोरिडोरअन्तर्गत पाँचथरको हेवा खोलाले पुल बगाउँदा यो राजमार्ग पनि ठप्प भएको छ । तमोर कोरिडोरमा हेवा खोलाले करिब दुई सय मिटर सडकसमेत बगाएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रवक्ता प्रहरी निरीक्षक दिवश कुँवरले जानकारी दिए । यो सडक कहिले सञ्चालन हुन्छ भन्ने टुंगो नभएको उनले बताए ।

मेची राजमार्गअन्तर्गत हेवा खोलामा बेलिब्रिज निर्माण कार्य धमाधम भइरहेको प्रवक्ता कुँवरले जानकारी दिए । मंगलबारदेखि निर्माण सुरु भएको पुलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले समेत सहयोग गरिरहेको छ । 'बेलिब्रिज निर्माणको काम रफ्तारमा भइरहेको छ । यहाँ सुरक्षा निकायले समेत सहयोग गरिरहेको छ,' उनले भने, 'एक हप्तादेखि १० दिनभित्र निर्माण सक्ने जानकारी आएको छ ।'

हेवा खोलाले राजमार्गको पक्की पुल बगाए पनि करिब दुई किलोमिटरमाथि रहेको झोलुंगे पुल भने सुरक्षित रहेको प्रवक्ता कुँवरले बताए । बेलिब्रिज निर्माण नसकिएसम्म पैदल यात्राका लागि वर्षौंदेखि प्रयोगविहीन झोलुंगे पुलबाट आवतजावत गर्न राजमार्गबाट झोलुंगे पुलसम्म जाने गोरेटोबाट मर्मतको कामसमेत गरिएको उनले बताए ।

श्रमदानबाट रामनगरमा खानेपानी

चितवनमा **विवेक पोखेल**

भरतपुर महानगरपालिकाको रामनगरमा श्रमदानबाट साढे सात किलोमिटरको दूरीमा रहेको मगर खहरे खोलाको पानी ल्याइएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले श्रमदानको सुरुवात गरेको झन्डै ६० दिनमा खोलाको पानी रामनगर आइपुगेको हो। यसबाट दुई दशकपछि यो क्षेत्रमा पुरानो संरचनाबाट खानेपानीको समस्या हल हुने भएको छ।

०४९ चैतमा जाइका कम्पनीले खानेपानी विस्तार आयोजनाको सुरुवात गर्दा भरतपुरको रामनगर, ठिमुरा र देवघाट क्षेत्रका बासिन्दालाई खानेपानी वितरण गर्थ्यो। तर, ०६० को बाढीपहिरोले भौतिक संरचनामा क्षति पुऱ्याएपछि यो क्षेत्रमा खानेपानीको समस्या सिर्जना भएको थियो। 'बाढीपहिरोले खानेपानी ट्यांकीमा समस्या सिर्जना भयो। सामानहरू हराउन र चोरी हुन थाले। अहिले सोही ठाउँमा सरसफाइ गर्दै खानेपानी ल्याएका हौं। बिहान-बेलुका पानी त आउँथ्यो, तर प्राप्त थिएन,' स्थानीय भोलादेवी कुँवरले भनिन्, 'सरकारी धाराबाट नियमित पानि नआउँदा इनारको पानी खान बाध्य थियौं। त्यो पनि बर्खामा सुक्थ्यो। अब त २४सै घन्टा पानी आउँछ। किनेर खानुपर्दैन।' ल्याइएको पानी अहिले सञ्चालनमा रहेको ट्यांकीमार्फत वितरण सुरु भइसकेको छ।

भरतपुर महानगरपालिका-१ अन्तर्गत पर्ने रामनगरका बासिन्दाले शुद्ध पानी पिउन नपाएको गुनासो गरेपछि सांसद लामिछानेले गत १२ वैशाखमा रामनगरमा खानेपानी व्यवस्थापनका प्रतिनिधि र स्थानीयहरूसँग छलफल गरेका थिए। लगत्तै उनले बाढीपहिरोले बिग्रिएको रामनगरस्थित नारायणगढ-मुग्लिन सडकखण्डछेउमै रहेको पुरानो पानीट्यांकीको जानकारी पाएँ। आफैं फिल्डमा उत्रिँदै श्रमदानमार्फत अभियानलाई अगाडि बढाएँ। जुगेडीमाथि डाँडामा रहेको खानेपानीको मुहानको सरसफाइपछि स्थानीय र सशस्त्र प्रहरी बलको टोलीको समेत श्रमदानमा पानी रामनगर आएको हो। मंगलबार लामिछानेले खानेपानीको समुद्घाटन गर्दै पानी आएको घोषणा गरेका थिए। कार्यक्रममा सहभागी भएकाहरूले सामूहिक रूपमा पानी पिउने र पानीमा भिजेर खुसी आदानप्रदान गरे। कार्यक्रममा स्थानीयको बाक्लो उपस्थिति थियो।

पानी ल्याउन श्रमदानमा दैनिक एक सयभन्दा बढी मानिसको उपस्थिति रहेको रामनगर-ठिमुरा-देवघाट-जुगेडी-भतेरी खानेपानी उपभोक्ता समितिका अध्यक्ष तुलसीराम श्रेष्ठले बताए। उनका अनुसार यो पानीबाट तीन हजार घरधुरी लाभान्वित हुनेछन्। पानी ल्याउन पाइप, आवश्यक उपकरणलगायतका सामान खरिद गर्दा एक करोड खर्च भएको छ।

संसदीय समितिमा परराष्ट्रमन्त्री साउद

नयाँ पत्रिका



भारतको नयाँ संसद्मा राखिएको अखण्ड भारत नामक मूल नक्साबारे भारतीय पक्षसँग कुरा गरी प्रतिवेदन पठाउन नयाँदिल्लीस्थित नेपाली दूतावासलाई निर्देशन गरिसकेका छौं।

■ **एनपी साउद**, परराष्ट्रमन्त्री

सरकारले भारतीय संसद्मा राखिएको 'अखण्ड भारत' नक्साबारे बुझ्न नयाँदिल्लीस्थित नेपाली दूतावासलाई निर्देशन दिएको छ। नेपालको कपिलवस्तु र लुम्बिनीलाई समावेश गरिएको नक्साको विषयमा चौतर्फी प्रश्न उठेपछि परराष्ट्र मन्त्रालयले आफ्नो कूटनीतिक संयन्त्र परिचालन गरेको हो।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको मंगलबार बसेको बैठकमा उपस्थित परराष्ट्रमन्त्री एनपी साउदले भने, 'भारतको नयाँ संसदमा राखिएको अखण्ड भारत नामक मुरल नक्साको बारेमा भारतीय पक्षसँग कुरा गरी प्रतिवेदन पठाउन नयाँदिल्लीस्थित नेपाली दूतावासलाई निर्देशन गरिसकेको छौं।' यस विषयमा प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा कुराकानी भएको उनले जानकारी दिए।

नेपालको नयाँ नक्साबारे सरकार स्पष्ट रहेको भन्दै मन्त्री साउदले भारतीय संसद् भवनमा राखिएको मुरल नक्सा सम्राट अशोकको समयमा उनको साम्राज्यको फैलावट जनाइएको भनेर क्याप्सनमा लेखिएको र यो राजनीतिक विषय नरहेको भनेर भारत सरकारको तर्फबाट विदेशमन्त्रीले आधिकारिक धारणा दिइसकेको पनि जानकारी गराए।

नक्साबारे आफूले नयाँदिल्लीमा दिएको अन्तर्वार्ताका विषयमा पनि प्रश्न उठेको भन्दै मन्त्री साउदले भने, 'दुई देशको संवेदनशील सम्बन्ध, त्यसमा पनि प्रधानमन्त्रीको भारत भ्रमणको सन्दर्भमा परराष्ट्रमन्त्रीले बोलेको अभिव्यक्तिले भ्रमण र त्यो देशको सम्बन्धका बारेमा आधिकारिक जानकारी नलिइकन प्रतिक्रिया दिनु परिपक्व हुँदैनथ्यो। त्यसकारण दूतावासले स्पष्ट रूपमा त्यसका बारेमा रिपोर्ट नगर्दै वा भारतले नक्साको आधिकारिकता के हो भनेर स्पष्ट नगरुन्जेलसम्म हामीले हतारमा प्रतिक्रिया दिने कुरा हुँदैन।' संसद् भवनमा राखिएको नक्सा नभई चित्र भएको जिकिर गर्दै साउदले भने, 'नक्सामा बाउन्ड्री हुन्छ। चित्रमा बाउन्ड्री नहुन सक्छ। त्यसकारण त्यो चित्र राख्दा व्याख्या सम्बन्धित देशले गरेको छ।'

मन्त्री साउदले प्रधानमन्त्री प्रचण्डपुत्री गंगा दाहालको उपस्थितिलाई लिएर उठेको प्रश्नमा परिवारको सदस्यलाई भ्रमण दल सदस्यका रूपमा लाने प्रचलन रहेको बताए। 'प्रोटोकलको बारेमा सबैलाई थाहा छ। राष्ट्रप्रमुख वा सरकार प्रमुखको भ्रमणमा स्पाउस (श्रीमती) वा परिवारको अतिनजिक सदस्य प्रतिनिधित्व गर्ने चलन हुन्छ,' उनले भने।

भ्रमणमा नेपाल भारत सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने गरी सहमति र सम्झौता भएको उनले जानकारी गराए। 'भ्रमणमा पारवहनसन्धि भयो। विद्युत् व्यापारको दीर्घकालीन सम्झौता भयो। बंगलादेशसम्म बिजुली पुऱ्याउने सुनिश्चितता भएको छ। भ्रमण परिणाममुखी छ,' उनले भने। समिति बैठकमा साउदले भ्रमणका क्रममा भएका सहमति, सम्झौता र उपलब्धि लिखित रूपमा राखेका थिए। सांसदहरूले भ्रमणको उपलब्धि, व्यवस्थापन, प्रोटोकल, इपिजी, सार्क, जलविद्युत्मा भारतको एकाधिकार, अखण्ड भारत, सीमा समस्या, हवाई रुट, डुबान, भारतसँग विश्वासको वातावरण, ग्रेटर नेपाल नक्सा, अग्निपथ योजना, फिल्म आदिपुरुषमा सरकारको धारणा, रामायण सर्किट, जलमार्गसम्म पहुँचको विषयमा जिज्ञासा राखेका थिए।

घुससहित तीन कर्मचारी पक्राउ

झापा/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चार लाख रुपैयाँ घुससहित ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाइ झापाका तीन कर्मचारीलाई नियन्त्रणमा लिएको छ। इकाइका आयोजना व्यवस्थापक (उपसचिवसरह) हुतराज चौहान, इन्जिनियर रवीन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेललाई दमकस्थित कार्यालय परिषरबाट पक्राउ गरिएको अख्तियारले जनाएको छ।

सडक निर्माण कार्यको अन्तिम समयमा बिल भुक्तानीका लागि घुस मागेको निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल र आयोगको कार्यालय इटहरीबाट खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो। उनीहरूको साथबाट स्रोत नखुलेको दुई लाख २२ हजार २८० रुपैयाँ पनि बरामद गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए। उनीहरूलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ।

आरती हत्याका अभियुक्त कारागार चलान

महोत्तरी/ जनकपुरकी आरती साहको हत्या आरोपमा पक्राउ परेका श्रीमान् र ससुरालाई जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ। जिल्ला न्यायाधीश रामप्रसाद न्यौपानेको एकल इजलासले सो आदेश दिएको हो। पीडितको तर्फबाट सरकारी वकिल सुदीप दंगाल, वरिष्ठ अधिवक्ता चन्द्र शर्मा मैनाली तथा अधिवक्ताहरू इन्द्रप्रसाद अर्याल, रिंकुकुमारी यादव र राधा कुमारीले बहस गरेका थिए।

गत ७ जेठको साँझ जनकपुरधाम उपमहानगरपालिका- ९ थापाचोकस्थित आफ्नै घरमा आरती मृत फेला परेपछि माइती पक्षले श्रीमान्सहित परिवारका सबै सदस्यले मिलेर हत्या गरेको आरोप लगाएका थिए। तर, धनुषा प्रहरीले श्रीमान् र ससुरा दुईजनाको नाम मात्र जाहेरीमा ल्याए दर्ता गर्ने बताएपछि जाहेरीमा दुईजनाको नाम मात्र उल्लेख गरिएको मृतक आरतीका मामा सन्तोष साहले बताए।

सासू र देवरसमेत हत्यामा संलग्न रहे पनि प्रहरीले उनीहरूको नाम जाहेरीमा समावेश गर्न नमानेको उनले बताए । पीडित पक्ष काठमाडौंस्थित माइतीघर मण्डलामा लगातार धर्नामा छ। हत्यामा संलग्न परिवारका अन्य सदस्यसँगै एसपी, डिएसपी र सुरक्षागार्डसमेतलाई कारबाही नगरे धर्ना जारी राख्ने उनीहरूको बताउँदै आएका छन्।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८०/०३/०६ गतको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

गाईघाट शाखा, उदयपुर

ऋणीको विवरण	प्रोप्राईटर विवरण
१. नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा प्रा.फ.र.नं. १७६१/०७३/०७४ अन्तर्गत मिति २०७३/०९/२० मा दर्ता कायम भएको **मोनिका ट्रेडर्स** फर्म दर्ता ठेगाना : त्रियुगा न.पा. वडा नं. ११, जलजले, उदयपुर स्थायी लेखा नं. ६००६८८३१६, मिति २०६९/०६/२२ **प्रोप्राईटर : मोनिका गुप्ता** **कर्जा शिर्षक : आवधिक कर्जा**	**मोनिका गुप्ता** ना.प्र.नं. १५२००५/१०१४९ जारी मिति २०६९/०४/३०, इ.प्र.का. लाहान, सिराहा बाबुको नाम : संजीव कुमार गुप्ता बाजेको नाम : राम दयाल साह रौनीयार स्थायी ठेगाना : लाहान वडा नं. ५, सिराहा

व्यक्तिगत जमानत दिनेको विवरण	
चन्द्रकला देवी गुप्ता ना.प्र.नं. १२२ जारी मिति २०५५/१०/१२, जि.प्र.का. सिराहा बाबुको नाम : फागुलाल गुप्ता पतिको नाम : संजीव कुमार गुप्ता ससुराको नाम : राम दयाल साह रौनीयार स्थायी ठेगाना : लाहान वडा नं. ५, सिराहा	**संजीव कुमार गुप्ता** ना.प्र.नं. १४८४ जारी मिति २०५०/०७/०१, जि.प्र.का. सिराहा बाबुको नाम : राम दयाल साह रौनीयार बाजेको नाम : फोगनी साह स्थायी ठेगाना : लाहान वडा नं. ५, सिराहा

ऋणीको विवरण

२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय उदयपुर, गाईघाटमा प्रा.फ.र.नं. ४९/०६३/६४ अर्न्तगत मिति २०६४/०१/०४ मा दर्ता कायम भएको **जयमा सन्तोषी सप्लार्यस**
फर्मको ठेगाना : त्रियुगा न.पा-११, जलजले, उदयपुर
स्थायी लेखा नं. ३०२६०५४३९, मिति २०६४/०१/२०
प्रोप्राइटर : चन्द्रकला देवी गुप्ता
ना.प्र.नं. १२२, जारी मिति २०५५/१०/१२, जि.प्र.का. सिरहा
बाबुको नाम : फागुलाल गुप्ता
पतिको नाम : संजीव कुमार गुप्ता
ससुराको नाम : राम दयाल साह रौनियार
स्थायी ठेगाना : लहान-५, सिरहा
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा क्यास क्रेडिट कर्जा

३. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय उदयपुर, गाईघाटमा प्रा.फ.र.नं. १७४/०६५/०६६ अर्न्तगत मिति २०६५/०६/०६ मा दर्ता कायम भएको **मुकुल ट्रेडर्स**
फर्मको ठेगाना : त्रियुगा न.पा-२, उदयपुर
स्थायी लेखा नं. ३०१३६४६१२, मिति २०६०/०४/२३
प्रोप्राइटर : संजीव कुमार गुप्ता
ना.प्र.नं. १४८४, जारी मिति २०५०/०७/०१, जि.प्र.का. सिरहा
बाबुको नाम : राम दयाल साह रौनियार
बाजेको नाम : फोगनी साहु
स्थायी ठेगाना : लहान-५, सिरहा
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा हायर पर्चेज कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण	
संजीव कुमार गुप्ता ना.प्र.नं. १४८४ जारी मिति २०५०/०७/०१, जि.प्र.का. सिरहा बाबुको नाम : राम दयाल साह रौनियार बाजेको नाम : फोगनी साहु स्थायी ठेगाना : लहान-५, सिरहा **(जयमा सन्तोषी सप्लार्यसको जमानतकर्ता)**	**चन्द्रकला देवी गुप्ता** ना.प्र.नं. १२२ जारी मिति २०५५/१०/१२, जि.प्र.का. सिरहा बाबुको नाम : फागुलाल गुप्ता पतिको नाम : संजीव कुमार गुप्ता ससुराको नाम : राम दयाल साह रौनियार स्थायी ठेगाना : लहान-५, सिरहा **(मुकुल ट्रेडर्सको जमानतकर्ता)**

धितोको विवरण

घर/जग्गाको विवरण

ऋणी मुकुल ट्रेडर्स तथा ऋणी मोनिका ट्रेडर्स का लागि धितो सुरक्षण :
१. फागुलाल गुप्ताको छोरी, राम दयाल साह रौनियारको बुहारी, संजीव कुमार गुप्ताको पत्नी, चन्द्रकला देवी गुप्ताको नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता श्रेष्ठा कायम रहेको उदयपुर जिल्ला, गाईघाट गा.वि.स./न.पा. वडा नं. १ ख स्थित कित्ता नं. ११९५ र ११९७ को क्षेत्रफल क्रमशः ०-०-४.७५-० र ०-०-१२.२५-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. फोगनी साहुको नाति, राम दयाल साह रौनियारको छोरा, संजीव कुमार गुप्ताको नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता श्रेष्ठा कायम रहेको उदयपुर जिल्ला, देउरी गा.वि.स./न.पा. वडा नं. २ क स्थित कित्ता नं. ३६७ को क्षेत्रफल ०-०-६-० विगाहा को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी जयमा सन्तोषी सप्लायर्स तथा ऋणी मोनिका ट्रेडर्स का लागि धितो सुरक्षण :
३. फोगनी साहुको नाति, राम दयाल साह रौनियारको छोरा, संजीव कुमार गुप्ताको नाममा मालपोत कार्यालय, गाईघाट, उदयपुरमा दर्ता श्रेष्ठा कायम रहेको उदयपुर जिल्ला, देउरी गा.वि.स./न.पा. वडा नं. ३ ख स्थित कित्ता नं. ३१० र ४६१ को क्षेत्रफल क्रमश : ०-१-२-० र ०-०-१.५-० विगाहा को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

बिर्तामोड - भद्रपुर रोड शाखा, झापा

ऋणीको विवरण

कबिता बस्नेत
ना.प्र.नं. ८२३१११८९, जारी मिति २०५९/०१/०३, जि.प्र.का. झापा
बाबुको नाम : छत्र ब. बस्नेत
पतिको नाम : देउ कुमार भट्टराई
ससुराको नाम : वीर वहादुर भट्टराई
स्थायी ठेगाना : शनिश्चरे वडा नं. २, झापा
हालको ठेगाना : अर्जुनधारा न.पा. वडा नं. ९, झापा
कर्जा शिर्षक : सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण	
देउ कुमार भट्टराई ना.प्र.नं. ४४९८७/६१२२ जारी मिति २०५७/०८/०७, जि.प्र.का. ताप्लेजुङ (जि.प्र.का. झापा बाट २०७१/१०/०९ मा प्रतिलिपि जारी) बाबुको नाम : वीर वहादुर भट्टराई बाजेको नाम : अविचन्द्र भट्टराई स्थायी ठेगाना : आम्वेगुदिन - ७, ताप्लेजुङ हालको ठेगाना : अर्जुनधारा न.पा. वडा नं. ९, झापा	**वीर वहादुर भट्टराई** ना.प्र.नं ६८०/११८ जारी मिति २०३५/१२/२६, जि.प्र.का. ताप्लेजुङ (मिति २०६२/०७/२५ मा प्रथम प्रतिलिपि जारी) बाबुको नाम : अविचन्द्र भट्टराई बाजेको नाम : अमर सिहं भट्टराई स्थायी ठेगाना : आम्वेगुदिन - ७, ताप्लेजुङ हालको ठेगाना : अर्जुनधारा न.पा. वडा नं. ९, झापा

धितोको बिवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
POLO HATCH 1.0L	BA 21 CHA 2864	2019	MEXL18603KT061951	CHYK36717

विराटचोक शाखा, मोरङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
दामोदर प्रसाद गैरापिप्ली ना.प्र.नं.१८२४१७०१, जारी मिति २०५१/०२/२९, जि.प्र.का.सर्लाही बाबुको नाम : मदन प्रसाद गैरापिप्ली बाजेको नाम : देवी प्रसाद गैरापिप्ली स्थायी ठेगाना : ईश्वरपुर न.पा. वडा न.१, सर्लाही हालको ठेगाना : रतुवामाइ वडा न.६, मोरङ **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अवधिक कर्जा**	**दिव्य स्वरा गैरापिप्ली** ना.प्र.नं.१९३०५१/१८३६ जारी मिति २०६३/१०/२३, जि.प्र.का.सर्लाही बाबुको नाम : दिननाथ चापागाई पतिको नाम : दामोदर प्रसाद गैरापिप्ली ससुराको नाम : मदन प्रसाद गैरापिप्ली स्थायी ठेगाना : ईश्वरपुर न.पा. वडा न.१, सर्लाही हालको ठेगाना : रतुवामाइ वडा न. ६, मोरङ

व्यक्तिगत जमानत दिनेको विवरण

अंकित गैरापिप्ली ना.प्र.नं..०५-०२- ७१-०१८२६ जारी मिति २०७१/०९/१४, जि.प्र.का.मोरङ बाबुको नाम : दामोदर प्रसाद गैरापिप्ली बाजेको नाम : मदन प्रसाद गैरापिप्ली स्थायी ठेगाना : सिजुवा-४, मोरङ हालको ठेगाना : रतुवामाइ वडा न.६, मोरङ	**रिता चौहान** ना.प्र.नं..०१-०१-७४-०२५२६ जारी मिति २०७४/०६/२०, जि.प्र.का.ताप्लेजुङ्ग बाबुको नाम : मान वहादुर चौहान पतिको नाम : अंकित गैरापिप्ली ससुराको नाम : दामोदर प्रसाद गैरापिप्ली स्थायी ठेगाना : सिदिडवा गा.पा. वडा न.६, ताप्लेजुङ हालको ठेगाना : रतुवामाइ वडा न.६, मोरङ
साबित्री देवी गैरापिप्ली ना.प्र.नं.१८२४१९२० जारी मिति २०५३/०३/०६, जि.प्र.का.सर्लाही बाबुको नाम : मित्रलाल काफ्ले पतिको नाम : मदन प्र. गैरापिप्ली ससुराको नाम : देवी प्रसाद गैरापिप्ली स्थायी ठेगाना : भक्तिपुर-६, सर्लाही हालको ठेगाना : रतुवामाइ वडा न.६, मोरङ	**मदन प्रसाद गैरापिप्ली** ना.प्र.नं.०६४६२०२२ जारी मिति २०३४/०६/२६, जि.प्र.का.सर्लाही बाबुको नाम : देवी प्रसाद गैरापिप्ली बाजेको नाम : नन्द लाल गैरापिप्ली स्थायी ठेगाना : वल्वासोकनाहा-०६, सर्लाही हालको ठेगाना : रतुवामाइ वडा न. ६, मोरङ

धितोको विवरण

घर/जग्गाको विवरण

दिननाथ चापागाईको छोरी, मदन प्रसाद गैरापिप्लीको बुहारी, दामोदर प्रसाद गैरापिप्लीको पत्नी, दिव्य स्वरा गैरापिप्लीको नाममा मालपोत कार्यालय, रङ्गेली, मोरङमा दर्ता श्रेष्ठा कायम रहेको मोरङ जिल्ला, सिजुवा गा.वि.स./न.पा. वडा नं. ४ठ स्थित कित्ता नं. ३१३ र २०२ को क्षेत्रफल क्रमशः ०-५-०-० र ०-७-३-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

मित्रलाल काफ्लेको छोरी, देवी प्रसाद गैरापिप्लीको बुहारी, मदन प्र. गैरापिप्लीको पत्नी, साबित्री देवी गैरापिप्लीको नाममा मालपोत कार्यालय, रङ्गेली, मोरङमा दर्ता श्रेष्ठा कायम रहेको मोरङ जिल्ला, सिजुवा गा.वि.स./न.पा. वडा नं. ४ठ स्थित कित्ता नं. १९६ को क्षेत्रफल ०-६-०-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०३/२० (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०३/२१
समय : दिउँसो ३:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६

■ भिडियो बनाएर चार वर्षसम्म यौनशोषण मुद्दा

उच्चको आदेश उल्टचाउँदै पीडकलाई थुनामा पठाउने सर्वोच्चको आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले बलात्कारको एक मुद्दामा उच्च अदालत पाटनको थुनछेक आदेश उल्ट्याउँदै अभियुक्तलाई थुनामा पठाउने आदेश दिएको छ। पशुपति मैनाली प्रतिवादी रहेको जबर्जस्ती करणीको थुनछेक आदेशमा सर्वोच्चको संयुक्त इजलासले थुनामा पठाई मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएको हो।

उच्च अदालत पाटनले ६ माघ ०७८ मा बलात्कारको यस मुद्दामा प्रतिवादी मैनालीलाई धरौटीमा रिहा गरेपछि सरकारी पक्ष सर्वोच्च पुगेको थियो। उच्चको आदेशबाट रिहा भएपछि मैनालीले पीडित महिलालाई ज्यान मार्ने धम्की दिने गरेका थिए। सर्वोच्चले उच्चको आदेशलाई 'त्रुटिपूर्ण, अनुचित र बेरितको' भन्दै बदर गरिदिएको छ।

'घटना विवरण हेर्दा प्रतिवादी पशुपति मैनालीले पीडितको अश्लील (आपत्तिजनक) फोटो खिचेको र सार्वजनिक गरिदिने भनी त्रास, दबाब र अनुचित प्रभावमा पारी शारीरिक सम्बन्ध राखेको भन्ने तत्काल प्राप्त प्रमाणबाट देखिन आएको छ। प्रतिवादी र पीडितबीच आदान-प्रदान भएका एसएमएस सन्देशबाट समेत फोटो डिलिट गर्ने सन्दर्भ उल्लेख भएको पाइयो,' न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र मनोजकुमार शर्माको इजलासले २६ जेठमा दिएको आदेशमा छ, 'बुझिएका मानिसहरूको भनाइ तथा परिस्थितिबाट जबर्जस्ती करणी भएको तथ्य खुल्न आएको देखिन्छ। तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी पशुपति मैनालीले आरोपित कसुर गरेको विश्वास गर्न सकिने पर्याप्त र मनासिब आधार विद्यमान रहेको देखिन आयो।'

नुवाकोट घर भएकी २६ वर्षीया युवतीलाई ३१ वर्षीय मैनालीले घरमा कोही नभएका वेला बलात्कार गरेको र त्यसको भिडियो बनाई चार वर्षदेखि यौनशोषण गरिरहेका थिए। भिडियो डिलिट गरिदिने भन्दै अन्तिमपटक भेट्न बोलाएका मैनालीले उक्त भेटमा समेत इच्छाविपरीत करणी गरेको पीडितको भनाइ छ।

पटक-पटक भेट्न अस्वीकार गरेपछि माइती र घरका साथै आफन्त, शिक्षक, गाउँलेसमेतलाई पनि ती फोटो भिडियो पठाइदिएको युवतीको भनाइ छ। जसपछि उनी प्रहरीमा पुगेकी थिइन्।



न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र मनोजकुमार शर्माको आदेशमा भनिएको छ-



घटना विवरण हेर्दा प्रतिवादी पशुपति मैनालीले पीडितको अश्लील (आपत्तिजनक) फोटो खिचेको र सार्वजनिक गरिदिने भनी त्रास, दबाब र अनुचित प्रभावमा पारी शारीरिक सम्बन्ध राखेको भन्ने तत्काल प्राप्त प्रमाणबाट देखिन आएको छ। प्रतिवादी र पीडितबीच आदान-प्रदान भएका एसएमएस सन्देशबाट समेत फोटो डिलिट गर्ने सन्दर्भ उल्लेख भएको पाइयो। बुझिएका मानिसहरूको भनाइ तथा परिस्थितिबाट जबर्जस्ती करणी भएको तथ्य खुल्न आएको देखिन्छ। तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी पशुपति मैनालीले आरोपित कसुर गरेको विश्वास गर्न सकिने पर्याप्त र मनासिब आधार विद्यमान रहेको देखिन आयो।

अनुसन्धानपछि काठमाडौं जिल्ला अदालतमा १० मंसिर ०७८ मा मैनालीलाई प्रतिवादी कायम गरी जबर्जस्ती करणी कसुरमा मुद्दा चलाइएको थियो।

मुद्दामा तत्कालीन जिल्ला न्यायाधीश केशवप्रसाद बाँस्तोलाको इजलासले पुर्पक्षका लागि सोही वर्ष १२ मंसिरमा मैनालीलाई जेल चलान गरेको थियो। तर, जिल्लाको यस आदेशविरुद्ध मैनाली उच्च अदालत पाटन पुगेका थिए। जहाँ संयुक्त इजलासले ६ माघ ०७८ मा एक लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको हो। जसमा सुनुवाइपछि सोही वर्ष ७ माघबाट मैनाली थुनामुक्त भए।

उच्च अदालत पाटनका न्यायाधीशहरू भोजराज अधिकारी र जगदीश घिमिरेको इजलासले उक्त आदेश दिएको थियो। प्रतिवादीउपर परेको जाहेरी र प्रतिवादीले मौकामा बयान गर्दा करणी गरेको स्वीकार गरेको अवस्थासमेत विचार गरी मैनालीलाई एक लाख धरौटीमा छाड्ने आदेश भएको थियो।

उच्चले मौकामा बयान गर्दा करणी गरेको भनी स्वीकार गरेका मैनालीलाई धरौटीमा छाडेको थियो। जाहेरवालीलाई चार वर्षदेखि जबर्जस्ती करणी गरे पनि १५ कात्तिक ०७८ मा बल्ल जाहेरी परेकाले पनि मैनालीलाई थुनामा राखिरहनु नपर्ने आदेश दिइएको थियो।

मैनालीले जाहेरी दर्तादेखि नै युवतीमाथि विभिन्न दबाब दिइरहेका थिए। प्रहरीमा उजुरी दिँदैका बखत स्थानीय दुईजना जनप्रतिनिधिले समेत जहेरी फिर्ता लिन युवतीलाई धम्की दिँदै आएका थिए। उनीहरूले आर्थिक लेनदेनमा मुद्दा मिलाउन आग्रह गर्दै आएका थिए।

सरकारी वकिलले प्रहरीको अनुसन्धानपश्चात् मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) बमोजिम सजाय मागदाबी गर्दै काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको छ। जसअनुसार पीडकलाई सातदेखि १० वर्षसम्म कैद हुन सक्ने प्रावधान छ।

पीडित युवती पीडक मैनालीले धम्की दिने गरेको बताउँछिन्। 'आज नभए पनि बढीमा आठ वर्ष जेल बस्ने हो म। त्यसपछि निस्केर तँलाई बाँच्न दिन्नँ भन्थ्यो। घरपरिवारबाट पनि सहयोग छैन। केही दिन संस्थामा बसेँ। अब अहिले लुकेर बाँच्नुपरेको छ,' नयाँ पत्रिकासँग उनले भनिन्। माइतीतर्फका मान्छेलाई समेत मैनालीले धम्की दिने गरेको उनी बताउँछिन्। उनी डरले न गाउँ जान सकेकी छिन् न नातेदारकोमा नै बस्न सकेकी छिन्। प्रहरीमा उजुरी दिनुअगाडि केही समय सुदूरपश्चिममा गएर बसे पनि आफूलाई भेट्न पीडक पुगेको उनी बताउँछिन्।

■ के भएको थियो ?

जाहेरवालीको विवाह नौ वर्षअघि नुवाकोटकै एक युवकसँग भएको थियो। श्रीमान् वैदेशिक रोजगारीका सिलसिलामा बाहिर रहेकै बखत तादी गाउँपालिकाकै एक कर्मचारी र युवतीका नातेदार मैनालीले एक रात आफूमाथि जबर्जस्ती करणी गरेको र आफूलाई थाहा नदिई त्यसको भिडियो खिचेको जाहेरी दरखास्तमा उल्लेख छ।

त्यसपछि मैनालीले उक्त भिडियो श्रीमान्लाई पठाइदिने धम्की दिँदै पटक-पटक भेट्न बोलाउने, शारीरिक सम्बन्ध राख्ने, नग्न फोटो तथा भिडियो पठाउन दबाब दिने, भिडियो कलमा पनि उस्तै किसिमका दबाब दिने गरेका थिए। मैनालीले ती भिडियो कलका स्क्रिनसटसमेत लिएका थिए।

यसरी चार वर्षसम्म यौनशोषणमा परेको उनले प्रहरीसामु बताएकी छिन्। उनको यो व्यवहारबाट दिक्क भएपछि आफूले गाउँ छाडेको, तर त्यहाँ पनि मैनालीले दुःख दिन थालेको युवतीको भनाइ छ। 'निजबाट छुटकारा पाउन भनी म गाउँ नै छाडी काठमाडौंमा आई बसोवास गर्न लागेँ। निजले मलाई विभिन्न फोन नम्बरहरूबाट फोन गर्ने तथा म्यासेज गर्ने गर्दै आएका थिए,' उनको जाहेरीमा छ।

पटक-पटक आफूले ती सामग्री डिलेट गर्न भन्दा नमान्ने गरेको युवतीको भनाइ छ। पछिल्लोपटक १५ कात्तिक ०७८ मा भेटेर ती सबै डिलेट गर्ने भनेपछि आफू भेट्न पुगेको, तर त्यहाँ फेरि जबर्जस्ती करणी गरेको, डिलेट नगरेको र आफन्त तथा नातेदारलाई फोटो पठाइदिएको युवतीको आरोप छ। 'निजले मेरो अश्लील फोटोहरू खिची अन्य मानिसलाई पठाइदिएको प्रमाण मसँग छ,' युवतीले जाहेरीमा भनेकी छिन्।

संक्षेप

■ चार लाख घुससहित उपसचिव, इन्जिनियर र लेखापाल रंगेहात पक्राउ



काठमाडौं/ सडक आयोजनाको काममा बिल भुक्तानी गरिदिएबापत चार लाख रुपैयाँ घुस लिने उपसचिवसहित तीनजनालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रंगेहात पक्राउ गरेको छ। ग्रामीण सडक सुधार आयोजना कार्यान्वयन एकाइ, दमक, झापाका आयोजना व्यवस्थापक (उपसचिवसरह) हुताराज चौहान, इन्जिनियर रवीन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेललाई अख्तियारको केन्द्रीय कार्यालय टंगाल र इटहरी कार्यालयको संयुक्त टोलीले मंगलबार पक्राउ गरेको हो।

सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीका लागि सहजीकरण गरिदिएबापत भन्दै उनीहरूले सेवाग्राहीसँग घुस लिएको अख्तियारले जनाएको छ। अख्तियारको टोलीले उनीहरूलाई घुस लिइसकेको अवस्थामा कार्यालय परिसरबाटै नियन्त्रणमा लिएको हो। उनीहरूबाट स्रोत नखुलेको दुई लाख २२ हजार दुई सय ८० रुपैयाँ पनि अख्तियारको टोलीले बरामद गरेको छ। उनीहरूमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

त्यस्तै, अख्तियारले मंगलबार नै इलाका प्रहरी कार्यालय, मिर्चैया, सिराहाका तत्कालीन प्रहरी सहायक निरीक्षक सचिनकुमार भदैसवारविरुद्ध मुद्दा दायर गरेको छ। उजुरी निवेदन दर्ता गर्न सेवाग्राहीसँग नौ हजार घुस लिएकामा आयोगले उनलाई यसअघि नै रंगेहात पक्राउ गरेको थियो। अनुसन्धानबाट घुस लिएको पुष्टि भएपछि त्यही रकमलाई बिगो कायम गरेर अख्तियारले उनीविरुद्ध अदालतमा मुद्दा दायर गरेको हो।

■ ३३ तोला सुन र साढे २ लाख चोरी

चितवन/ पूर्वी चितवनको रत्ननगर- १२ का गोपाल ओझाको घरबाट नगदसहित ठूलो परिमाणमा सुनका गहना चोरी भएको छ। मंगलबार मध्याह्न १२:४५ बजे ओझाको किसानचोकस्थित घरबाट ३३ तोला ५० लालबराबरका सुनका गरगहना तथा साढे दुई लाख रुपैयाँ नगद चोरी भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ। पछाडिपट्टिको ढोका फोडेर चोर घरभित्र पसेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। तलो तलको कोठामा रहेको दराज फोडेर नगद र गरगहना चोरी भएको हो। चोरको खोजीकार्य तीव्र पारिएको प्रहरीले जनाएको छ।

■ पुरिएर दुई मजदुरको ज्यान गयो

तनहुँ/ म्याग्दे गाउँपालिका- १ गुणादीमा सोमबार साँझ पहिराले पुरिएर घाइते भएका दुई मजदुरको मृत्यु भएको छ। मृत्यु हुनेमा झापा शिवसताक्षी नगरपालिका- ७ बस्ने ३३ वर्षीय भीम भुजेल र उदयपुरको कटारी नगरपालिका- ७ बस्ने ४० वर्षीय बलबहादुर राई रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। घाइतेमध्ये भीमको दमौली अस्पतालमा र बलबहादुरको पोखरामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी मोहनबहादुर खाणले जानकारी दिए।

गम्भीर घाइते भई पोखरा पठाइएका बलबहादुरको राति मृत्यु भएको उनले बताए। ढिस्काले पुरिएर घाइते झापाको शिवसताक्षी- ७ बस्ने ४५ वर्षीय कृष्ण लिङ्देनको दमौलीस्थित रत्नहरि अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत सडकछेउमा पर्खाल निर्माणका क्रममा माथिबाट खसेको माटोको ढिस्कोले पुरिएर तीनजना घाइते भएका थिए।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, धनगढी कैलाली

आर्थिक वोलपत्र खोल्ने सम्वन्धी सूचना

(प्रकाशन मिति : २०८०/ ०३/०६)

यस इकाईबाट तपसिलका निर्माण कार्यका लागि प्रकाशित वोलपत्र आव्हानको सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका तपशिलका वोलपत्रदाताहरुको प्राविधिक वोलपत्र सारभुतरुपमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ वमोजिम उक्त वोलपत्रहरुको आर्थिक वोलपत्र मिति २०८०/०३/१३ गते दिनको १३:०० वजे खोलिने भएकाले सम्वन्धित वोलपत्रदाताहरुको जानकारिका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

कामको नाम र ठेक्का नं	सारभुत रुपमा प्रभाव ग्राही वोलपत्र दाताहरु
Construction works for Integrated Urban infrastructures Developments Works at Gauriganga Municipality,Kailali. (FPIU/KAILALI/ Works/NCB/24-079/080)	1. Sushan-Uma Jv, Dhangadhi-02,Kailali 2. Shankar-Joshi Jv Mahendranagar, Kanchanpur. 3. Banglamukhi-Ishwori-Smiriti Bishal Jv, Kathmandu. 4. Shivako-Prashansa-Bajrangbali Jv, Dhangadhi, kailali.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं

शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०६ गते

यस श्री बौद्धनाथ क्षेत्र विकास समितिको विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूप अवलोकन गर्न आउने पर्यटकहरुको लागि सःशुल्क टिकट तथा ब्रोसीयर छपाई गर्न इच्छुक फर्म, कम्पनी वा संस्थालाई शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

तपशिल

१ बोलपत्र खरिद गर्ने ईच्छुक फर्म, कम्पनी वा संघसंस्थाले अनिवार्य रुपमा नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर तथा आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म नवीकरण तथा २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र १० को नोट वा हुलाक टिकट टाँस गरी पेश गर्नुपर्ने छ।

२. शर्तनामा सहितको बोलपत्र फाराम तल उल्लेखित शुल्क बुझाई यस समितिबाट सो सूचना प्रकाशित भएको १५ औं दिनभित्र फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेसम्म यस समितिमा बुझाई सक्नु पर्नेछ। बोलपत्र यो सूचना प्रशासन भएको १६ औं दिनको २:०० बजे खोलिने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट बोलपत्र खोलिने छ।

३. बोलपत्र फाराममा साथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस समितिको नविल बैंक, बौद्ध शाखाको धरौटी खाताको खाता नं. ०४०१०११०९९७०१ मा जम्मा गरेको रकमको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन देखि बोलपत्रको हकमा कम्तीमा ६ महिना म्याद भएको मान्यता प्राप्त बैंकबाट बैंक ग्यारेण्टी (विण्ड वण्ड) शर्त सहित पेश गर्नु पर्नेछ।

४. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नुछ। उल्लेखित अंक अक्षेरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण करहरु बोलपत्र दाता स्वयमले व्यहोर्नु पर्नेछ।

६. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

स्वीकृत कार्यक्रमको विवरण

सि.नं.	ठेक्का नं.	कामको विवरण	ल.ई.(मु.अ.कर समेत	धरौटी रकम	बोलपत्र फाराम दस्तुर	कैफियत
१.	५/०७९/०८०	टिकट र ब्रोसीयर छपाई	२६,७८,१००/-	कबोल अंकको २.५%	१५००/-	

श्री बौद्धनाथ क्षेत्र विकास समिति
का.म.पा.६, बौद्ध, काठमाडौं, फोनं. ०१-४५८९२५७

भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल



बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०३/०६)

यस भानु नगरपालिकाबाट चालू आ.व. मा तपशिलमा उल्लेखित कार्यको लागि मिति २०८०/०१/१५ गते प्रकाशित सूचना बमोजिम रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुको मूल्यांकन समितिबाट मूल्यांकन गर्दा तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि. नं.	ठेक्का नं.	योजनाको नाम	स्वीकृतीका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक ने. रु. (मु.अ.कर समेत)
1	BHMUN/NCB/ GOODS/079/80/01	Procurement of Backhoe Loader	M.A.W. Earth Movers Pvt. Ltd., Dhobighat, Lalitpur	45,29,000.00

बोदेवर्साइन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बोदेवर्साइन, सप्तरी
मधेस प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०३/०६

यस कार्यालयबाट मिति २०८०/०१/०५ मा प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रित पूर्वक www.bolpatra.gov.np/egp मा दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनि खदिर ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का आइ.डि. नं.	योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	स्वकृित बोलपत्रको रकम (भ्याट र पि.एस.सहित)
1	BBMS/NCB/ WORKS/ 2079/080-09	Construction works of 15 Bedded hospital, Bodebasrsain-5	New Draigon Nirman Sewa Pvt. Ltd. Chauri Deurali-, kabher	19,62,45,027.20

प्रमुख प्रशासकिय अधिकृत

कम पारिश्रमिकमा काम गर्छन् मनोज

अभिनेता मनोज बाजपेयीले ठूला स्टारको दाँजोमा निर्माताहरूले आफूलाई कम पारिश्रमिक दिने गरेको बताएका छन् । 'निर्माताहरू प्रायः ठूला स्टारलाई राम्रो रकम दिन्छन् । द फेमिली म्यानका लागि मैले जति पारिश्रमिक पाउनुपर्ने थियो, त्यति पाइनँ । सस्ता मजदुरका कारण चीनमा ठूला-ठूला ब्रान्डका कारखाना छन् । म त्यस्तै सस्तो मजदुर हुँ,' उनले भने ।

रकी और रानी की प्रेम कहानी २८ जुलाईमा

२८ जुलाईमा रिलिज हुने फिल्म रकी और रानी की प्रेम कहानीको टिजर रिलिज भएको छ । यस रोमान्टिक फिल्ममा रणवीर सिंह र आलिया भट्ट मुख्य भूमिकामा छन् । सबाना आजमी, धर्मेन्द्र र जया बच्चनले पनि फिल्ममा अभिनय गरेका छन् ।

शारीरिक अभ्यासले बढाउँछ दुखाइ सहने शक्ति

शारीरिक रूपमा सक्रिय रहनु वा नियमित व्यायाम गर्नुका धेरै फाइदा छन् । मांसपेशी बलियो हुन्छ, रोग लाग्ने जोखिम कम गराउँछ र मानसिक स्वास्थ्यलाई सुदृढ बनाउँछ । एक नयाँ अध्ययनले व्यायामको अर्को फाइदा पनि उजागर गरेको छ- यसले हाम्रो पीडा सहन सक्ने क्षमतालाई पनि बढाउँछ ।

नर्वेको ट्रोम्सोमा भएको स्वास्थ्य र रोगबारेको एक बृहत् अध्ययनमा सहभागी १० हजार ७ सय ३२ जनाको डाटालाई विश्लेषण गरेर तयार गरिएको यो प्रतिवेदन जर्नल पिएलओस वानमा प्रकाशित छ । यसक्रममा नियमित व्यायाम गर्नेहरूको सहनशक्ति व्यायाम नगर्नेहरूको दाँजोमा धेरै देखियो । सहभागीहरू ३० देखि ३७ वर्ष उमेरसमूहका थिए । उनीहरूमध्ये आधाभन्दा बढी संख्या महिलाको थियो ।

हरेक सहभागीलाई आठ वर्षको अन्तरालमा दुईपटक परीक्षण गरिएको थियो । त्यसक्रममा उनीहरूले आफ्नो शारीरिक गतिविधिको लेभलबारे बताएका थिए, उनीहरूलाई कोल्ड प्रेस टेस्टमा पनि सहभागी गराइएको थियो । पीडालाई मापन गर्नका लागि वैज्ञानिकहरूले यस पद्धति प्रयोग गर्ने गरेका छन् ।

सहभागीहरूले ३ डिग्री सेल्सियस पानीमा आफ्नो हात चोबलेर बसेका थिए । उनीहरूले सक्नेजति समय पानीमा हात राखे । धेरै समय पीडा सहन सक्नेहरूले धेरै समय हात त्यसरी राख्न सक्ने अनुसन्धानकर्ताहरूको मान्यता छ । अनुसन्धानअनुसार शारीरिक रूपमा धेरै सक्रिय हुनेहरूले आफ्नो हात यसरी लामो समयसम्म पानीमा राख्न सके । एक सय १५ दशमलव ७ सेकेन्डसम्म पानीमा हात राख्न सक्नेलाई अनुसन्धानकर्ताहरूले अति सक्रियका रूपमा वर्गीकरण गरेका छन् । कम सक्रियहरूले औसतमा ९९ दशमलव ४ सेकेन्डसम्म हातलाई पानीमा राख्न सकेका थिए । अनुसन्धानकर्ताहरूका अनुसार आठ वर्षपछि दोस्रोपटक परीक्षण गर्दा औसतमा सबैको सहनशक्तिमा ह्रास आएको देखिन्थ्यो । तर, व्यायाम नगर्नेहरूको दाँजोमा व्यायाम गर्नेहरूको सहनशक्ति कम घटेको थियो ।

मानिसको पीडा सहने शक्ति किन घटेर जान्छ भन्ने विषय अनुसन्धानले स्पष्ट गरेको छैन, यद्यपि बढ्दो उमेरका कारण यस्तो भएको हुन सक्ने वैज्ञानिकहरूको अनुमान छ । शारीरिक गतिविधिले बढाउने सहनशक्तिबारे यसअघि पनि थुप्रै अध्ययन भइसकेका छन् । नोभेम्बर २०१९ मा युरोपियन जर्नल अफ पेनमा प्रकाशित अनुसन्धानले पनि यस्तै निष्कर्ष निकालेको थियो । अस्ट्रेलियामा स्कुल अफ मेडिकल साइन्सेज, न्यु साउथ वेल्स विश्वविद्यालय सिड्नी र न्युरोसाइन्स रिसर्च अस्ट्रेलियाले गरेको संयुक्त अनुसन्धानले पनि यस्तै निष्कर्ष निकालेको थियो ।



शारीरिक गतिविधिले हाम्रो मुडमा पनि सुधार ल्याउँछ । जसकारण पीडा सहन सक्ने क्षमता बढ्छ । त्यस्तै, पीडाबाट आफ्नो ध्यान मोड्ने कुरा सिकाउन पनि यसले सहयोग गर्छ ।

पीडा र व्यायाम

व्यायामले सहनशक्ति बढाउनुको ठोस कारण पत्ता लागिसकेको छैन । तर, व्यायामप्रेरित 'हाइपोल्जेसिया'का कारण आउने मनोवैज्ञानिक परिवर्तनसँग यसको सम्बन्ध रहेको हुन सक्छ । व्यायाम गर्दा र गरिसकेपछि हुने दुखाइको कमीबारे मानिसले सुनाउने अनुभवतर्फ विज्ञहरूले संकेत गरेका छन् ।

यसको एउटा राम्रो उदाहरण धावकहरू उच्च गतिमा दौडँदा शरीरले उत्पादन गर्ने 'इन्डोर्फिन्स' नामक हर्मोन हो । यस्ता हर्मोन रिसेप्टर्ससँग नशालु पदार्थजसरी नै जोडिएका हुन्छन् र दुखाइ कम गर्छन् ।

इन्डोर्फिन्सहरू इन्डोक्यानाडिनोइड प्रणालीका केही हिस्सा मात्र हुन् । यो प्रणाली एउटा बृहत् सेल-सिग्नलिङ नेटवर्क हो । यसमा ठूलो हिस्सा इन्डोक्यानाडिनोइड र त्यसका रिसेप्टर्सहरूको हुन्छ । शरीरले उत्पादन गर्ने यी न्युरोट्रान्सिमिटर्स निद्रा नियमित लगाउने, भोक जगाउने, मुड राम्रो बनाउनेलगायत धेरै प्रक्रियामा संलग्न हुन्छन् । तर, दुखाइ केवल मनोवैज्ञानिक अनुभव मात्र होइन ।

अभ्यासले केही हदसम्म पीडा पनि निम्त्याइरहेको हुन्छ । व्यायाम गर्दा शरीर अत्यधिक चल्छ र दुख्न थाल्छ । अर्थात्, पीडा विश्लेषणको हाम्रो तरिका परिवर्तन गर्ने सामर्थ्य पनि व्यायामसँग हुन्छ । वर्कआउटका दौरान हुने कठिन अनुभवले दुखाइजस्ता तनावपूर्ण अवस्थामा पनि सहज हुन सक्ने हाम्रो सामर्थ्यलाई बढावा दिन्छ । शारीरिक गतिविधिले आत्मसामर्थ्य पनि बढाउँछ । पीडाका बाबजुद हामी केही कुरा गर्न सक्छौं भन्ने मान्यता विकास गरिदिन्छ ।

शारीरिक गतिविधिले हाम्रो मुडमा पनि सुधार ल्याउँछ । जसकारण पीडा सहन सक्ने हाम्रो क्षमता बढ्छ । त्यस्तै, पीडाबाट आफ्नो ध्यान मोड्ने कुरा सिकाउन पनि यसले सहयोग गर्छ । जस्तो, हामी कुद्दा पनि संगीत सुनिरहेका हुन्छौं । नियमित शारीरिक गतिविधिले दुखाइको त्रासबाट मुक्त गर्नका लागि पनि हामीलाई सहयोग गर्छ र पीडा अनुभव गर्न तयार गर्छ । यीमध्ये धेरै टेक्निक 'दुखाइ व्यवस्थापन टेक्निक'का रूपमा पनि प्रयोग भइरहेका छन् । अझै पनि धेरै प्रश्न बाँकी नै छन्, त्यसको उत्तर भविष्यका अनुसन्धानबाट मिल्ला । अहिलेको अध्ययनले व्यायाम हाम्रा लागि कति फाइदाजनक छ भन्ने पक्कै स्मरण गराएको छ ।

(द कन्भर्सेसन डटकमबाट)

गोसाइँकुण्ड जाँदा...



समुद्री सतहबाट ४,३८० मिटर उचाइमा रहेको गोसाइँकुण्ड बौद्ध र हिन्दू समुदायको प्रसिद्ध तीर्थस्थल हो । गोसाइँकुण्ड पदयात्रा स्वदेशी तथा विदेशी पर्यटकका लागि प्रसिद्ध गन्तव्यमध्ये एक हो । जहाँ पदयात्रा गर्दा लाङटाङ, लिरुङ, गङ्चेन्पो, नयाँ खाङ, याला पिक, गणेश हिमाल, मनास्लु हिमाललगायत विभिन्न हिमशृंखलाको मनोरम दृश्य अवलोकन गर्न पाइन्छ । रातो पान्डा, हिमालयन थार, हिमाली भालु, कस्तुरी मृग, हिमाली बाख्रा, हिउँचितुवासहित गुराँस, अर्किड, म्याग्नोलिया, धुपी र अन्य धेरै प्रजातिका वनस्पति तथा वन्यजन्तु देखिन्छ ।



कान्छी डोल्मा
ह्योल्मो, सगरमाथा आरोही/पथप्रदर्शक

कसरी पुग्ने ?

गोसाँइकुण्ड पुग्न धुन्चे हुँदै यात्रा गर्नुपर्छ । काठमाडौं उपत्यकाबाट धुन्चे करिब ११७ किलोमिटर दूरीमा छ । ककनी, गुर्जे भञ्ज्याङ वा गल्छीको बाटो त्रिशूली बजार, कालिकास्थान, रिम्चे हुँदै धुन्चे पुग्न सकिन्छ । यहाँ वास बस्नका लागि धेरै व्यवस्थित होटेलहरू छन् । भोलिपल्ट, धुन्चेबाट घना जंगल, विभिन्न वनस्पति र जीवजन्तुहरूको अवलोकन गर्दै घट्रेखोला, देउराली, डिम्साको ठाडो उकालो हुँदै सिंगोन्पा पुगेर वास बस्न सकिन्छ ।

सिंगोन्पाबाट करिब डेढ घन्टाको पैदलयात्रापछि चोलाङपाटी पुग्न सकिन्छ । चोलाङपाटीबाट फेरि ठाडो उकालो लाग्दै झन्डै दुई घन्टापछि लौरीविना पुगिन्छ । लाङटाङ, लिरुङ, गणेश हिमाल, मनास्लु हिमाल र विभिन्न हिमशृंखलाको मनोरम दृश्य देख्न सकिन्छ । त्यसपश्चात् बुद्धडाँडा हुँदै दुई-तीन घन्टा पैदलयात्रापछि सरस्वती कुण्ड, भैरव कुण्ड र केही समयपछि मनमोहक गोसाइँकुण्ड ताल पुगिन्छ ।

हतारमा नगर्नुस् सपिङ

हतारमा सपिङ गर्दा खर्च धेरै लाग्न सक्ने भएकाले व्यवस्थित योजना बनाएर मात्रै सपिङमा जानु राम्रो हुन्छ ।

सपिङको प्लान बनाउँदा सबैभन्दा पहिले तपाईंले किन्नुपर्ने सामानको लिस्ट तय गर्नुपर्छ । के किन्ने र कति खर्च गर्ने भन्ने योजना बनाउनुभयो भने सहज हुन्छ । किनकि, कतिपय मानिस बजारमा पुगेपछि आफू के किन्न आएको हुँ भन्ने नै बिर्सन्छन् । लिस्ट बनाउँदा समय बचत हुन्छ र आवश्यक सामानमा मात्रै तपाईंको ध्यान जाँदा अनावश्यक सामानमा खर्च हुन पाउँदैन । हतारमा सपिङ गर्दा न सामान राम्ररी चेकजाँच गर्न पाइन्छ, न त मज्जाले चाहेजस्तो सामान रोज्न नै पाइन्छ । जस्तो, हतारमा मानिसहरू कपडा किनिहाल्छन् र पछि उनीहरूलाई त्यही कपडा मन पर्दैन । त्यसैले सपिडका लागि पर्याप्त समय निकाल्नुस् । तपाईंले त्यही सामान लिनुस्, जो तपाईंलाई आवश्यक पर्छ ।



■ पुस्तक वार्ता
महेश त्रिपाठी, अभिनेता



संघर्ष सम्झाउने 'एक्लो'

फिल्म छायांकनको समय पुस्तक अध्ययन गर्न मन लाग्दैन । छायांकनको समय आफ्नो क्यारेक्टरमै फोकस हुन्छु । त्यसैले फुर्सदको समय मात्रै पुस्तक पढ्ने गरेको छु । मैले पछिल्लो समय बुद्धिसागरको 'एक्लो' पढें । यो पुस्तकले गाउँबाट सहरमा आएर संघर्ष गर्दाका दिनलाई रिकल गरिदियो । यसअघि कर्णाली ब्लुज पनि पढेको थिएँ । त्यसले मलाई कर्णालीको समाजमा पुऱ्याएको थियो । कर्णाली नपुगी त्यहाँको कथा र समाज बुझ्न पाइयो । अध्ययनले अभिनयमा निखार ल्याउन पनि सहयोग गर्छ । केही पुस्तकले सोच्ने दृष्टिकोणमै परिवर्तन ल्याइदिन्छन् । मलाई विश्वेश्वरप्रसाद कोइरालाका पुस्तकहरू मन पर्छन् । तीन घुम्ती, सुम्निमा, हिटलर र यहुदी आदि पुस्तक निकै मन पर्छ । परिजातको शिरीषको फूल पनि मन पर्ने पुस्तकको सूचीमा पर्छ । कर्ण शाक्यको 'सोच'ले मलाई जीवनप्रति सोच्न बाध्य तुल्याएको थियो । यस पुस्तकको भाषा निकै सहज लाग्यो । रोवर्ट टी. कियोसाको 'रिच ड्याड पोअर ड्याड' पनि निकै मन परेको पुस्तक हो । कसरी व्यावसायिक बन्ने, उद्यमी बन्ने भन्ने विषय यसमा प्रस्तुत गरिएको छ । जन्म दिने बुबा र कर्म दिने बुबा फरक हुन्छन् भन्ने प्रसंग पनि छ । दुई बाबुको तुलना गरिएको छ ।

जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट लिमिटेडको कर्जाको साँवा, व्याज रकम चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०३/०६

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त साविकको जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट प्रा.लि. र हालको जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट लिमिटेडबाट लिएको हायर पर्चेज कर्जा अन्तर्गतको साँवा, व्याज नियमित रुपमा नतिरेको हुँदा उक्त कर्जा असुलीको लागि पटक-पटक तरताकेता गर्दा पनि कर्जा चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सरोकारवालाले यस कार्यालयमा सम्पर्क राखी कर्जा चुक्ता गर्न/गराउनु हुन अनुरोध गरिन्छ । उक्त म्याद भित्र पनि यस कार्यालयमा उपस्थित भई कर्जा चुक्ता नगरेको खण्डमा उल्लेखित ऋणी (फर्मको हकमा साझेदारहरु समेत) र व्यक्तिगत जमानी दिने व्यक्तिलाई प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने व्यहोरा अवगत गराउँदछौं । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसिदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

क.सं.	ऋणी :	जमानतकर्ता :
१.	**नाम : राम विनय प्रसाद यादव** ना.प्र.नं. ३३१०४६-९२६९ जारी मिति : २०६५/०७/२२ बाबुको नाम : हरिहर राउत अहिर बाजेको नाम : इनर राउत अहिर ठेगाना : बारा जिल्ला, बगही वडा नं. ६	**नाम : ललिता देवि यादव** ना प्र नं. ३३-०१-७१-०२९७८, जारी मिति २०७१/०६/३० बाबुको नाम : झापस राउत अहिर बाजेको नाम : रधुनाथ राउत अहिर ठेगाना : बारा जिल्ला, बगही वडा नं. ८
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. प्र २ ह ४३७५, सवारी मोडल : TVS KING DELUXE सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4HJ4869382, च्यासिस नं. MD6M14PA2J4H58450 बनेको साल : २०१८, रङ : हरियो	
	ऋणी :	**जमानतकर्ता :**
२.	**नाम : रियाजुल मिया** ना.प्र.नं. ३४३०२३-४० जारी मिति : २०६३/१२/३० बाबुको नाम : सरातल मिया बाजेको नाम : लान महमद मिया ठेगाना : पर्सा जिल्ला, पर्सागढी वडा नं. ४	**नाम : वासु देव साह** ना प्र न. ३४३०२५-१२८ बाबुको नाम : हरिशंकर साह बमिया बाजेको नाम : असफी दास ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३१
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. ना २ ह ३८०३, सवारी मोडल : TVS KING DELUXE सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4HJ4062418, च्यासिस नं. MD6M14PA8J4H52278 बनेको साल : २०१८, रङ : कालो	
	ऋणी :	**जमानतकर्ता :**
३.	**नाम : राजेन्द्र बहादुर दमाई** ना.प्र.नं. ८९९१२३९३ जारी मिति : २०६२/११/०४ बाबुको नाम : नन्दु दमाई बाजेको नाम : काले दमाई ठेगाना : पर्सा जिल्ला, सौनबर्षा वडा नं. ४	**नाम : गीता परियार** ना प्र नं. ३४१०६९-५८, जारी मिति २०६४/ ११/२७ बाबुको नाम : कृष्ण बहादुर दमाई बाजेको नाम : हस्त बहादुर दमाई ठेगाना : पर्सा जिल्ला, सौनबर्षा वडा नं. ४
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. ना २ ह ४१०९, सवारी मोडल : TVS KING DELUXE सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4HJ4969399, च्यासिस नं. MD6M14PA3J4H58445 बनेको साल : २०१८, रङ : हरियो	
	ऋणी :	**जमानतकर्ता :**
४.	**नाम : सोना देवि मण्डल** ना.प्र.नं. ०९९, जारी मिति : २०४५/०२/०२ बाबुको नाम : भोलटर मण्डल बाजेको नाम : बासुदेव मण्डल ठेगाना : सप्तरी जिल्ला, कोइलाडी वडा नं. ८	**नाम : ललित मण्डल** ना.प्र.नं. २०६२, जारी मिति २०४५/०२/०१ बाबुको नाम : बासुदेव मण्डल बाजेको नाम : पंन्छी मण्डल ठेगाना : सप्तरी जिल्ला, कोइलाडी वडा नं. ८
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. स १ ह ३११०, सवारी मोडल : TVS KING DELUXE सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4GJ4X56272, च्यासिस नं. MD6M14PA3J4H49076 बनेको साल : २०१६, रङ : निलो	
	ऋणी :	**जमानतकर्ता :**
५.	**नाम : मनिश वि.क** ना.प्र.नं. ६०५३९/२५१७ जारी मिति : २०५९ /१२/०७ बाबुको नाम : धन बहादुर वि.क बाजेको नाम : अम्बर सिह कामी ठेगाना : सुर्खेत जिल्ला, मेहेलकुना वडा नं. २	**नाम : अमला कामी** ना.प्र.नं. १०६७/३०९२, जारी मिति २०६०/०१/०९ बाबुको नाम : गार्वधन कामी बाजेको नाम : जिते बुढा ठेगाना : सुर्खेत जिल्ला, गुभाकोट वडा नं. ८
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. भे १ ह ३६५०, सवारी मोडल : TVS KING सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4KJ4675466, च्यासिस नं. MD6M14PA1J4K63685 बनेको साल : २०१८, रङ : रातो	

क.सं.	ऋणी :	जमानतकर्ता :
६.	**नाम : मंजु कुमारी** ना.प्र.नं. १६३०२३/२७६, जारी मिति : २०६३/१०/१५ बाबुको नाम : तेज नारायण मंडल बाजेको नाम : पुरन मंडल ठेगाना : सप्तरी जिल्ला, तिलाठी कोइलाडी वडा नं. १	**नाम : वरुण कुमार राय** ना.प्र.नं. १६-०१-६९-००६९५, जारी मिति : २०६९/०६/२९ बाबुको नाम : हरी चरण राय बाजेको नाम : पुरन मंडल ठेगाना : रोल्पा जिल्ला, रुन्टीगढी वडा नं. ५
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टिभिएस, सवारी दर्ता नं. प्र २ ०१-००१ स १३७४, सवारी मोडल : KING GD सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4KM4X04911, च्यासिस नं. MD6M14PA1M4K05273 बनेको साल : २०२१, रङ्ग : रातो	
	ऋणी :	**जमानतकर्ता :**
७.	**नाम : टंक बहादुर कार्की** ना.प्र.नं. २०४०/३५३, जारी मिति : २०६८/११/१५ बाबुको नाम : हर्क बहादुर कार्की बाजेको नाम : मनिलाल कार्की ठेगाना : दैलेख जिल्ला, दुल्लु वडा नं. ३	**नाम : प्रकाश उप्रेती** ना.प्र.नं. ६४१०२०/८४९५४, जारी मिति : २०६४/१०/२३ बाबुको नाम : पदम राज उप्रेती बाजेको नाम : भूमी दत्त उप्रेती ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रगर वडा नं. ९
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टिभिएस, सवारी दर्ता नं. प्र २ ०३ ००१ स ५३६६, सवारी मोडल : KING DELEUXE सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. OL4NL4100117, च्यासिस नं. MD6M14PL5L4N00019 बनेको साल : २०२०, रङ्ग : रातो	
	ऋणी :	**जमानतकर्ता :**
८.	**नाम : देवकी देवी यादव** ना.प्र.नं. १५३००९/३६, जारी मिति : २०६३/१०/१६ बाबुको नाम : बेचन यादव बाजेको नाम : सिताराम यादव ठेगाना : सिराहा जिल्ला, लहन वडा नं. ३	**नाम : चनदेश्वर यादव** ना.प्र.नं. २९६१५३/३, जारी मिति : २०४४/१२/२६ बाबुको नाम : सिताराम यादव बाजेको नाम : जागेशवर यादव ठेगाना : सिराहा जिल्ला, लहन वडा नं. २१
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टिभिएस, सवारी दर्ता नं. प्र २ ०१ ००१ ह ०४२६, सवारी मोडल : KING DELEUXE सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4AK4257635, च्यासिस नं. MD6M14PA0K4AA2189 बनेको साल : २०२०, रङ्ग : रातो	
	ऋणी :	**जमानतकर्ता :**
९.	**नाम : दिपक कुमार देउला** ना.प्र.नं. २२९९६, जारी मिति : २०४९/०५/१० बाबुको नाम : राम चन्द्र देउला बाजेको नाम : कृतिमान देउला ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा वडा नं. ४	**नाम : राधा कुमारी घलान** ना.प्र.नं. ५८-३८७८८, जारी मिति २०६३/०७/१३ बाबुको नाम : प्रेम बहादुर घलान बाजेको नाम : सुरज बहादुर देउला ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा वडा नं. ४
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. ना २ ह २६६८ , सवारी मोडल : TVS KING सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4BJ4304706, च्यासिस नं. MD6M14PAXJ4B03808 बनेको साल : २०१८	
	ऋणी :	**जमानतकर्ता :**
१०.	**नाम : लालबाबु झा** ना.प्र.नं. २०६६/९३, जारी मिति : २०६६/१२/२३ बाबुको नाम : देवेन्द्र झा बाजेको नाम : जीवछ झा ठेगाना : महोत्तरी जिल्ला, फुलकांहा वडा नं. ३	**नाम : दुनी देवि झा** ना.प्र.नं. ३९९९/०६१/६२, जारी मिति २०६२/०१/११ बाबुको नाम : कृष्ण चन्द्र मिश्र ससुराको नाम : जविछ झा ठेगाना : महोत्तरी जिल्ला, फुलकांहा वडा नं. ३
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. ज १ ह ४९९१, सवारी मोडल : TVS KING सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4HJ4662212, च्यासिस नं. MD6M14PA9J4H52080 बनेको साल : २०१८	

क.सं.	ऋणी :	धितो सुरक्षणको विवरण :
११.	**नाम : भोज मिया अन्सारी** ना.प्र.नं. ३३-०१-७५-०४४४८, जारी मिति : २०७५/०४/११ बाबुको नाम : ममारक मिया अन्सारी बाजेको नाम : अब्दुल मिया ठेगाना : बारा जिल्ला, देवताल वडा नं. २	सवारी साधनको नाम : टि.एस टेम्पो, सवारी दर्ता नं. : ना २ ह ३४२६, सवारी मोडल : TVS KING सवारी साधनको किसिम : टेम्पो इन्जिन नं. AK4GJ4645989 च्यासिस नं. MD6M14PA5J4G38125 बनेको साल : २०१८, रङ : हरियो
	जमानतकर्ताहरु : **नाम : ओसी अख्तर अन्सारी** ना.प्र.नं. १०६७/३०९२, जारी मिति २०६०/०१/०९ बाबुको नाम : इस्माईल मिया अन्सारी बाजेको नाम : उत्तिम मिया अन्सारी ठेगाना : बारा जिल्ला, देवताल वडा नं. ५	**नाम : गफुर मिया अंसारी** ना.प्र.नं. ३३-०१-७२-०६८८०, जारी मिति २०७२/११/३० बाबुको नाम : अब्दुल मिया बाजेको नाम : हरिफ मिया ठेगाना : बारा जिल्ला, महागढीमाई वडा नं. ५
	ऋणी :	**जमानतकर्ता :**
१२.	**नाम : दिलिप पुन** ना.प्र.नं. ५५०१३७-२८३, जारी मिति : २०७०/०१/२१ बाबुको नाम : गोवर सि पुन बाजेको नाम : सुवलाल पुन ठेगाना : सल्यान जिल्ला, गोपघाट वडा नं. ११	**नाम : गोवर धन पुन** ना.प्र.नं. ३३२९ जारी मिति २०४२/०३/०८ बाबुको नाम : सुकलाल पुन बाजेको नाम : अम्मर पुन ठेगाना : बारा जिल्ला, देवताल वडा नं. ५
	धितो सुरक्षणको विवरण : सवारी साधनको नाम : टि.भि एस टेम्पो, सवारी दर्ता नं. भे १ ह ३८३६, सवारी मोडल : TVS KING सवारी साधनको किसिम : टेम्पो, इन्जिन नं. AK4GJ4955554, च्यासिस नं. MD6M14PA5J4G46077 बनेको साल : २०१८, रङ : हरियो	
	ऋणी :	**धितो सुरक्षणको विवरण :**
१३.	**नाम : सोम बहादुर चेपाङ** ना.प्र.नं. ३५-०१ख७०-०१७६२, जारी मिति : २०७०/१०/२४ बाबुको नाम : राम बहादुर चेपाङ बाजेको नाम : आईत राम चेपाङ ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ७	सवारी साधनको नाम : टि.एस टेम्पो, सवारी दर्ता नं. : बा ०३ ००१ ह ०८९३, सवारी मोडल : TVS KING, सवारी साधनको किसिम : टेम्पो इन्जिन नं. OL4AMA600064 च्यासिस नं. MD6M14PL3M4A00042 बनेको साल : २०१८, रङ : निलो
	जमानतकर्ताहरु : **नाम : समिर चेपाङ** ना.प्र.नं. ३५-०१-७५-०८०९३, जारी मिति २०७५/०७/३० बाबुको नाम : राम बहादुर चेपाङ प्रजा बाजेको नाम : आईत राम चेपाङ ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ७	**नाम : पदम भट्टराई** ना.प्र.नं. ८३५३, जारी मिति २०५५/०३/३१ बाबुको नाम : छविलाल आचार्य बाजेको नाम : हरिलाल आचार्य ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ७

पुनश्च : यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भुक्तान गर्नुहुन अनुरोध गर्दछौं । अन्यथा उपरोक्तानुसार सूचना प्रकाशित गरिने व्यहोरा सम्बद्ध पक्षलाई जानकारी गराइन्छ ।

JAGDAMBA CREDIT®
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)
जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट लिमिटेड
दोस्रो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं,
फोन नं. ०१-४५११६०० टोल फ्रि नं. १६६००१११६००

समाजवादी मोर्चाको अनुहार

भन्नलाई जे भनिए पनि मोर्चा बनाएर यसमा सामेल संसद्वादी दलले अन्य दुई ठूला दलसँग आफ्नो मोलमोलाइको शक्ति बढाएका छन्



● प्रा. कृष्ण पोखरेल

अग्रलेख

लामो रस्साकस्सी र कब्जियतपछि बल्ल हिजो नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र नेत्रविक्रम चन्द विप्लवको पार्टी नेकपा मिलेर समाजवादी मोर्चा बन्यो । यसले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको विशेषता पहिचान गरी समाजवादको नेपाली बाटो तय गर्ने मुख्य उद्देश्य राखेको छ । आफ्नो उद्देश्यमा यो मोर्चा कति सफल होला, त्यो त्यसमा आबद्ध राजनीतिक दलका नेताको आपसी विश्वास, इमानदारी, तिनको सुझबुझ र कार्यसञ्चालनका मार्गमा आउने चुनौती सामना गर्ने तिनको क्षमतामा भर पर्ला । त्यसैले, अहिले नै यो सफल भइहाल्छ वा असफल नै हुन्छ भन्ने निष्कर्ष निकाल्नु हतारो हुन्छ, किनकि यो भनेको लामो यात्राको पहिलो बिसौनी हो र यसको परिणाम समयक्रममा देखिने विषय हो । पंक्तिकारले यस आलेखमा मोर्चाको दस्ताबेजको अन्तरकुन्तर चियाउने वा त्यसको सकारात्मक र नकारात्मक पक्षबारे पनि विवेचना गरिरहेको छैन ।

पंक्तिकारको नजर मूलतः मोर्चा निर्माणको समय, मोर्चामा सामेल राजनीतिक पार्टीको प्रकृति, समाजवादी मोर्चा निर्माणका लागि लामो समयदेखि दौडधुप गरिरहेका नेताको अनुपस्थिति, प्रमुख प्रतिपक्षी दल एमालेका नेताको प्रतिक्रिया र सत्तारुढ गठबन्धनकै सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको मौनता, कार्यकर्तामा देखिएको उत्साह र आमजनतामा देखिएको अन्यमनष्क भावतर्फ केन्द्रित रहनेछ ।

मोर्चा निर्माणको समय : सबैभन्दा पहिले मोर्चा निर्माणको समयलाई हेरौं । विगतको अनुभवलाई हेर्ने हो भने नेपालमा कि त मोर्चा आन्दोलनका लागि बन्ने गरेका छन् कि त निर्वाचनका लागि । तर, यतिवेला न त आन्दोलनको मौसम छ, न त निर्वाचन नै सन्निकट छ । उसो भए यो मोर्चा अहिले नै किन ? हो, यहींनेर मोर्चाको घोषित उद्देश्य र वास्तविकतामाझ गहिरो खाई देखिन्छ । वास्तवमा भन्नलाई जे भनिए पनि यो मोर्चामा सामेल संसद्वादी दल अन्य दुई ठूला दलसँग आफ्नो मोलमोलाइको शक्ति बढाउन चाहन्छन् ।

अब मोर्चामा आबद्ध दलको प्रतिनिधिसभाको अंकगणित ५४ को बेवास्ता गर्ने नमिल्ने ठाउँमा पुग्छ, जसले गर्दा कांग्रेस र एमाले नै मिल्ने अवस्थामा बाहेक थिनलाई पन्छाएर कुनै सरकार बन्न सक्दैन । र, फेरि अहिलेदेखि नै मोर्चाको अभ्यास गर्न सकियो र यसले सकारात्मक परिणाम दियो भने सुदूर भविष्यमा हुने आमनिर्वाचनमा यसपटकको जस्तो भड्का व्यहोर्नु पर्नेछैन भन्ने पनि आकलन होला दलहरूको । यसबाहेक पनि माओवादीलाई नेत्र विक्रमको साथले आफ्नो इमेज उकास्ने अवसर, जनता समाजवादीलाई जनमत पार्टीको धक्काबाट बच्ने सामर्थ्य र एकीकृत समाजवादीलाई किस्ता-किस्तामा आफ्ना नेता-कार्यकर्ता एमालेमा फर्किने भयबाट मुक्ति पनि कारण हुन सक्छन् ।

फरक प्रकृतिका दलको सामेली : अब एकपटक यो समाजवादी मोर्चामा सामेल राजनीतिक दलको प्रकृतितर्फ नियालौं । नेत्रविक्रम चन्दको पार्टीबाहेक अरू त संसदीय राजनीतिमा खाई-खेली रमाएकै दल हुन् । उनीहरूसँग बिल्कुल विजातीयजस्तो देखिने र क्रान्तिको रापतापले सुसज्जित पार्टी कसरी र किन यो मोर्चामा आबद्ध हुन आयो होला ? संसद्वादी दलका लागि त मोर्चामा थप एउटा दल आउने र त्यो पनि भड्किएर हिंसाको बाटामा हिँडेको शक्ति शान्तिपूर्ण राजनीतिमा आउने हुँदा ठिकै हुने होला । तर, प्रश्न त 'नयाँ प्रचण्ड' बन्न हिँडेका चन्द किन यी संसद्वादीको मोर्चामा आए भन्ने हो नि ! पंक्तिकारलाई लाग्छ, यसका केही खास कारण हुन सक्छन् ।

एउटा त आफू हिँडेको बाटोबाट पुनः हिजोको जस्तो शक्ति आर्जन गर्न सकिन्न भन्ने अनुभूति, अर्को विभाजनका कारण शक्ति क्षयको अवस्था । यीअतिरिक्त माओवादी केन्द्रमा पुस्तान्तरको अवस्था आउँदा त्यहाँ आफ्ना लागि स्थान बनाउन सकिन्छ कि भन्ने आकलन पनि हुन सक्छ । अन्यथा, वैज्ञानिक समाजवाद खोज्न हिँडेको दलका लागि यी रंगीचंगी समाजवादीसँग नारिनुपर्ने बाध्यता कसरी आइपुग्यो होला ?



खड्किएको विषय : यो समाजवादी मोर्चामा डा. बाबुराम भट्टराईको अनुपस्थिति सबैभन्दा खड्किएको विषय हो । दुनियाँ जान्दछ कि यो समाजवादी मोर्चा उनकै मानस-सन्तान हो । यसका लागि उनले लामै गृहकार्य पनि गरेका थिए । उपेन्द्र यादवसँग छुट्टिएपछि उनले गठन गरेको दलको नाम नै नेपाल समाजवादी पार्टी राखे । त्यति मात्र होइन, यसका लागि उनले माओवादी केन्द्रसँग चुनावी तालमेल पनि गरे । तर, उनै डाक्टर साहेब यो मोर्चामा अटाएनन् । के मोर्चाभित्र सामेल कुनै एक दलका नेतासँगको उनको वैरभाव नै त यसको कारण होइन ? यदि यही नै कारण हो भने मोर्चा गठनमै निषेधको राजनीति गर्नेहरूको आगामी यात्रा कति निरापद होला ? यसको जवाफ मोर्चा निर्माणका हर्ताकर्ताले नदिई धर पाउँदैनन् ।

> मोर्चा गठनका लागि लामो गृहकार्य गरेका डा. बाबुराम भट्टराई मोर्चामा अटेनन् । मोर्चाभित्र सामेल कुनै एक दलका नेतासँग उनको वैरभाव नै यसको कारण त होइन ? यदि हो भने मोर्चा गठनमै निषेधको राजनीति गर्नेहरूको आगामी यात्रा कति निरापद होला ?

अन्य दलको प्रतिक्रिया : जहाँसम्म प्रमुख प्रतिपक्षी दल एमालेको नकारात्मक प्रतिक्रियाको प्रश्न छ, त्यो बुझ्न सकिन्छ । आफूलाई मात्र समाजवादको ठेकेदार ठान्ने त्यस पार्टीका अध्यक्षको यो मोर्चा आफ्ना लागि चुनौती बन्ने आकलन होला । यसले संसद्भित्र गणितीय खेल खेलेर खेलोफड्को गर्ने बाटो थुनेको अनुभूति पनि हुन सक्छ । सबैभन्दा ठूलो विषय एकीकृत समाजवादीलाई फुटाएर वा लोभ्याएर आफ्नो संसदीय शक्ति बढाएर कांग्रेस टक्करको पार्टी बन्ने सम्भावनामाथि छेकबार लाग्ने अवस्था आएका कारण पनि त्यो दल तिलमिलाएको हुन सक्छ ।

अब एकपटक सत्तारुढ गठबन्धनभित्रको सबैभन्दा ठूलो दल कांग्रेसतर्फ फर्कौं । समाजवादी मोर्चा निर्माणको लामो रस्साकसी हुँदादेखि बन्दासम्म पनि त्यो दलले पक्ष वा विपक्षमा कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । यसको सोझो अर्थ हो, उसलाई यसबाट कुनै घाटा-नाफा हुनेवाला छैन । न उसको भोटबैंकमा नकारात्मक प्रभाव पर्नेवाला छ, न त सत्ता गठबन्धन दाहिने-देब्रे हुनेवाला छ । 'हिंग लगे न फिटकिरी,' अतः ऊ निश्चिन्त हुनु त स्वाभाविकै हो ।

प्रतिक्रिया : अब एकपटक मोर्चा घोषणाको सभास्थलमा देखिएको कार्यकर्ताको उत्साह, सामाजिक सञ्जालमा आएका नकारात्मक टिप्पणी र आमजनतामा देखिएको अन्यमनष्क भावलाई अर्थ्याऊँ । कार्यकर्ता उत्साही हुनु त स्वाभाविक छ, किनकि यदि यो मोर्चाको प्रयोग सफल भयो भने त्यसले तिनको हैसियत त बढ्ने नै भयो र त्यसमा थप तिनको अन्य दलसँगको प्रतिस्पर्धी क्षमता पनि बढ्ने निश्चित छ । रह्यो, सामाजिक सञ्जालको कुरा । त्यो भनेको कि कसैलाई सर्काउन लागिपर्छ कि उडाउन । उनै जाँचिसकिएका नेताहरूको जमघटलाई सर्काउनभन्दा उडाउँदा वाहवाही पाइने हुँदा ती त्यता लाग्ने नै भए । जहाँसम्म आमजनताको प्रश्न छ, ती पटक-पटक राजनीतिक दलहरूसँग यसरी ठगिएका छन् कि तिनलाई राजनीतिक दलका हरेक फन्डा झुटो लाग्छ । अतः तिनले परिणाम देखे भने मात्रै पत्याउने अवस्था छ । तिनका लागि यो मोर्चा 'ढाँटको निम्ता खाई पत्याउनु' भनेझैं भएको छ ।

अन्त्यमा : र, अन्त्यमा समाजवादकै कुरा गरेर आलेख टुंग्याऊँ । बीसौं शताब्दीका प्रसिद्ध बेलायती समाज वैज्ञानिक सिइएम जोडले भनेका थिए, 'समाजवाद यतिवेला जसले पनि टाउकोमा भिरेका कारण आकृति गुमाएको टोपीजस्तो भएको छ ।' उनको यो कथन हाम्रो मुलुकको परिवेशमा ठ्याक्कै मिल्छ । हाम्रो त संविधान नै समाजवादउन्मुख छ । समाजवादी नामै भएका र पुच्छर जोडिएका पार्टी पनि बग्रेल्ती छन् । कोही लोकतान्त्रिक समाजवादी छन् भने कोही बहुदलीय समाजवादी, त कोही वैज्ञानिक समाजवादी । हुँदाहुँदा सत्तारुढ दलविरुद्ध सिर्जित जनअसन्तोषको बुई चढेर उदय भएको दलसमेत समाजवादतर्फ लाग्न अग्रसर देखिन्छ । यी सबैबीच अस्तित्वमा आएको छ, यो समाजवादी मोर्चा ।

आजको जमाना प्रभावकारी राज्यको हो । मुलुकमा कुन वादको शासन छ भन्दा पनि कसले व्यापक जनसमुदायको हितमा प्रभावकारी शासन दिन सक्छ, त्यसले अर्थ राख्छ र त्यो चल्छ पनि । समाजवादकै वैचारिक आवरणमा पनि 'झुर शासन' भयो भने त्यसको पछि कोही किन सती जान तयार हुन्छ ? यो कुरालाई ध्यानमा राखेर मोर्चा निर्माणमा लागेका दलहरू आआफ्नो 'इमेज' सुधार्दै अघि बढे भने केही होला पनि । होइन भने जुन जोगी आए पनि कानै चिरिएका त हुन् नि भन्ने भाष्य जनतामा जान बेर लाग्दैन । यसको हेक्का समाजवादी मोर्चाका निर्मातालाई हुन जरुरी छ ।

@cris_pokharel

---

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



नेपालका लागि मोदी–बाइडेन भेटवार्ताको के महत्त्व छ ?

नेपालमा सामरिक रुचि भएका देशहरूको उच्चस्तरीय भेटमा नेपालबारे गम्भीर विमर्ष र गहुंगा समझदारी हुने गरेका छन् । सन् १९७५ मा राष्ट्रपति फोर्ड र चीनियाँ उपप्रधानमन्त्री देंगबिच भएको कुराकानी तथा सन् २०१५ मा प्रधानमन्त्री मोदी र ब्रिटिस प्रधानमन्त्री क्यामरुनबीचको समझदारीको हेक्का नेपाल सरकारले राख्नुपर्छ । जानकारी लिएर मूल्यांकन गरी उचित सम्बोधन गर्ने शासकीय दक्षता देखाउन चुक्नु हुँदैन ।

यसबाट नेपाललाई पर्ने प्रभाव के हो ?

अमेरिकी सामरिक चिन्तन र योजना चीनकेन्द्रित हुनु र 'भारतलाई २१औं शताब्दीको महत्त्वपूर्ण द्विपक्षीय सम्बन्ध' मान्नुले गुरुत्व प्रस्ट हुन्छ । ७६ वर्ष लामो कूटनीतिक सम्बन्धमा अमेरिकाले भारतका दोस्रो प्रधानमन्त्रीलाई राजकीय भ्रमणमा निम्त्याउनुले यसको महत्त्व बताइसकेको छ । मोदी र बाइडेनबीच हुने वार्ता, बन्ने समझदारी तथा हस्ताक्षर हुने सम्झौताले अमेरिका र चीनबीचको प्रतिस्पर्धामा धार थप्नेछ, दिल्ली र बेइजिंगबीचको द्वन्द्व बढाउनेछ । यसको कूटनीतिक, राजनीतिक र सामरिक राप खप्न नेपाल बाध्य हुनेछ ।

प्रस्टसँग भन्नुस् न, नेपालले के गर्नुपर्छ ?

'यस भ्रमणबाट दुई देशको सम्बन्धमा नयाँ मानक स्थापित हुने' सम्बन्धलाई भविष्यको लय अनुकुल 'हृष्टपुष्ट बनाउने' दस्ताबेज जारी हुने अमेरिकाले बताएको छ । वासिंगटन र दिल्लीको चीननीति नेपालसँगको सम्बन्धमा प्रतिध्वनित हुन थालेको र नेपालको आन्तरिक राजनीति भारत, चीन र अमेरिकाको पक्ष विपक्षमा ध्रुवीकरण भइरहेको अवस्थामा भारत, चीन र अमेरिकाबीचको द्वन्द्वबाट जोगिने र तीनै देशको विश्वास आर्जन गर्ने कूटनीतिक सिप र शासकीय दक्षता नेपालले सिद्ध गर्नुपर्छ ।

प्रेरक प्रसंग

कामको सम्मान

एक सूचीकारका छोरा कक्षा चारमा पढ्दै थिए । उनी हरेक दिन विद्यालय जान्थे र मिहिनेतसाथ पढ्थे । उनका पिता गाउँका एक नामी सूचीकार थिए । उनी बडो मिहिनेतसाथ आफ्नो काम गर्थे । गाउँलेहरू नयाँ लुगा सिलाउनुपर्दा उनैलाई खोज्थे ।

एक दिन बालकको विद्यालय बन्द थियो । उनी पितासँगै पसलमा गए । पसलमा पुगेपछि उनी यताउता हेर्दै खेल्न थाले । उनका पिता लुगा काँटछाँट गरी सिलाइमा व्यस्त भए । जब-जब सूचीकार लुगा काट्थे, उनी चकटीमुनिबाट कैंची निकाल्थे । काटिसकेपछि पुनः त्यसलाई बडो जतनसाथ त्यहीं चकटीमुनि घुसार्थे । त्यसैगरी उनी जब-जब लुगा सिउँथे, सिइसकेपछि सियोलाई आफ्नो टोपीमा सिउरिन्थे । बालकले यो दृश्य पटक-पटक देखे । उनको मनमा बडो खुल्दुली उत्पन्न भयो । बुबाले सियोलाई टोपीमा र कैंचीलाई चकटीमुनि किन घुसारिरहेका होलान् भन्ने उनको मनमा प्रश्न उब्जियो । उनी बिस्तारै पिताको नजिक गए र मसिनो स्वरमा भने-



बुबा ! के म हजुरलाई एउटा प्रश्न गर्न सक्छु ? पिता कमिजमा टाँक लगाउँदै थिए । छोराको जिज्ञासा सुनेपछि काम टक्क रोकेर उनले छोरातिर पुलुक्क हेरे र भने- मलाई केही सोध्न पनि तिमीले अनुमति लिइरहनुपर्छ त ? सोध न, जे सोध्न चाहन्छौ । बालकले भने- हजुरले प्रत्येकपटक कपडा काटेपछि कैंचीलाई चकटीमुनि घुसार्नुभयो भने सियोलाई चाहिँ काम सकिएपछि टोपीमा सिउरिनुभयो । यसको रहस्य के हो ? छोराको प्रश्न सोधेपछि पिता मुसुक्क मुस्कुराए र भने- बाबु, कैंचीले जहिल्यै अरूलाई काट्छ, छुट्याउँछ । त्यसैले, अरूलाई काट्ने या अलग गर्नेको स्थान जहिल्यै तल हुन्छ । त्यसैगरी, सियोले जहिल्यै अरूलाई जोड्छ । अरूलाई जोड्नेको स्थान भने जहिल्यै माथि हुन्छ । त्यसैले, म जहिल्यै कैंचीलाई आफूभन्दा तल र सियोलाई आफ्नो शिरमा राख्ने गर्छु ।

बालक सानै थिए । तर, उनले पिताको भनाइबाट निकै ठूलो र गहन शिक्षा प्राप्त गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सडकको भारवहन कति ?

काठमाडौं महानगरमा गुड्ने ठूला मालवाहक गाडीको भारले यहाँका मुख्य तथा सहायक सडक एवं गल्ली दिनदिनैजस्तो बिग्रिँदै गइरहेका देखिन्छन् । सडकले वहन गर्न सक्नेभन्दा बढी क्षमताका ठूला सवारीसाधन सञ्चालन गर्दा भित्री सहरका खानेपानी तथा ढलका पाइप फुट्ने, पिच उप्किनेजस्ता समस्या बढिरहेका देखिन्छन् । त्यसैले, तीनै तहका सरकार र अन्य सरोकारवाला निकायले राजधानी काठमाडौंका सडकको क्षमतालेभ्याउनेसम्मका सवारीसाधन मात्र सञ्चालन गर्न पाइने नीति तयार गरी कार्यान्वयन गर्नुपर्छ । साथै, सडकको क्षमता वृद्धिमा पनि ध्यान दिनुपर्छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

मुद्दा किन फिर्ता लिइएको हो ?

वर्तमान सरकारले नक्कली भुटानी शरणार्थी प्रकरणमा लिएको अडान र हाइप्रोफाइल अभियुक्तलाई जेल पठाउने कार्यले सरकारको वाहवाही भइरहेको समयमा त्रिविका उपप्राध्यापक प्रेम चलाउनेमाथि सांघातिक आक्रमण गर्ने अभियुक्तविरुद्धको मुद्दा फिर्ता लिएर सरकारले गम्भीर गल्ती गरेको छ । उपप्राध्यापक चलाउनेको ज्यान लिने आपराधिक कार्यमा संलग्न अभियुक्तको मुद्दाको अन्तिम किनारा अदालती प्रक्रियाबाटै लगाउन छाडिदिनुपर्नेमा सरकारले मुद्दा फिर्ता लिएर अपजसको भारी बोकेको छ । सरकारले आफ्नो यो निर्णय अविलम्ब सच्याउनुपर्छ ।

● **वन्दना निरौला**
कीर्तिपुर, काठमाडौं

मापदण्ड बनाएर मुद्दा फिर्ता लेऊ

सरकारले हरेक वर्ष करिब १५ सय कैदीको सजाय मिनाहा गर्दै आएको रहेछ । तर, यसरी मुद्दा फिर्ता हुने अधिकांश कैदीबन्दी राजनीतिक दलनिकट र राजनीतिक पहुँच भएका व्यक्ति पर्ने गरेको देखिन्छ । यसरी आफ्ना मान्छे जतिसुकै जघन्य अपराधमा जेल परेका भए पनि तिनलाई छुटाउने मौका बनेको छ सरकारका लागि । यसरी मनलाग्दी मुद्दा फिर्ता लिने परिपाटी तत्काल रोकिनुपर्छ र मापदण्ड बनाएर मुद्दा फिर्ता लिने व्यवस्था गरिनुपर्छ ।

● **अमृता बलम्पाकी मगर**,
कुलेश्वर, काठमाडौं

के नेपालमा रोजगारी छैन त ?

माध्यमिक तहको शिक्षक भएको नाताले विद्यार्थीलाई +२ पछि के गर्छौं भनेर सोध्दा, सके अमेरिका, अस्ट्रेलिया या क्यानडा जान्छु, सकिनँ भने युरोपका केही देश जान प्रयत्न गर्छु भन्ने उत्तर आउँछ । यस्तो जवाफ सुन्दा मलाई खासै अचम्म लाग्दैन, यो पहिल्यैदेखि सुन्दै आएको हो । के नेपालमा काम पाइन्न र ? भन्ने प्रश्नको पनि उत्तर खोजैं मैले, जवाफ पाएँ, छ । खोज्ने हो भने नेपालमा जति पनि काम छन् र पाइन्छन् पनि । सरकारले रोजगारीलाई उचित प्राथमिकता नदिए पनि, नेपालसँग ठुल्ठूला उद्योगधन्दा नभए पनि, नेपाली जनसंख्यालाई पुग्ने काम नेपालमै छ । सुन्दा अचम्म लाग्ला, तर यो सत्य हो, किनभने नेपालमा प्रतिडाक्टर, प्रतिइन्जिनियर, प्रतिशिक्षक इत्यादिमा जनसंख्या भाग लगाउँदा एकदमै ठूलो हिस्सालाई डाक्टर, व्यवसायी, शिक्षकले हेर्नुपर्ने देखिन्छ । नेपाल विकासको बाटोमा हिँड्दै गरेको देश भएका कारण व्यावसाय गर्न, नयाँ काम गर्न उचित वातावरण र फाइदा पनि छ । जस्तै नेपालमा किसान, व्यवसायी र शिक्षकको संख्या अहिले पनि निकै कम छ । तर, हामी नेपालमै बसेर काम गर्न लजाउँछौं । हामी विदेशका ठूला घर, चौडा सडक, सुखमय जीवन देखेर लालायित हुन्छौं र त्यतै जान-बस्न आकर्षित हुन्छौं । हामीलाई नेपालमै पढाउनु वा व्यवसाय गर्नुभन्दा विदेशमा भाँडा माझ्नु नै उचित लाग्छ । त्यो भनेको उनीहरूको देश बनाउनु हो र जीवनको महत्त्वपूर्ण हिस्सा अरूका लागि बिताउनु हो । त्यसैले हामीले राम्ररी पढी, बुझी स्वदेशमै केही गर्नुपर्छ र देशको पनि भविष्य हेर्नुपर्छ ।

● **दीपेन्द्र तामाङ**, गैरीमुदी, दोलखा
dipendratamanghappyfine@gmail.com

योग : मानवजीवनको सुन्दरता

मानसिक तथा शारीरिक ऊर्जा प्राप्तिका लागि योगलाई नियमित जीवनशैलीका रूपमा ग्रहण सके व्यक्ति, परिवार र समाजमा सकारात्मक परिवर्तन आउनेछ



● ज्ञानेन्द्रविक्रम महत

योग मानव निर्मलताको अर्को नाउँ हो । शरीर र मनको आडभरोसा अनि भित्री खुसी पनि हो योग । किनभने योगबाट सकारात्मक जीवनशैली, आत्मानुशासन, व्याधिमुक्त र समाधियुक्त जीवनको संकल्पना, आत्मोपचार, आत्मदर्शन, आत्मऔषधि र आत्मचिकित्सा प्राप्ति हुन्छ । मानवजीवनको पूर्णता भनेकै यही हो ।

आफूलाई चिन्न, खार्न, जीवनको सही प्रबन्धन गर्न, गुणकारी भाव महसुस गर्न, दया, करुणा, सहानुभूति, प्रेम, आफ्नोपन एवं श्रद्धाभक्ति अनि जीवनको दिव्य र सकारात्मक रूपान्तरण योगको मर्म हो ।

पतञ्जली योगपिठ, उत्तराखण्ड भारतका संस्थापक योगऋषी स्वामी रामदेवजी तथा सायुर्वेद शिरोमणि आचार्य बालकृष्णजी २०६४ यता योग शिक्षा प्रवाह गर्ने क्रममा नेपाल आएपछि ऋषिमुनिहरूको पवित्र भूमि तथा पावन तपस्थली हाम्रो देश नेपालमा पनि योगले व्यापकता पाएको हो । जसले गर्दा आजकल विकटदेखि राजधानीसम्मका हरेक, चोक, पेटी, नदीकिनार, बस्ती आदिमा योग अनुरागीको मुस्कानसहितको उपस्थिति हरेक बिहानीको समयमा छ्याछ्प्ती देख्न पाइन्छ । अनि यससँगै देखिन्छ, खुसी र हाँसो पनि ।

योगविधिको चर्चा गर्दा मानव स्वास्थ्यलाई तत्काल र प्रत्यक्ष फाइदा गर्ने सबैभन्दा महत्त्वपूर्ण विधि हो प्राणायाम । प्राणायामलाई विभिन्न आठ प्रक्रियामा क्रमबद्ध गरिएको छ ।

१. भस्त्रिका (५ देखि १० मिनेट)
२. कपालभाती (१५ देखि ३० मिनेट) (अति महत्त्वपूर्ण)
३. बाह्य प्राणायाम (३ देखि ११ पटक)
४. उज्जायी प्राणायम (घाँटी खिचेर श्वास तान्ने, केही बेरपछि छोड्ने)
५. अनुलोम विलोम (१५ देखि ३० मिनेट) अति महत्त्वपूर्ण
६. भ्रामरी (५ देखि १० पटक)
७. उद्गिध प्राणायम (५ पटकसम्म)
८. प्रणव (५ देखि १० मिनेट, ध्यानात्मक)

प्राणायमका यी आठ विधिका साथै तीनदेखि १० पटकसम्म अग्निसार क्रिया गर्नु पनि जरुरी हुन्छ । यसरी नियमित रूपमा प्राणायामका सबै प्रक्रिया पूरा गर्नाले मानिस स्वस्थ रहन्छ । उसले आफ्नो दैनिकीमै सहज अनुभूति गर्छ । योगले रोग प्रतिरोधी क्षमता वृद्धि मात्रै हुँदैन, व्यवहारमै थुप्रै परिवर्तन आउँछ र मुहारमा छुट्टै कान्ती छाउँछ । प्राणायम आन्तरिक सूक्ष्म व्यायाम हो । अगाध ऊर्जा प्राप्तिको स्रोत हो । अनि एक प्रकारको विपश्यना पनि । मानिसभित्र असीमित खुसी र प्रसन्नता छ, जुन प्राणायामबाट प्रस्फुटन हुन्छ । अनि उद्वेग, चिन्ता, क्रोध, निराशा, भय र कामुकताजस्ता मनोविकारको उपचार पनि प्राणायामबाटै सहज रूपमा गर्न सकिन्छ । यस्ता विकारको उपचारले दिव्य जीवनको प्राप्ति हुन्छ ।

गायत्री मन्त्रदेखि शान्तिपाठसम्म योगको प्याकेज नै हुन्छ । सुख, शान्ति र शुद्धि मात्रै होइन, ऊर्जा प्राप्तिका लागि योगलाई नियमित जीवनशैलीका रूपमा ग्रहण सके व्यक्ति, परिवार र समाजमा सकारात्मक परिवर्तन आउनेछ । यसले समग्र राष्ट्रकै उन्नतिमा टेवा दिनेछ ।



> योग एउटा पूर्ण विज्ञान हो । पूर्ण चिकित्सा पद्धति र पूर्ण अध्यात्म विद्या पनि हो । योग मनुष्यलाई स्वस्थ राख्दै सकारात्मक चिन्तनको पथमा ल्याउने अद्भूत कर्म पनि हो ।

त्यति मात्रै होइन, सकारात्मक सोचको स्रोत मानिने योगले सत्चरित्र, सद्भाव र सहिष्णुताको अभिवृद्धिसमेत गर्छ । योग, विशेषगरी प्राणायाम एउटा पूर्ण विज्ञान हो । यो पूर्ण चिकित्सा पद्धति र पूर्ण अध्यात्म विद्या पनि हो । समष्टिमा योग मनुष्यलाई स्वस्थ राख्दै सकारात्मक चिन्तनको पथमा ल्याउने अद्भूत कर्म पनि हो । स्वस्थ व्यक्ति र सुखी समाज निर्माणमा योगको महत्त्वपूर्ण भूमिका रहन्छ । योगले हाम्रो धार्मिक पर्यटनलाई पनि टेवा दिएको छ । हालसालै सुदूरपश्चिम प्रदेशको तपोभूमि खप्तडमा आयोजना गरिएको प्रथम खप्तड अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलनले ऋषिमुनीहरूको यस तपोभूमिमा योग पर्यटनको पनि ढोका खोलेको छ । सुदूरपश्चिम सरकारको आयोजनामा गरिएको सो कार्यक्रमको अवसरमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको समुपस्थितिमा योगऋषि स्वामी रामदेवजी र आयुर्वेद शिरोमणि आचार्य बालकृष्णजीले सञ्चालन गरेको योग शिविरले राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटकको ध्यान खिचेको छ । यस्ता कार्यक्रमले योग र ध्यान मात्रै होइन, योग पर्यटनको पनि सम्भावना बढाएको छ ।

योगले अन्तर्राष्ट्रिय मान्यतासमेत पाइसकेको छ । सन् २०१४ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको ६९औं महासभाले २१ जुनलाई अन्तर्राष्ट्रिय योग दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । सो घोषणापछि पतञ्जली योग समिति नेपालले पनि प्रत्येक वर्षको २१ जुनलाई योग उत्सवका रूपमा मनाउँदै आएको छ । यस वर्ष पनि २१ जुन (असार ६ गते) विशेष कार्यक्रम गरी अन्तर्राष्ट्रिय योग दिवस मनाइँदै छ ।

(नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक महत पतञ्जली योग समिति नेपालका संरक्षक हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिका पुगे भारतीय प्रधानमन्त्री

वासिंटन डिसी/ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी राजकीय भ्रमणका लागि मंगलबार संयुक्त राज्य अमेरिका पुगेका छन्। अमेरिका प्रस्थान गर्नुअघि प्रधानमन्त्री मोदीले ट्विट गर्दै लेखेका थिए, 'अमेरिका प्रस्थान गर्दै छु, जहाँ म न्युयोर्क सहर र वासिंटन डिसीमा हुने कार्यक्रममा सहभागी हुनेछु। ती कार्यक्रममा योग दिवस मनाउने, राष्ट्रपति बाइडेनसँग वार्ता गर्नेलगायत कार्यसूची छन्।' अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले भारतीय प्रधानमन्त्री मोदीलाई भ्रमणको निमन्त्रणा दिएका थिए।

इरानको नयाँ मिसाइलबाट चिन्तित अमेरिका

एजेन्सी/ इरानले गत जुन ६ मा 'फताह' नामक हाइपरसोनिक ब्यालिस्टिक क्षेप्यास्त्रको अनावरण गऱ्यो। इरानको शक्तिशाली सैन्य बल 'इस्लामिक रिभोलुसनरी गार्ड कार्प (आइआरसिजी)'ले गत वर्ष नोभेम्बरमा पहिलोपटक आफूहरूसँग हाइपरसोनिक मिसाइल भएको घोषणा गरेको थियो, त्यसको अनावरण भने अहिले आएर भयो। यो मिसाइल जुनसुकै मिसाइल प्रतिरक्षा प्रणाली तोड्न सक्षम रहेको उसको दाबी छ, जुन इरानसँग तिक्त सम्बन्ध रहेका पश्चिम र इजरायलका लागि थप चिन्ताको विषय बनेको छ।



हाइपरसोनिक मिसाइल ती क्षेप्यास्त्रलाई भनिन्छ, जो कम्तीमा 'म्याच ५' अर्थात् ध्वनिभन्दा पाँच गुणा तीव्र गतिमा उड्न सक्छन्। यिनले १.७ किलोमिटर प्रतिसेकेन्ड अर्थात् एक घन्टामा कम्तीमा ६ हजार एक सय ७४ किलोमिटर उडान भर्न सक्छन्। इरानले उसको हाइपरसोनिक मिसाइलको दायरा एक हजार चार सय किलोमिटरसम्म पर्ने दाबी गरेको छ। साथै यसले 'म्याच १५' (प्रतिसेकेन्ड ५.१ किलोमिटर)को गतिमा आफ्नो लक्ष्यमा मार हान्न सक्ने दाबी गरेको छ। विश्वमा हालसम्म रुस र चीनले हाइपरसोनिक हतियारका विभिन्न शृंखला प्रदर्शन गरिसकेका छन्। युद्धक्षेत्रमा समेत प्रयोग गर्न मिल्ने हाइपरसोनिक मिसाइल परीक्षण भने मस्कोले मात्र गर्न सकेको छ। अमेरिकाले पनि हाइपरसोनिक क्षेप्यास्त्रको परीक्षण गरेको छ, तथापि ऊ यस प्रविधिमा आफ्ना दुई प्रतिद्वन्द्वी चीन र रुसभन्दा केही पछि छ। इरान अहिले आफूले विकास गरेको हाइपरसोनिक मिसाइल अमेरिकाको भन्दा उन्नत भएको दाबी गरेको छ। मिसाइलको अनावरणको समाचार प्रसारण गर्दा इरानले आफ्नो स्थायी शत्रु मानेको इजरायलका मिडियाले मिसाइल चार सय सेकेन्डभित्रै इजरायलमा पुग्ने प्रचार गरेका थिए। तीव्र गतिका कारण त्यसलाई इजरायलको चर्चित 'आइरन डोम' मिसाइल प्रतिरक्षा प्रणालीले पनि पहिचान गर्न र नष्ट गर्न सक्दैन। वासिंटनले हाइपरसोनिक क्षेप्यास्त्रबारे सीधा टिप्पणी त गरेको छैन, तथापि राष्ट्रिय सुरक्षा परिषद्का अधिकारी जोन किर्बीले बाइडेन प्रशासन 'मध्यपूर्वमा इरानको अस्थिर गतिविधिलाई तथा ब्यालेस्टिक मिसाइल कार्यक्रमको स्तरोन्नतिलाई रोक्न दृढ रहेको' बताए। जुन ६ को हाइपरसोनिक मिसाइल अनावरणलगत्तै अमेरिकाले तेहरानमाथि नयाँ प्रतिबन्ध लगाएको छ, जसमा ब्यालिस्टिक मिसाइल कार्यक्रमका सम्बन्धित प्रतिबन्ध समावेश छन्।

-अल जजिरा

मुक्तिनाथ विकास बैंक लि.को शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना।

(प्रकाशित मिति २०८० साल आषाढ महिना ६ गते बुधवार)

यस विकास बैंकको काठमाण्डौं महानगरपालिका वडा नं.२८ काठमाण्डौ प्लाजामा रहेको शाखा कार्यालय मिति २०८० आषाढ १० गते आईतबार (तद्अनुसार जुन २५, २०२३) देखि हाल रहेको स्थानबाट करिब १०० मिटर पश्चिम तर्फ काठमाण्डौं महानगरपालिका वडा नं. १ मा स्थानान्तरण गरिने हुँदा यस शाखा कार्यालयबाट प्रवाह हुने सम्पूर्ण बैंकिङ्ग सेवा उक्त नयाँ स्थानबाट हुने जानकारी गराउदछौं। यस शाखा कार्यालयबाट लकर सुविधा प्रयोग गरिरहेका ग्राहक महनुभावहरुले आफ्नो बहुमुल्य सामान व्यवस्थापन गर्नुपर्ने भएमा लकर स्थानान्तरण गर्नु अगावै मिति २०८० आषाढ ८ गते कार्यालय समय भित्र सम्पर्क राख्नुहुन सूचित गरिन्छ। साथै यस स्थानान्तरणको कारण मिति २०८०।०३।०९ गते बैंकको यस शाखाको ३६५ दिने बैंकिङ्ग सेवा बन्द हुने समेत जानकारी गराउँदछौं। यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौं।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलालीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिकीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०३/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक सग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार १३ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलालीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. **ऋणीको विवरण:**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम दर्ता नं. ७६५२/१३२ अर्न्तगत मिति २०७१/०६/१२ मा दर्ता कायम भएको **शैलेश्वरी इंटा उद्योग**का सञ्चालक मोहन सिंह देउवाको नाति, धन बहादुर देउवाको छोरा, प्रभा स्वार (देउवा)को पति, डोटी जिल्ला, गड्सेरा न.पा./गा.वि.स., वडा नं.०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. वडा नं.०५ बस्ने **गणेश बहादुर देउवा** (ना.प्र.नं. ८२१/२४, जारी मिति २०३९/०४/०५, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धन बहादुर देउवाको बुहारी, टेक बहादुर स्वारको छोरी, गणेश बहादुर देउवाको पत्नी, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा/गा.वि.स., वडा नं. १२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा., वडा नं. ०५ बस्ने **प्रभा स्वार (देउवा)** (ना.प्र.नं. १४१२६, जारी मिति २०३५/१०/०१, जिल्ला प्रशासन कार्यालय बाँके)।

२. धन बहादुर देउवाको नाति, गणेश बहादुर देउवाको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स, वडा नं.०५ बस्ने **प्रज्वल देउवा** (ना.प्र.नं. ६५८०७, जारी मिति २०६२/०५/२६, जिल्ला प्रशासन कार्यालय कैलाली)।

२. **ऋणीको विवरण:**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, वाणिज्य कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम दर्ता नं.२०८८४/०७२/७३ अर्न्तगत मिति २०७२/०४/०१ मा दर्ता कायम भएको **प्रभा कोल सप्लायर्स**का सञ्चालक धन बहादुर देउवाको नाति, गणेश बहादुर देउवाको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स, वडा नं. ०५ बस्ने **प्रज्वल देउवा** (ना.प्र.नं. ६५८०७, जारी मिति २०६२/०५/२६, जिल्ला प्रशासन कार्यालय कैलाली)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धन बहादुर देउवाको बुहारी, टेक बहादुर स्वारको छोरी, गणेश बहादुर देउवाको पत्नी, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा/गा.वि.स., वडा नं. १२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा., वडा नं. ०५ बस्ने **प्रभा स्वार (देउवा)** (ना.प्र.नं. १४१२६, जारी मिति २०३५/१०/०१, जिल्ला प्रशासन कार्यालय बाँके)।

२. मोहन सिंह देउवाको नाति, धन बहादुर देउवाको छोरा, प्रभा स्वार (देउवा)को पति, डोटी जिल्ला, गड्सेरा न.पा/गा.वि.स., वडा नं.०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. वडा नं.०५ बस्ने **गणेश बहादुर देउवा** (ना.प्र.नं. ८२१/२४, जारी मिति २०३९/०४/०५, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

३. **ऋणीहरुको विवरण:**

मोहन सिंह देउवाको नाति, धन बहादुर देउवाको छोरा, प्रभा स्वार (देउवा)को पति, डोटी जिल्ला, गड्सेरा न.पा/गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हालकैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. वडा नं.०५ बस्ने **गणेश बहादुर देउवा** (ना.प्र.नं. ८२१/२४, जारी मिति २०३९/०४/०५, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ).....१ र धन बहादुर देउवाको नाति, गणेश बहादुर देउवाको छोरा कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स, वडा नं.०५ बस्ने **प्रज्वल देउवा** (ना.प्र.नं. ६५८०७, जारी मिति २०६२/०५/२६, जिल्ला प्रशासन कार्यालय कैलाली)...१ समेत जना २।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. धन बहादुर देउवाको बुहारी, टेक बहादुर स्वारको छोरी, गणेश बहादुर देउवाको पत्नी, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा/गा.वि.स., वडा नं.१२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा., वडा नं. ०५ बस्ने **प्रभा स्वार (देउवा)** (ना.प्र.नं. १४१२६, जारी मिति २०३५/१०/०१, जिल्ला प्रशासन कार्यालय बाँके)।

लिलाम हुने सम्पतीको विवरण:

१. **गणेश बहादुर देउवा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०५ स्थित कित्ता नं. १२३, क्षेत्रफल ५८१.० (व.मी)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **गणेश बहादुर देउवा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं.०६ स्थित कित्ता नं.२३३, क्षेत्रफल १५,२३०.० (व.मी)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. **प्रभा स्वार (देउवा)**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. वडा न.०५ स्थित कित्ता नं. १३५, क्षेत्रफल ४३५.० (व.मी)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. **प्रभा स्वार (देउवा)**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं.०६ स्थित कित्ता नं. ४४५, क्षेत्रफल ९,०४४.० (व.मी)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **शैलेश्वरी इंटा उद्योग**को नाममा यातायात व्यवस्था कार्यालय सेती, धनगढी, कैलालीमा दर्ता कायम रहेको च्यासिस नं. MAT388116M2R04415, ईन्जिन नं.12C63862374, सवारी नं. सु.प.प्र. ०१-००१ क २०११, को MCV Tipper थान १।

६. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **शैलेश्वरी इंटा उद्योग**को नाममा यातायात व्यवस्था कार्यालय सेती, धनगढी, कैलालीमा दर्ता कायम रहेको च्यासिस नं. MAT388116M2R04231, ईन्जिन नं. 12C63863241, सवारी नं. सु.प.प्र. ०१-००१ क २०१०, को MCV Tipper थान १।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० असार १२ गते** भित्र बैंकको शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलाली स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक वनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार १३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलाली स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलाली स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असार १३ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुरानो भन्सार धनगढी, कैलाली फोन नं. ०९१- ५२६१५७

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८०/०३/०६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालयको शाखा कार्यालय भुमही नवलपरासीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अर्न्तगत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सांवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सांवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्नुका साथै राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ऋणीहरु **परशुराम गुरुङ /ओम प्रकास गुरुङ र विरेन्द्र प्रसाद कुर्मी/ रेविका कुर्मी**को हकमा मिति वि.सं. २०७९/१०/१८ मा बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैंतिस), ऋणीहरु **दिनेश कुमार सुनार/ गिता सुनार**को हकमा मिति वि.सं. २०७९/१२/०९ मा दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस), ऋणीहरु **प्रकाश वि.क./लालमति वि.क.** को हकमा मिति वि.सं.२०७९/१२/१४ मा दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैंतिस) दिने सार्वजनिक सूचना जारी गर्दा समेत उक्त सम्पूर्ण ऋणकर्जा रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुँदा यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण कर्जाको सांवा ब्याज र हर्जना रकम चुक्ता भुक्तान गर्नु हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने सांवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको चल/अचल सम्पत्ति **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित व्यक्तिको नाममा ऋणकर्जा लिन मूल ऋणी सरह नै हुने गरी स्वयम् बैंकमा उपस्थित भई जमानतको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा (आवधिक) — **तपसिल**

ऋणीहरुको नाम र ठेगाना

१. नाम : परशुराम गुरुङ	२.नाम : ओम प्रकाश गुरुङ
बाबु : खड्गबहादुर गुरुङ	बाबु : परशुराम गुरुङ
बाजे : शेर बहादुर गुरुङ	बाजे : खड्ग बहादुर गुरुङ
पत्नी : केशरी गुरुङ	पत्नी : राधा गुरुङ
ठेगाना : कल्याणपुर गा.वि.स.-०२, चितवन	ठेगाना : बर्दघाट न.पा.-१५, नवलपरासी
हाल : बर्दघाट न.पा.-१५, नवलपरासी	हाल : बर्दघाट न.पा.-१५, नवलपरासी
ना.प्र.प.नं : २१८२	ना.प्र.प.नं : ४८१६६
जारी मिति : ०४३/११/०५	जारीमिति : २०५५/०८/२३ (प्रथम प्रतिलीपी मितिः २०७५/०१/०७)
जि.प्र.का. : चितवन	जि.प्र.का. : नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : राधा गुरुङ	२.नाम : केशरी गुरुङ
बाबु : हर्क बहादुर गुरुङ	बाबु : शिडराज गुरुङ
ससुरा : परशुराम गुरुङ	ससुरा : खड्ग बहादुर गुरुङ
पति : ओम प्रकाश गुरुङ	पति : परशुराम गुरुङ
ठेगाना : गैडाकोट गा.वि.स.-११, नवलपरासी	ठेगाना : कल्याणपुर गा.वि.स.-०२, चितवन
हाल : बर्दघाट न.पा.-१५, नवलपरासी	हाल : बर्दघाट न.पा.-१५, नवलपरासी
ना.प्र.प.नं : ४७००३	ना.प्र.प.नं. : २१८३
जारी मिति : सं.२०६३/०८/१५ (प्रथम प्रतिलीपी मितिः २०७७/०८/१२)	जारी मिति : २०४३/११/०४
जि.प्र.का. : नवलपरासी	जि.प्र.का. : चितवन

धितो राखिएको सम्पतिको विवरण

धितो सुरक्षण धनीको नामः-परशुराम गुरुङ

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कि.नं.	क्षेत्रफल	कैफियत
१.	नवलपरासी	दाउन्नेदेवी	७ ख	६४३	०-३-१३	सो जग्गामा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिगलगापात समेत।

२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा (आवधिक कर्जा)

ऋणीहरुको नाम र ठेगाना

१. नाम : विरेन्द्र प्रसाद कुर्मी	२.नाम : रेविका कुर्मी
बाबु : गणेश कुर्मी	बाबु : भक्ति राम महतो
बाजे : हंश कुर्मी	पति : विरेन्द्र प्रसाद कुर्मी
ठेगाना : रामग्राम न.पा.-१३,नवलपरासी	ससुरा : गणेश कुर्मी
ना.प्र.नं. : ३६३०६९/७२३	ठेगाना : रामग्राम न.पा.-१३, नवलपरासी
जारी मिति : २०६३/११/१८ (प्रथम प्रतिलीपी मितिः२०७४/०१/१२)	ना.प्र.नं. : ३६२०२७/११४८
जि.प्र.का. : नवलपरासी	जारी मिति : २०६८/१२/०७
	जि.प्र.का. : नवलपरासी

धितो राखिएको सम्पतिको विवरण

धितो सुरक्षण धनीको नामः- विरेन्द्र प्रसाद कुमी

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	नवलपरासी	जमुवार्ड	७ क	१०६१	०-१-११	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.	नवलपरासी	जमुवार्ड	८	६६२	०-१-४	

३. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा (आवधिक)

ऋणीहरुको नाम र ठेगाना

१. नाम : दिनेश कुमार सुनार	२. नाम : गिता सुनार
बाबु : बल बहादुर कामी	बाबु : डिल बहादुर वि.के.
बाजे : केशराम सुनार	ससुरा :बल बहादुर कामी
पत्नि : गिता सुनार	पति : दिनेश कुमार सुनार
ठेगाना : दाउन्नेदेवी-७,नवलपरासी	ठेगाना : दाउन्नेदेवी-७, नवलपरासी
हाल : बर्दघाट न.पा.-१५, नवलपरासी (ब.सु.प.)	हाल : बर्दघाट न.पा.-१५, नवलपरासी (ब.सु.प.)
ना.प्र.नं. : ३६१०५६/६९	ना.प्र.नं. : ३६-०२-५६/२४५
जारी मिति : २०६४/०२/३०	जारी मिति : २०७३/०८/२२
जि.प्र.का. : नवलपरासी	जि.प्र.का. : नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : प्रविन सुनार	२.नाम : नविन सुनार
बाबु : दिनेश कुमार सुनार	बाबु : दिनेश कुमार सुनार
बाजे : बल बहादुर कामी	बाजे : बल बहादुर कामी
ठेगाना : दाउन्नेदेवी-०७, नवलपरासी	ठेगाना : दाउन्नेदेवी-७, नवलपरासी
हाल : बर्दघाट न.पा.-१५, नवलपरासी (ब.सु.प.)	हाल : बर्दघाट न.पा.-१५, नवलपरासी (ब.सु.प.)
ना.प्र.नं. : ३६-०२-५६/३७१	ना.प्र.नं. : ३६-०२-५६/३७०
जारी मिति : २०७३/११/११	जारी मिति : २०७३/११/११
जि.प्र.का. : नवलपरासी	जि.प्र.का. : नवलपरासी

धितो राखिएको सम्पतिको विवरण

धितो सुरक्षण धनीको नामः- दिनेश कुमार सुनार

जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
नवलपरासी	दाउन्नेदेवी	७ ग	९८७	(०-१-०-०)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

४. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन -आवधिक कर्जा

ऋणीहरुको नाम र ठेगानाः

१. नाम : प्रकाश वि.क.	२.नाम : लालमति वि.क.
बाबु : मोतिलाल वि.क.	बाबु : गुणखर सुनार
बाजे : सेते वि.क.	ससुरा : मोतिलाल वि.क.
पत्नि : लालमति वि.क.	पति : प्रकाश वि.क.
ठेगाना : बन्जरीया गा.वि.स.वडा नं.-०९, नवलपरासी	ठेगाना : बन्जरीया गा.वि.स.वडा नं.-०९, नवलपरासी
हाल : रामग्राम न.पा. वडा नं.-१८, नवलपरासी।	हाल : रामग्राम न.पा. वडा नं.-१८, नवलपरासी
ना.प्र.नं : ७१२२१	ना.प्र.नं. : ३६-०१-६९-०६०१४
जारी मिति : वि.सं.२०६०/०८/१८	जारी मिति : २०६९/१०/२२
जि.प्र.का. : नवलपरासी	जि.प्र.का. : नवलपरासी

धितो राखिएको सम्पतिको विवरण

धितो सुरक्षण धनीको नामः- प्रकाश वि.क.

जिल्ला	न.पा./गा.पा.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
नवलपरासी	बन्जरीया	९/९च	७४८	०-२-१०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPK

कार दुर्घटनामा एकको मृत्यु

मकवानपुर / भीमफेदी गाउँपालिका-८ गँगटेस्थित कान्ति लोकपथमा भएको कार दुर्घटनामा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरापलिका- ३ बसामाडीका ३० वर्षीय विवेक लामा छन् । बिएसी ०५३७ नम्बरको कार अनियन्त्रित भएर सडकदेखि अन्दाजी तीन सय मिटर तल खोँचमा खसेको मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी टेकबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार लामाको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा भीमफेदी गाउँपालिका- ५ बस्ने ४५ वर्षीय राजकुमार बल घाइते भएका छन् ।

कृषि विकास बैंक लिमिटेड लि.
बागमती प्रदेश कार्यालय, काठमाडौंको

डाँक बढाबढबाट पुराना सम्पत्ति सामानहरू लिलाम बिक्रीसम्बन्धी सूचना

सूचना प्रकाशन मिति :(२०८०/०३/०६)

यस कार्यालयअन्तर्गतका प्रयोगमा नआएका सम्पत्तिहरू जस्तै मोटरसाईकल, ब्याट्री, फाईल क्याबिनेट, कम्प्युटर, पंखा, फर्निचरहरूलगायतका सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनमा यस बागमती कार्यालय गौशाला, काठमाडौंको प्रांगणमा तपसिल बमोजिमको शर्त अधीनमा रही लिलाम बढाबढबाट बिक्री हुने भएकाले लिलाम बढाबढमा भाग लिई सामान खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. सूचना प्रकाशित भएको १६ औं दिन अर्थात २०८० असार २१ गते बिहीवार दिनको १२.०० देखि ३:०० बजेसम्म यस कार्यालयको प्रांगणमा लिलाम बढाबढ गरिने छ ।
२. उक्त सामानहरूको न्यूनतम मूल्यांकित रकम रु.१६८१६६।६०-(अक्षरेपी एक लाख अठसट्ठी हजार एक सय छैंसट्ठी पैसा साठी मात्र) भ्याट समेत कायम गरिएको छ ।
३. बढाबढमा सहभागी हुन ईच्छुक फर्म, कम्पनी वा व्यक्तिले धरौटी वापत १० प्रतिशत रकम सोही दिन नगदै जम्मा गर्नुपर्ने छ ।
४. लिलाम बिक्री भै आफूले खरिद गरेका सम्पूर्ण सामानहरू एकमुष्ठ रुपमा उठाई लैजानु पर्ने छ ।
५. लिलाम बढाबढ गरी सकारेको रकम ७ (सात) दिनभित्र चुक्ता हुने गरी जम्मा गर्नु पर्ने छ । रकम जम्मा भए पछि ३ (तीन) दिन भित्र सम्पूर्ण सामानहरू अनिवार्य रुपमा उठाई लैजानु पर्नेछ । अन्यथा निजको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेलाई बिक्री गरिने छ । निजले समेत तोकिएको समयमा सामान नउठाएमा तेस्रोलाई बिक्री बितरण गर्नेछ ।
६. पहिलो बढी रकम बोलेको व्यक्तिले डाँक बोलेको रकममा उक्त सामानहरू नउठाएमा दोश्रो बढी डाँक बढाबढ बोल्ने व्यक्तिले सामानहरू लैजान सक्नेछ । यसरी दोश्रो व्यक्तिलाई बिक्री गरिएमा पहिलो व्यक्तिको धरौटी फिर्ता हुने छैन ।
७. लिलाम बिक्री गरिने सामानहरू हेर्न चाहेमा कार्यालय समयभित्र हेर्न सकिने छ ।
८. बिक्री मूल्य अर्थात् कबोल रकममा १३ प्रतिशतले भ्याट लाग्नेछ । सो रकम समेत खरिदकर्ताले बुझाउनु पर्नेछ ।
९. लिलाम बोलेको रकममा सामान दिने नदिने अधिकार यस बैंकमा निहीत रहने छ ।
१०. यस सम्बन्धमा थप बुझ्न वा जानकारी लिन चाहेमा फो.नं.०१-४५७२९३६ मा सम्पर्क गर्न सकिने छ ।

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय, काठमाडौं ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

यस बैंकको नारायणगढ शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/०३/०६

यस विकास बैंकको नारायणगढ शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

सि.नं.	ऋणीको विवरण	धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण
१.	**सिमोन कस्मेटिक एण्ड गिफ्ट हाउस** प्रा.फ.र.नं. : ९०४/०७६/०७७ ठेगाना : भरतपुर-२३, चितवन । दर्ता गर्ने कार्यालयः : घरेलु तथा साना उद्योग कार्यलय । स्थायी लेखा नं. : ६११८६६६२८ **प्रोप्राइटर/धनजमानीकर्ता : सितादेवी वि.क.** **ना.प्र.नं. : ९५६/०४४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन । पति : भिम वहादुर वि.क. ससुरा : जंग वहादुर वि.क. ठेगाना : जगतपुर-०४ हाल भरतपुर-२३, चितवन । **कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक (फर्मको नाममा) तथा सजिलो लघु कर्जा र ओडि कर्जा (प्रोप्राइटरको व्यक्तिगत नाममा)**	**१.दिनेश गुरुङ** **ना.प्र.नं. : २०१७/०६१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन । बाबु : टोपमान गुरुङ बाजे : चन्द्र बहादुर गुरुङ ठेगाना : जगतपुर-०१ हाल भरतपुर-२३, चितवन । **२.मिनाक्श्री गुरुङ** **ना.प्र.नं. : ३५/०३६३०८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन । पति : दिनेश गुरुङ ससुरा : टोपमान गुरुङ ठेगाना : जगतपुर-०१ हाल भरतपुर-२३, चितवन ।	१) सितादेवी वि.क.को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा) **ठेगाना** : जगतपुर-३, **नक्सा सिट** : ३ख **कित्ता नं.** : ६५७ **क्षेत्रफल (बि/व.मी)** : ०-०-१०-० (विघा) (०-२०-२०-४) / १६९.३० साथै सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्च : उल्लिखित ऋणी (प्रोप्राइटर)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:

बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०३/२० गते र बोलपत्र खोलिने मिति: २०८०/०३/२१

समय: दिनको : ४:०० बजे

सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

निखिल फर्मा प्रा.लि.को सूचना

नेपाल सरकार औषधि व्यवस्था विभागबाट श्री निखिल फर्मा प्रा.लि.ले औषधिको MRP मा स्टिकर टास्नकोलागि अनुमति माग भए बमोजिम निम्न ब्याच र परिमाणका औषधिमा तोकेको अधिक्तम् खुद्रा मुल्य सहितको स्टिकर टाँस्नको प्रयोजनको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरो सम्पूर्ण सम्बन्धित पक्ष तथा सर्वसाधारण लागि समेत जानकारी गराईन्छ ।

आयातकर्ता: निखिल फर्मा प्रा.लि., विरगंज, नेपाल
उत्पादक: **United Biotech Pvt. Ltd., India**

तपसिल:

सि. नं.	औषधिको नाम	Composition	आयात गरेका औषधिमा अंकित मूल्य (INR per Unit)	अनुसूची ७ मा कायम मूल्य (MRP NRS per Unit)	स्टिकर टाँसमा कायम गरिने मूल्य (INR per Unit)	ब्याच नं.	परिमाण
1	Dacmed-500 Inj.	Dacarbazine 500mg	1153.00	1611.36	1007.10	DCLJ2D3	45 VIAL
2	Uniphos-500 Inj.	Cyclophosphami De 500 mg	72.50	102.72	64.20	UPDH2B6	162 VIAL
3	Lyomit-10 Inj.	Mitomycin 10mg	540.00	690.64	431.65	MILA3C1	219 VIAL
4	Unicarb-150 Inj.	Carboplatin 150mg	885.00	1342.48	839.05	CDIL2A9	102 VIAL
5	Unicarb-450 Inj.	Carboplatin 450mg	2788.00	4027.68	2517.30	CDII2B6	26 VIAL
6	Oncosid-100 Inj.	Etoposide 100mg	204.00	295.52	184.70	EPIL2A5	89 VIAL
7	Doxutec-10 Inj.	Doxurubicin 10 mg	207.00	301.76	188.60	DXLL2A4	258 VIAL
8	Doxutec-50 Inj.	Doxurubicin 50 mg	925.00	1292.96	808.10	DXLJ2B11	97 VIAL

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६६७५

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल


क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४७, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १घ (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. ३९२ को क्षेत्रफल ०-२-१०.५०-० (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं.६ ख (हाल तिलोत्तमा न.पा.वडा नं.६) स्थित कित्ता नं. ५४५ र ५४३ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-१-१.५-० (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं.६ क (हाल कावासोती न.पा. न.पा.वडा नं.२) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा ।
७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाह) को जग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (व.मि.) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, नगारकोट गा.वि.स. वडा नं. ७क (हाल भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४८१ र ४८३ को क्षेत्रफल क्रमश ०-२-०-३ तथा ५-१३-३-१ (रोपनी)को जग्गा।
१०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ३ (हाल ग्रामथान गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५, ६, ८ र ९ को क्षेत्रफल क्रमशः १९१६५.०, ३३६०.००, २७८०.०० र २२३५ (व.मी) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल क्रमशः ०-१-५-० (विगाह) को जग्गा ।




तपसिल नं. १ मा उल्लेखित सम्पति



तपसिल नं. २ मा उल्लेखित सम्पति




तपसिल नं. ३ मा उल्लेखित सम्पति




तपसिल नं. ४ मा उल्लेखित सम्पति




तपसिल नं. ५ मा उल्लेखित सम्पति




तपसिल नं. ६ मा उल्लेखित सम्पति



तपसिल नं. ७ मा उल्लेखित सम्पति




तपसिल नं. ८ मा उल्लेखित सम्पति


तपसिल नं. ९ मा उल्लेखित सम्पति



तपसिल नं. १० मा उल्लेखित सम्पति



तपसिल नं. ११ मा उल्लेखित सम्पति

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चेकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको ओलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

भारतको चंगुलमा नेपाली आकाश

पचासौँ लाख पर्यटक भित्र्याएर पर्यटनका माध्यमबाट देशलाई समृद्ध बनाउने नेपाल र नेपालीको सपना सहज हवाईमार्गविना सम्भव छैन

अर्थ संवाद

● त्रिरत्न मानन्धर
पूर्वमहानिर्देशक, क्यान

२०७२ सालतिर तत्कालीन पर्यटनमन्त्री कृपासुर शेर्पाको उपस्थितिमा पर्यटन व्यवसायीबीचमा भएको एउटा अन्तरक्रिया कार्यक्रममा 'नेपालको पर्यटन प्रवर्द्धनमा थप अन्तर्राष्ट्रिय विमानस्थल बन्नु मात्र पर्याप्त होइन, थप हवाई प्रवेश बिन्दुको पनि उत्तिकै महत्व रहन्छ, नत्र भने घर बन्ने तर घरसम्म पुग्ने बाटो नपाउने जस्तो समस्या आउँछ' भन्ने विषयमा गम्भीर छलफल भयो । त्यसको लगत्तै प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा नेपाल) को अग्रसरतामा भारतीय राजदूतसमेतको उपस्थितिमा भएको एउटा कार्यक्रममा तत्कालीन भारतीय राजदूत रञ्जित रेले उक्त कार्यक्रमलाई सम्बोधन गर्नेक्रममा नेपाल आउने अन्तर्राष्ट्रिय उडानका लागि थप तीनवटा प्रवेश बिन्दुलाई भारतले स्वीकृति प्रदान गरिसकेको र औपचारिक पत्र मात्र आउन बाँकी भएको जानकारी दिए । उक्त समाचारलाई नेपाली मिडियाले महत्वका साथ प्रकाशमा ल्याए । समाचारलाई महत्व दिई त्यतिवेला नेपाल इन्भेस्टमेन्ट बोर्डको वेबसाइटमा समेत राखिएको थियो । तर दुर्भाग्य, त्यो खुसी धेरै टिक्न सकेन । अर्को दिन पाटा नेपालले त्यो समाचारको खण्डन गऱ्यो ।

तत्कालीन पाटा नेपालका अधिकारीहरूसँग यस विषयमा हालै पुष्टि गर्न खोज्दा सही भएको जानकारी पाइयो ।

नेपाली आकाशको पीडा : अहिले नेपालतर्फ दुई-दुईवटा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनिसकेका छन् । तर, बाटोको टुंगो छैन । बाटो त छ, तर निकै घुमाउरो । दिल्लीबाट काठमाडौं आउने हवाईमार्गमा दिल्ली र कोलकाता हवाई सीमाबीचमा 'अपिपु' भन्ने एउटा साझा बिन्दु छ । अपिपुबाट बायाँ मोड्न पाइएको खण्डमा करिब २२ नटिकल माइलको दूरीमा भैरहवा छ । तर, भैरहवा जानका लागि हाल स्वीकृत हवाईमार्ग अपिपुबाट ९० नटिकल माइलमा पर्सा (नेपाल प्रवेश बिन्दु) र पर्साबाट थप करिब ९६ नटिकल माइलको दूरी तय गरेपछि मात्र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पुगिन्छ । तसर्थ, अहिले दिल्ली तथा मध्यपूर्वी गन्तव्यबाट भैरहवा पुग्न १६४ नटिकल माइल याने कि ३०५ किमिको थप घुमाउरो हवाईमार्ग अवलम्बन गर्नुपर्ने बाध्यता छ ।

विगतमा नेपाल आउने-जाने उडानहरू त्यति धेरै थिएन, काम चलिरहेकै थियो । हाल अन्तर्राष्ट्रिय उडानको वृद्धिले गर्दा पहिलेजस्तो सहज छैन । सबै अन्तर्राष्ट्रिय उडान सिमरामै केन्द्रित हुन आउने हुँदा उडान सुरक्षाकै दृष्टिले पनि गम्भीर हुनुपर्ने भएको छ । केही महिनाअघि सिमरा हुँदै काठमाडौंमा अवतरणको क्रममा रहेका नेपाल एयरलाइन्स र एयर इन्डियाका उडानहरूबीचको घटना यसको ताजा उदाहरण हुन् । यसबाहेक यस्तै प्रकृतिको अर्को घटना पनि भइसकेको छ । धनजनको क्षतिपश्चात् मात्र समस्या समाधानतर्फ अग्रसर हुने हो भने गम्भीर परिणाम भोग्नुपर्ने अवस्था नआउला भन्न सकिँदैन ।

आशाको त्यान्द्रो : नयाँ सरकार बनेपछि प्रधानमन्त्रीको भारत भ्रमण एक नियमित प्रक्रिया बनिसकेको छ । सरकार प्रमुखको औपचारिक भ्रमणको क्रममा दुई देशबीच वर्षौंदेखि थाती रहेका विषयबारे निकास निस्किने अपेक्षा गरिन्छ । यसपटकको प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको अवसरमा पनि थप हवाई प्रवेश बिन्दुको एजेन्डाले महत्व पाएको कुरा सुन्नमा आयो । नेपाली पक्ष त्यति आशावादी नभए पनि केही सकारात्मक संकेतको झिनो आशाचाहिँ छोडेको थियो । तर, परिणाम साबिकबमोजिम शून्य नै रह्यो ।


यस किसिमको आशाको त्यान्द्रो ०६८ सालमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको भारत भ्रमणदेखि नै सुरु भएको हो । त्यो वेला दुई पक्षबीच भएको माइन्युट अफ डिस्कसनमा नेपाल प्रवेश गर्ने अन्तर्राष्ट्रिय उडानका लागि थप दुई प्रवेश बिन्दु प्रदान गर्ने उल्लेख भयो । तर, काम अघि बढ्न सकेन । तत्पश्चात् दुई देशका सरकार प्रमुखबीच हुने प्रत्येक औपचारिक भ्रमणमा यो एजेन्डाले निरन्तर महत्व पाउँदै आयो । सन् २०१४ को अगस्टमा भएको भारतीय प्रधानमन्त्री मोदीको पहिलो र सन् २०१८ को मे महिनामा भएको दोस्रो औपचारिक भ्रमणको अन्तमा जारी दुईपक्षीय विज्ञप्तिमा पनि सीधा र छोटो हवाईमार्गको माध्यमबाट दुई देशबीच हवाई सम्पर्क प्रवर्द्धन गर्ने भनी उल्लेख भयो । यसरी चिप्लामीठा कूटनीतिक शब्दबाहेक नेपाली पक्षको हात केही परेन ।

छिमेकीको मनस्थिति : सुरक्षाको हवाला दिँदै यसपल्ट भारतीय पक्ष अलि खुलस्त भएको कुरा समाचारमा सुन्नमा आएको छ । समाचार सही हो भने उसले नेपाललाई परोक्ष-अपरोक्ष रूपमा केही सन्देश दिन चाहेको हुन सक्छ । सन्देश के हो, नेपालले बुझ्न जरुरी छ । किनकि, प्रत्येकपल्ट समस्या समाधान हुन लागेको संकेत देखिने, लगत्तै फेरि अवरुद्ध हुने । अब भारतीय पक्षको मनसाय नबुझ्कीकन नेपालले थप प्रवेश बिन्दुको आशा गर्नु बेकार हुनेछ ।

भारतको दाँजोमा हाम्रो देश सानो छ, कमजोर छ । हाम्रो कूटनीति पनि कमजोर छ । तापनि, दुई छिमेकी मुलुकबीचको विशिष्ट सम्बन्धलाई पनि हामीले नजरअन्दाज गर्न मिल्दैन । नेपालको विकास कार्यमा भारतले निरन्तर सहयोग गरिआएको छ । अझ सुरुका दिनमा नेपालमा उड्डयन पूर्वाधारको विकासमा छिमेकी देश भारतको महत्वपूर्ण योगदान रह्यो । काठमाडौंमा गौचरणको घाँसेमैदानलाई धावनमार्गका रूपमा विस्तार गरी हवाई सेवाको सुरुवात गर्नु र पछि त्यसैलाई कालोपत्रे गर्ने काम भारतीय सहयोगमा भएको थियो ।

यसबाहेक नेपालगन्ज, भैरहवा, जनकपुर, विराटनगर, सिमराजस्ता विमानस्थल निर्माण कार्य पनि सुरुमा भारतीय सहयोगमा नै भएका हुन् । सुरुका दिनमा नेपाली आकाशमा भारतीय प्राविधिकले नै सञ्चार सेवा उपलब्ध गराउने गर्थे । सन् १९७२ देखि मात्र विदेशी प्राविधिकलाई पूर्ण रूपमा विस्थापित गर्दै नेपाली प्राविधिकले नेपाली आकाशमा एयर ट्राफिक सेवा उपलब्ध गराउन थालेको हो । आफू नसक्ने वेलामा साथ र सहयोग चाहिने आज आएर नजरअन्दाज गर्न पाइन्छ भन्ने भावना पो हो कि ?

दुई विशाल देशबीच अवस्थित नेपालजस्तो सानो मुलुकका हरेक कदम कूटनीतिक दृष्टिले संवेदनशील हुन्छ । यस सन्दर्भमा सन् २०१४ को जुलाईमा मित्रराष्ट्र भारतका तत्कालीन विदेशमन्त्री सुषमा स्वराजले काठमाडौं भ्रमणको अवसरमा एउटा सार्वजनिक कार्यक्रममा भनेको कुरा



> नेपालमा दुई-दुईवटा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनिसक्दा पनि हवाईमार्गको टुंगो छैन । हवाईमार्ग त छ, तर निकै घुमाउरो छ । भारतीय पक्षको मनसाय नबुझ्कीकन नेपालले थप हवाई प्रवेश बिन्दुको आशा गर्नु बेकार हुन्छ ।

अर्थपूर्ण छ- 'काठमाडौं-निजगढ द्रुतमार्ग र निजगढ विमानस्थलको निर्माण कार्यलाई भारतीय सहभागितामा शीघ्र सम्पन्न गर्नुपर्छ ।'

सुषमा स्वराजको उक्त भनाइबाट आयोजना अघि बढ्ला कि बहुपक्षीय स्वार्थको टकरावले झन अड्किने हो, शंका गरिएको थियो । जे होस्, उक्त भनाइबाट नेपालको बृहत्तर परियोजनामा भारतको चासो रहेको नकार्न मिल्दैन ।

विभिन्न क्षेत्रीय सहयोग समूह तथा राष्ट्रसंघीय सभा सेमिनारमा भूपरिवेष्ठित तथा अल्पविकसित राष्ट्रहरूको विकास कार्यमा छिमेकी मुलुकले साथ र सहयोग दिने वाचा गरिन्छ, तर ती सबै भनाइमा मात्र सीमित रहन्छन् । दक्षिण एसिया र दक्षिण-पूर्वी एसियाली मुलुकबीच सहयोग आदान-प्रदान गर्ने उद्देश्यका साथ स्थापना भएको बिम्स्टेक (बे अफ बंगाल इनिसियटिभ फर मल्टिसेक्टोरल टेक्निकल एन्ड इकोनोमिक को-अपरेसन) तथा सार्क शिखर सम्मेलनमा समेत भूपरिवेष्ठित राष्ट्रहरूको विशिष्ट किसिमका अप्ठ्यारा र समस्यालाई सम्बोधन हुने गरी समुद्रसम्मको पहुँच, समुद्रीमार्ग, हवाईमार्गको प्रवर्द्धन गर्ने संकल्प गरिन्छन्, तर कार्यान्वयन भने ठूला र विकसित राष्ट्रकै पक्षमा मात्र हुने गर्छ ।

स्वावलम्बन र समृद्धिको चाहना : भारतसँग हामी जोरी खोज्न सक्दैनौं । त्यो उचित पनि हुँदैन । उसको मनसाय बुझेर नै हामीले हाम्रो आवश्यकता पूरा गर्न सक्नुपर्छ । विचार गर्ने हो भने छिमेकी देश भारतले नेपालबाट पनि धेरै पाएको छ । हाम्रा नेताले छिमेकीलाई खुसी पार्न हाम्रा स्रोत र साधन सुम्पिन कत्ति पनि कन्जुस्याइँ गरेका छैनन् । तर, त्यसको बदलामा भारतबाट सानातिना विकास गतिविधिमा सहयोग माग्नुको सट्टा नेपाललाई आफ्नै खुट्टामा उभिन सक्षम हुने गरी समृद्धिको बाटो (हवाईमार्ग) सहज बनाइदिनु भनी हाम्रो नेताले बलियोसँग राख्न सकेको पाइएन ।

आज रेलमार्ग, जलमार्ग तथ अन्य ठूलाठूला परियोजनाको सपना देख्नुभन्दा पनि देशको प्रगति र उन्नतिमा तत्काल बहुआयामिक प्रभाव पार्न सक्ने, केही रेखांकनका आधारमा तुरुन्त कार्यान्वयनमा ल्याउन सकिने हवाईमार्ग देशको तत्कालको प्राथमिकता हुनुपर्ने कुरामा कसैको विमति नहोला ।

अबको बाटो : पचासौं लाख पर्यटक भित्र्याएर पर्यटनका माध्यमबाट देशलाई समृद्ध बनाउने नेपाल र नेपालीको सपना सहज हवाईमार्गविना सम्भव छैन । यस अवस्थामा नेपालजस्तो भूपरिवेष्ठित राष्ट्रको आगामी रणनीति भनेको हवाई क्षेत्रका वर्तमान प्राथमिकतालाई गम्भीरतापूर्वक पुनरावलोकन गरी विद्यमान समस्या समाधानार्थ छिमेकीको मनसाय बुझ्ने प्रयास गर्दै राजनीतिक, व्यावसायिक, बौद्धिकजस्ता विभिन्न तहमा कूटनीतिक पहल जारी राख्नु हो । साथै, लक्ष्य प्राप्तिका लागि सरकार प्रमुखले नै यस विषयलाई प्राथमिकतामा राखेर विशेष चासोका साथ निरन्तर अनुगमन गरी आवश्यकताअनुसार आदेश, निर्देश गर्नुपर्ने देखिन्छ ।

अंक र अर्थ

दुई आवको साउन-वैशाखसम्म कुन देशसँग कति व्यापार ?

देश	आव ०७८/७९	आव ०७९/८०
भारत	१ खर्ब ३७ अर्ब	९१ अर्ब १५ करोड
अमेरिका	१४ अर्ब	१५ अर्ब ५९ करोड
जर्मनी	३ अर्ब ३९ करोड	३ अर्ब ४२ करोड
बेलायत	२ अर्ब ६० करोड	२ अर्ब ६७ करोड
टर्की	३ अर्ब ४० करोड	१ अर्ब ६३ करोड
क्यानडा	९३ करोड	१ अर्ब ५६ करोड
चीन	६७ करोड	१ अर्ब ३५ करोड
फ्रान्स	१ अर्ब ६७ करोड	१ अर्ब ४८ करोड
अस्ट्रेलिया	९४ करोड	१ अर्ब २८ करोड
जापान	८७ करोड	१ अर्ब १४ करोड
इटाली	९० करोड	१ अर्ब ८ करोड
नेदरल्यान्ड्स	६६ करोड	८४ करोड
डेनमार्क	६२ करोड	७४ करोड
युएई	४१ करोड	६० करोड
अन्य	५ अर्ब ४५ करोड	६ अर्ब ३७ करोड
कुल	**१ खर्ब ७३ अर्ब**	**१ खर्ब ३० अर्ब ९० करोड**

बिजनेस @



प्रबलजंग पाण्डे, उद्यमी

हरेक दिनजसो बैंकमा तरलता सहज हुँदै छ । आजसम्मको तथ्यांकले सिडी रेसियो ८३ प्रतिशत पुगिसकेको छ । एक-दुई महिनामा ७५ प्रतिशत हाराहारी पुग्ने देख्दै छु । अन्तरबैंक ब्याजदर ४ प्रतिशत हाराहारी पुगिसक्यो । बैंकहरूले लगानी गर्ने क्षेत्र नपाउँदा समस्या आउने देखिन्छ । यस्तो परिस्थितिमा निमयनकारी निकाय चनाखो हुन सकेन भने फेरि अर्को दुर्घटना हुन सक्छ ।

उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने ठाउँ छैन । पर्यटन क्षेत्रमा पनि चाहिनेभन्दा बढी लगानी भइसकेको छ । हाइड्रोमा केही लगानी गर्ने ठाउँ होला, तर ट्रान्सबोर्डर लाइनको निर्माण हुन सकेन भने त्यहाँ पनि समस्या नै हुने देखिन्छ । कृषिमा लगानी गरेर प्रतिफल नै छैन । तसर्थ, बैंकमा भएको अधिक तरलता सेयर बजार र घरजग्गामै लगानी हुने सम्भावना हुने हुँदा नियमनकारी निकाय अत्यन्तै सजग हुनुपर्ने देखिन्छ । तरलता सहज भयो भन्दैमा व्यवसायीले पनि कसैको उस्क्साहटमा लगानी नगर्नौं । बजारको सही मूल्यांकन ग्याप एनालाइसिसको सही अध्ययन गरेर मात्र लगानी गर्नौं । यसपटक हेर्नौं, बैंकमा अत्यधिक तरलता भयो भने के हुन्छ ?



हिक्मत थापा, उद्यमी एवं गैरआवासीय नेपाली

भारतीय वायुसेवा इन्डिगोले ५० बिलियन युएस डलरको ५०० एयरबस नयाँ जहाजको अर्डर गरेछ । यसअघि एयर इन्डियाले पनि लगभग त्यत्रै ४७० नयाँ जहाजको अर्डर गरेको थियो । राम्रा कुराको पनि रिस गर्नौं, सिक्नौं, प्रतिस्पर्धा गर्नौं, इबी साँधौं न हो- इन्डियासँग ।

अर्थ ज्ञान

सामूहिक लगानी योजना भनेको के हो ?

सामूहिक लगानी कोषले लगानीकर्ताहरूको रकम संकलन गर्नका लागि संकलन गरिने रकम के-कस्तो धितोपत्र औजारहरूमा लगानी गर्ने, कुन क्षेत्रमा लगानी गर्ने, लगानी गर्दाको जोखिम के-कस्तो हुन्छ आदि जस्ता विवरण समावेश गरी तयार गरेको कार्यक्रमको खाकालाई योजना (स्किम) भनिन्छ ।



यस्तो योजना सञ्चालन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति लिनुपर्छ । सामूहिक लगानी योजनामा गरिने लगानीलाई साधारण सेयरमा गरिने लगानीभन्दा सुरक्षित मानिन्छ । म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने योजनाहरू बन्दमुखी योजना र खुलामुखी योजना गरी दुई प्रकारका हुन्छन् । योजनाले गर्ने लगानीको क्षेत्र, लगानी जोखिम, यसको लक्षित प्रतिफल आदिका आधारमा यी योजनालाई अन्य विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

- धितोपत्र बोर्ड

परम्परागत टेलरिङ व्यवसायको आधुनिकीकरण जरुरी

टेलरिङ व्यवसाय अहिलेसम्म पुरानै मेसिन र परम्पराका आधारमा चलेको छ, यसलाई आधुनिक प्रविधिको प्रयोगमार्फत व्यवस्थित बनाएर लैजानुपर्छ



● राज कार्की


एक दशकदेखि म टेलरिङ व्यवसायमा आबद्ध छु । आफ्नो अनुभवसहित यस पेसालाई एक स्थापित व्यवसाय बनाउनु मेरो कर्तव्य हो भन्ने सोच्छु । तसर्थ, टेलरिङ व्यवसायलाई सरकारले आधुनिकीकरण गर्नका लागि विभिन्न सुविधा, छुट, सहुलियत दिनुपर्छ ।

केही मुलुकमा टेलरिङ व्यवसाय उद्योगका रूपमा स्थापित भएको पाइन्छ । बिडम्बना, हाम्रो देशको सरकारले यस क्षेत्रलाई सामान्य पेसाका रूपमा लिएको छ । यो सीपसँग जोडिएको पेसा भएकाले यसमा आबद्ध हुन आउने व्यक्तिको आर्थिक विकास, व्यक्तित्व विकाससँगै सहजै आफ्नो आवश्यकता पूरा गर्न सकिने ठोकुवा गर्न सकिन्छ । विश्वमा जो सीपसँग जोडिएका पेसा छन्, तिनले छलाङ मारेको देखिन्छ । नेपालमा पनि आमसोचाइमा र रोजाइमा परेका विषयमा (डाक्टर, इन्जिनियर, पाइलट) यी र यीसँग सम्बन्धित विषय परेका छन् । तर, सीपमा आधारित टेलरिङ व्यवसाय न कुनै स्कुल, न कलेज, विश्वविद्यालयका कुनै पनि पाठ्यक्रममा समावेश गरिएको छैन । यदि यो विषयलाई सरकारले गम्भीरतापूर्वक नियाल्ने र बुझ्ने हो भने विदेश पलायन हुने युवाको संख्यामा कमी ल्याउन सकिन्थ्यो । यस क्षेत्रमा ठूलो सम्भावना देखेपछि युवाहरूको आकर्षण बढ्न सक्छ ।

एक दशकमा मैले सँगालेको अनुभवका आधारमा के भन्न सक्छु भने यो पेसामा दक्ष जनशक्ति ल्याउनुपर्छ । नेपालमा टेलरिङ व्यवसाय अहिलेसम्म परम्परागत अर्थात् गाउँदेखि सहरसम्म पुरानै मेसिन र परम्पराका आधारमा चलिरहेको छ । यस पेसालाई आधुनिक प्रविधिको प्रयोगले अझ व्यवस्थित बनाएर लैजानु अपरिहार्य बनिसकेको छ ।

यतिवेला देशमा आर्थिक संकट चुलिएको छ । नेपालमा कपडा व्यवसायको क्षेत्रमा भारतबाट ठूलो मात्रामा कामदार ल्याउनुपर्ने बाध्यता छ । नेपालमै दक्ष जनशक्ति उत्पादन भइदिए अन्य देशबाट कामदार झिकाउनुपर्ने बाध्यता आइलाग्दैनथ्यो । र, हाल कामदारलाई तिर्नुपरेको ठूलो रकम पनि बिदेसिने थिएन । देशमै नेपालीले आम्दानी गर्ने बाटो खुल्थ्यो । केही हदसम्म देशको अर्थतन्त्रमा टेवा पुग्थ्यो ।

नेपालमा टेलरिङ क्षेत्रको सम्भावना विशाल छ । तैपनि, अन्य पेसाको तुलनामा यो क्षेत्र अझै पनि राज्यको नजरमा परेको छैन । यस क्षेत्रसँग सम्बन्धित उद्यमीलाई सिटिइभिटीमार्फत सरकारले दिइरहेको तालिम सही उद्यमीलाई दिने हो भने यो क्षेत्रको उन्नति र विकासमा ठूलो परिवर्तन आउनेमा शंका छैन । तर, यस विषयमा सम्बन्धित नभएका उद्यमी तथा अन्य व्यक्तिले पहुँचका आधारमा तालिम लिइरहेको पाइन्छ । यो विडम्बना देख्दा मन चसक्क हुन्छ ।



> सरकारले यस पेसामा लाग्न चाहनेलाई सीपमूलक तालिम प्रदान गर्नुका साथै आवश्यक प्राविधिक सहयोग गर्नुपर्छ । त्यसो गर्न सकेमा केही हदसम्म बेरोजगारी समस्या पनि सम्बोधन हुन सक्छ ।

लामो समयदेखि यही पेसासँग जोडिएकाले यसको भविष्यप्रति अवश्य चिन्ता बढ्छ । यस क्षेत्रको उत्थानमा त्यति चासो र चिन्ता नदिएको देख्दा संघीय सरकार र स्थानीय सरकारप्रति वितृष्णा जाग्छ । आफ्नो लगानी र यस पेसामा विरासत भएका आमउद्यमीमा झन्झन् निराशा थपिएको महसुस हुन्छ । यो एउटा विशाल सीपमूलक उद्योग हो भन्ने कुरामा राज्य चिन्तित हुने कि नहुने ? कुनै पेसामा आबद्ध व्यवसायीमा सीपसँगै आर्थिक परिवर्तन सम्भव भएको कुरा हामी विभिन्न विदेशी मुलुकबाट सिक्न सक्छौं । सीपविनाको शिक्षा, सीपविनाको व्यक्ति र सीपविनाको समाजमा परिवर्तन सम्भव हुँदैन ।

समाजमा डाक्टर, इन्जिनियरजस्ता पेसा महत्वको विषय बने । त्यसको जरो भनेको सीपमूलक पेसा भएर हो । शिक्षा भनेको सीपमूलक हुन जरुरी छ । टेलरिङ विषय पनि ठूलो उद्योगको रूपमा स्थापित हुन सक्छ । अहिले फेसन प्रतिष्ठाको विषय बनेको छ । यसलाई गहिरो अध्ययन, अनुसन्धानको विषय बनाइनुपर्छ ।

टेलरिङ व्यवसायलाई सूचना प्रविधिका माध्यमबाट अझ व्यापक रूपमा लैजान सकिन्छ । डिजिटल मेजरमेन्ट, डेलिभरीलाई अपनाएर उपभोक्ताको आवश्यकतालाई सहज रूपमा पूर्ति गर्न सकिन्छ । विभिन्न खालका औजार किन्दा राज्यले छुट दिनुका साथै छिमेकी मुलुकसँग हामीले सीप आदानप्रदान गर्नु पनि उत्तिकै जरुरी छ । साथै, राज्यले ५० लाखदेखि ६ करोड रुपैयाँसम्म व्यवसाय गर्नेलाई अनुगमन नगरी वार्षिक एकमुष्ठ कर तिर्ने व्यवस्था गरिदिए युवा र यस पेसामा लाग्ने व्यवसायीहरूलाई थप उत्साह मिल्न सक्छ । यो पेसामा लाग्न स्थानीयस्तरमा ल्याब सुरु गर्नुपर्छ भने दक्ष सिलाइ गर्ने जनशक्ति उत्पादनार्थ सरकारले प्रदेशस्तरीय तालिम केन्द्र आधुनिक प्रविधिबाट निर्माण गर्नुपर्छ । यसमा लाग्न चाहनेलाई उत्साहित गर्न विदेशबाट फर्केर आउनेलाई सहुलियत कर्जा उपलब्ध गराउन सके अझै उत्तम हुन्छ ।

युवा भनेका देशका मेरुदण्ड हुन् । देशको अर्थतन्त्र बलियो बनाउन युवाको ठूलो हात रहन्छ । अहिले परदेशमा पसिना बगाउने युवाले पठाएको रेमिट्यान्सका भरमा हाम्रो देशको अर्थतन्त्र चलिरहेको छ । विडम्बना, त्यही वर्ग सबैभन्दा हेलामा छ । घर छोडेदेखि घर फर्किंदासम्म विभिन्न ठाउँमा अपमान र अवहेलना कति सहनुपर्छ, त्यसको लेखाजोखा नै छैन । देशमा ठूला उद्योग, कलकारखाना खुल्ने सम्भावना कमै देखिन्छ । भएकै उद्योग बन्द हुने अवस्थामा छन् ।

यस्तो विषम परिस्थितिमा स्वदेशमै रहेका युवालाई तालिम प्रदान गरेर कसरी आयआर्जनमा लगाउन सकिन्छ ? देशको अर्थतन्त्रलाई कसरी मजबुत बनाउन सकिन्छ ? यतातर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ । स्थानीयस्तरमा सरकारले यस पेसामा लाग्न चाहनेलाई तालिम प्रदान गर्नुका साथै आवश्यक प्राविधिक सहयोग गर्नुपर्छ । त्यसो गर्न सकेमा केही हदसम्म बेरोजगारी समस्यालाई सम्बोधन गर्न सकिन्छ । यस पेसाबाट आयआर्जन गरेर जीवनयापन गर्न सकेमा धेरैका लागि यसले सकारात्मक सन्देशसमेत जान्छ । यसैगरी, स्थानीय सरकारले यस पेसामा आबद्ध व्यवसायीहरूबाट निश्चित कर उठाएर राजस्व उठाउन सक्छ । स्थानीयस्तरमा युवाले रोजगारी पाउनुका साथै सरकारले उनीहरूबाटै राजस्व उठाएर आयआर्जन पनि गर्न सक्छ ।

(कार्की नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ काठमाडौंका अध्यक्ष हुन्)

विद्युत्को माग बढ्दै, तर छैन लोड धान्ने पूर्वाधार

नेपाल विद्युत् प्राधिकरण नै भन्छ- यो वर्ष जेनतेन धान्ला, अर्को वर्षदेखि गाह्रो छ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

३१ जेठदेखि २ असारसम्म नेपालमा विद्युत् माग (खपत) हालसम्मकै उच्च अर्थात् दुई हजार मेगावाटसम्म पुग्यो। तापक्रमको वृद्धिले पंखा, एयर कन्डिसन (एसी)लगायतका विद्युतीय उपकरणको प्रयोग बढ्दा पनि विद्युत्को माग उच्च भएको हो। विद्युतीय सवारीसाधन तथा चुलोलगायतका कारण पनि पछिल्लो समय साँच्चै विद्युत्को माग बढ्दो क्रममा छ।

तर, माग बढेअनुसार आपूर्ति गर्न प्रसारण लाइन र वितरण लाइनलगायतका पूर्वाधारको क्षमता कमजोर हुँदा लाइन जाने समस्या (ट्रिपिङ) हुन थालेको छ। प्रसारण लाइन र सबस्टेसनले विद्युत्को लोड धान्न नसक्दा ट्रिपिङको समस्या देखिएको हो। विशेष गरी मध्य र पश्चिम क्षेत्रमा विद्युत् आपूर्तिमा समस्या आएको र त्यस क्षेत्रमा दिनमै ११ पल्टसम्म विद्युत् ट्रिपिङ भएको थियो। गर्मीका कारण एक्कासि उच्च मात्रामा माग बढेर ओभरलोड हुँदा यस्तो समस्या आएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

प्रसारण लाइनलगायतका पूर्वाधारले यसअघि १७-१८ सय मेगावाटसम्मको विद्युत् मागलाई धान्न सकेको थियो। अहिले त्यो दुई-तीन सय मेगावाट मात्रै बढ्दा पनि विद्युतीय पूर्वाधारले नधान्ने समस्या देखिएको छ।

केही वर्षअघि १८ घन्टासम्म लोडसेडिङ सामना गरेको नेपालमा अहिले विद्युत्को जडित क्षमता २७ सय मेगावाट पुगेको छ। यसका अलावा झन्डै नौ हजार मेगावाटका आयोजना निर्माणका चरणमा छन्। पाँच हजार मेगावाटभन्दा बढी क्षमताका आयोजना विदेशी कम्पनीहरूले बनाउँदै छन्। यसका अलावा ११ हजार मेगावाटका आयोजनाहरू सर्वेक्षणका चरणमा छन्।

तर, सोही विद्युत् आपूर्ति गर्न चाहनेले प्रसारण लाइन निर्माण भने हुन सकेको छैन। स्वदेशमै विद्युत् आपूर्ति गर्न मिल्ने गरी अझै चार सय केभी क्षमताको प्रसारण लाइन बनेको छैन। भारतमा विद्युत् आदानप्रदान गर्न चार सय केभी ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन बनेको छ। त्यसबाहेक हेटौंडा-ढल्केवर-इनरुवासम्म चार सय केभीको लाइन बनाउने काम अघि बढेको छ। तर, स्थानीयको अवरोधका कारण त्यसको निर्माण सम्पन्न भएको छैन। यसैगरी चार सय केभी क्षमताको न्यु खिम्ती-बाह्रबिसे र बाह्रबिसे-काठमाडौं प्रसारण लाइन पनि अझै बनेको छैन। यसबाहेक चार सय केभी क्षमताका ६ वटा प्रसारण लाइन निर्माणको योजनामा छन्।

साथै, २२०, १३२ र ६६ केभी क्षमताका प्रसारण लाइन पनि न्यून छन्। अहिले १३२ केभीका ४५ वटा, २२० केभीका ६ वटा र ६६ केभीका १७ वटा मात्रै प्रसारण लाइन छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

निर्माण गर्ने समयमा उक्त आयोजना आवश्यकताअनुरूप नै थिए। तर, अहिले माग बढ्दै जाँदा प्रसारण लाइनको अभाव महसुस हुन थालेको प्राधिकरणको प्रसारण निर्देशनालयका प्रमुख दीर्घायु श्रेष्ठले बताए। १३२ केभीले १०० मेगावाट, २२० केभीले चार सय मेगावाट र चार सय केभीले आठ सय मेगावाटदेखि एक हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सक्छन्। अहिले विद्युत माग बढ्दै जाँदा सञ्चालित प्रसारण लाइनको क्षमताले नपुग्ने समस्या देखिएको उनको भनाइ छ।

अहिले पूर्व-पश्चिममा विद्युत् आपूर्तिका लागि एक सय ३२ केभीको मात्र प्रसारण लाइन छ, जुन लाइनले तराई क्षेत्रको मागलाई धान्न सक्दैन। सोही अवस्थालाई लक्षित गर्दै प्राधिकरणले यसअघि नै इनरुवा-ढल्केबर-हेटौंडा चार सय केभी र हेटौंडा-भरतपुर-बर्दघाट-नयाँ बुटवल दुई २० केभी प्रसारण लाइन आयोजनाको निर्माण अघि बढाएको छ। तर, स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, रूख कटान स्वीकृतिमा भएको ढिलाइलगायतका कारण आयोजनाको निर्माण सम्पन्न भएको छैन। त्यसपछि बुटवलदेखि पश्चिम कैलालीको अत्तरियासम्म पनि चार सय केभीको प्रसारण लाइन बनाउने योजना छ। तर, उक्त आयोजना तत्काल बन्ने देखिएको छैन।

यसैगरी कालीगण्डकी करिडोर र बर्दघाट-नयाँ बुटवल प्रसारण लाइनमा पर्ने रूख कटानका लागि मन्त्रिपरिषद् बाट निर्णय भएको चारपाँच वर्ष पूरा हुँदासमेत अहिलेसम्म कटान आदेश आउन सकेको छैन। यी त उदाहरणका परियोजना मात्रै हुन्। स्थानीय अवरोधलगायतका कारण थुप्रै आयोजनाको निर्माण अन्योलमा छ। फलस्वरूप विद्युत् आपूर्तिमा समस्या भएको प्राधिकरणको भनाइ छ

प्राधिकरण एक्लैले नसक्ने भयो, सबैले सहयोग गनुपर्छ



● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

> अब जतिसक्दो छिटो प्रसारण लाइनलगायतका पूर्वाधार बनाउनुपर्ने दबाब छ।

तर, यो प्राधिकरणको एक्लो प्रयासले हुँदैन। स्थानीय जनता, स्थानीय सरकारदेखि केन्द्रीय सरकारसम्मले यसमा अपनत्व लिनुपर्छ। उनीहरूको सहयोगविना पूर्वाधार निर्माण सम्भव छैन। यदि, समयमै त्यस्ता पूर्वाधार बनाउन सकिएन भने विद्युत् आपूर्तिमा ठूलो समस्या आउँछ। भएकै विद्युत् खेर जाने, तर ग्राहकले विद्युत् नपाउने अवस्था आउन सक्छ। तसर्थ, यसमा सबैको सहयोग आवश्यक छ।

प्राधिकरणका प्रवक्ता सुरेश भट्टराई पनि अहिलेकै प्रसारण लाइनबाट अबको विद्युत् माग धान्न नसकिने बताउँछन्। 'सञ्चालित पूर्वाधारले यो वर्ष जेनतेन विद्युत्को माग धान्ने अवस्था छ। निर्माणाधीन प्रसारण लाइन तयार भएनन् भने अर्को वर्ष समस्या आउने देखिन्छ,' उनले भने।

अहिले नेपालको विद्युत्को उच्च माग दुई हजार हाराहारी हुँदा नै यस्तो समस्या आएको छ। तर, अबको ५-६ वर्षमा नेपालको विद्युत् माग बढेर दोब्बरभन्दा माथि हुने प्राधिकरणको अनुमान छ। सन् २०२९/३० मा विद्युत्को माग चार हजार ६ सय ६० मेगावाट पुग्ने अनुमान छ। अबको २० वर्षपछि अर्थात् ०४२/४३ मा विद्युत्को माग झन्डै २० हजार मेगावाट पुग्ने अनुमान छ।

यद्यपि, आवश्यक मात्रामा पूर्वाधार बनाउन प्राधिकरण प्रयासरत रहेको कार्यकारी निर्देशक घिसिङ बताउँछन्। तर, यसमा स्थानीय जनतादेखि सरकारकै सहयोग आवश्यक पर्ने उनले बताए।

'हामी आवश्यक मात्रामा पूर्वाधार बनाउन चाहन्छौं। तर, स्थानीय जनताले काम गर्न दिँदैनन्। मन्त्रिपरिषद्ले निर्णय गरेको पाँच वर्षसम्म पनि रूख कटानीको आदेश आउँदैन। जतातै अवरोध छ,' उनले भने, 'यो अवस्थामा हामीले कसरी काम गर्न सक्छौं ?'

पाँच वर्षमै ८.५३ खर्ब लगानी चाहिने

विद्युत्को सम्भावित माग धान्ने गरी पूर्वाधार बनाउन पाँच वर्षभित्र आठ खर्ब ५३ अर्ब लगानी आवश्यक देखिएको छ। प्राधिकरणबाट प्राप्त एक अध्ययन प्रतिवेदनअनुसार प्रसारण लाइन बनाउन मात्रै थप पाँच खर्ब ४८ अर्ब रुपैयाँ लगानी चाहिन्छ। यस्तै, विद्युत् उत्पादनमा दुई खर्ब २९ अर्ब, वितरणमा ५६ अर्ब र इन्जिनियरिङमा १९ अर्ब रुपैयाँ लगानी आवश्यक देखिएको छ।

उत्पादन, प्रसारण तथा वितरणतर्फका पूर्वाधार संरचनामा लगानी बढाउन नसक्ने हो भने ठूलो डिजास्टर हुने कार्यकारी निर्देशक घिसिङ बताउँछन्। 'लोडसेडिङ अन्त्य भयो, ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्दैन भन्ने गरिन्छ। तर, खपत बढाउन र विद्युत् निर्यातका लागि आगामी पाँच वर्षमा झन्डै आठ खर्ब लगानी आवश्यक पर्छ,' उनले भने, 'तर, सरकारले प्राधिकरणलाई बजेट पनि नदिने। तर, उपभोक्ता विद्युत् महसुल पनि घटाउनुपर्ने, लगानी पनि गर्नुपर्ने, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति पनि दिनुपर्ने बाध्यता छ। यो अवस्थामा कसरी लगानी गरेर आयोजना बनाउन सकिन्छ ? यदि, त्यसबराबरको लगानी जुटाउन सकेनौं भने सिस्टममा ठूलो डिजास्टर आउन सक्छ।'

समयमा आयोजना नबन्दा पनि समस्या भयो

प्रसारण निर्देशनालयका प्रमुख श्रेष्ठले प्रसारण लाइन समयमा नबन्दा यस्तो समस्या आएको बताए। 'सबस्टेसनलगायत पूर्वाधारलाई आवश्यकताअनुसार स्तरोन्नति गरिसकेका छौं। तर, केही प्रसारण लाइनहरू तीन-चार वर्षअघि नै बन्नुपर्ने हो,' उनले भने, 'फलस्वरूप आयोजना बन्न नसक्दा यस्तो समस्या आयो। अब यसमा समयमा काम गर्न सकिएन भने विद्युत् उत्पादन भएर पनि लोडसेडिङ गर्नुपर्ने अवस्था आउन सक्छ र विद्युत् खेर जान सक्छ।'

नयाँ ब्रोकर लाइसेन्स प्रक्रिया अघि बढाउन अर्थ समितिको निर्देशन

भोजराज भण्डारी/नयाँ पत्रिका

स्थगित भएको नयाँ ब्रोकर लाइसेन्सको प्रक्रिया अघि बढाउन अर्थ समितिले निर्देशन दिएको छ। मंगलबार बसेको अर्थ समितिको बैठकले धितोपत्र बोर्डलाई लाइसेन्स प्रक्रियामा जिम्मेवार भएर अर्थ मन्त्रालयमार्फत अघि बढाउन निर्देशन दिएको हो। गत २९ जेठमा बसेको अर्थ समितिको बैठकले मापदण्डविपरीत नयाँ ब्रोकर लाइसेन्स प्रक्रिया अघि बढाएको भन्दै धितोपत्र बोर्डसँग जवाफ मागेको थियो। सांसदहरूले संसद् र समितिमा प्रश्न उठाएपछि लाइसेन्स प्रक्रिया रोक्दै बोर्डका पदाधिकारीसँग समितिले जवाफ मागेको थियो। समितिलाई जवाफ दिँदै बोर्डका अध्यक्ष रमेशकुमार हमालले ब्रोकर लाइसेन्स प्रक्रिया बजारलाई प्रतिस्पर्धात्मक बनाउने हिसाबले अघि बढाइएको र यसमा कुनै पनि मापदण्ड नमिचिएको बताएका थिए। १६ वर्षदेखिको ब्रोकर सिन्डिकेट हटाउन खोज्दा उजुरबाजुर पर्नु सामान्य कुरा भएको र उजुरी परेकै भरमा आक्षेप लगाउनु तर्कसंगत नभएको उनको भनाइ थियो। हमालले भने, 'मैले बोर्ड आएपछि कुनै पनि व्यापारीसँग बसेर एक कप चियासमेत खाएको छैन, यसमा कुनै गल्ती, कैफियत भेटिएको खण्डमा सजाय भोग्न तयार छु।'

उनले नयाँ शाखा विस्तार गर्न सात महिनासम्म लाग्ने र ब्रोकरमा पनि सिन्डिकेट कायम भएमा प्रतिस्पर्धात्मक बजार नहुने बताए। नयाँ ब्रोकर थप भएपछि बजार प्रतिस्पर्धा हुने बताए। ५० ब्रोकरको सिन्डिकेटलाई अन्त्य गर्नुपर्ने तथा वर्षौंदेखि लगानीकर्ताको माग रहेका कारण नियमावली संशोधन गरेको हमालले बताए।

बैठकमा अधिकांश सांसदले ब्रोकर लाइसेन्स प्रक्रियालाई अर्थ समितिले रोकेर राख्न नहुने बताएका थिए। एमाले सांसद पदम गिरीले बजारलाई प्रतिस्पर्धात्मक बनाउन लाइसेन्स वितरण प्रक्रियालाई अघि बढाउनुपर्ने बताए। उनले भने, 'पुरानाले पाए, नयाँले पाएन भन्ने होइन, मापदण्ड पुऱ्याएर आएका सबैलाई लाइसेन्स वितरणमा रोक्न हुँदैन।'



त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. स्वर्णिम वाग्लेले अर्थतन्त्रलाई गतिशील बनाउन पुँजी बजारको महत्त्व रहेको भन्दै ब्रोकर लाइसेन्सको हकमा प्रतिस्पर्धी बनाउनुपर्ने बताए।

नेपाली कांग्रेसकी सांसद मुक्ताकुमारी यादवले सर्वोच्च अदालतले नै फैसला गरेर निर्णय गरिसकेको अवस्थामा यसलाई थप रोकेर अल्झाउने काम गर्न नहुने बताइन्।

नयाँ ब्रोकर लाइसेन्सका लागि ४६ वटा कम्पनीको आशयपत्र पाएकोमा पहिलो चरण र दोस्रो चरणमा गरी १८ वटा कम्पनीले लाइसेन्स पाएका छन्। २८ वटा कम्पनी लाइसेन्स पाउने प्रक्रियामा रहेका छन्।

■ घोराही सिमेन्टको आइपिओमाथि अर्थ समितिमा उठ्यो प्रश्न

धितोपत्र बोर्डले कुनै अनुसन्धान नै नगरीकन घोराही सिमेन्टको आइपिओ जारी गर्न स्वीकृत दिएको तथा स्थानीय बासिन्दालाई महँगो मूल्यमा सेयर बेचेको भन्दै सांसदहरूले समितिमा ध्यानाकर्षण गराएका छन्। नेकपा माओवादी केन्द्रकी सांसद नारायणी शर्माले घोराही सिमेन्टको प्राथमिक सेयरमा फर्जी आवेदन परेको विषयमा प्रश्न उठाएकी छिन्।

जवाफमा अध्यक्ष हमालले घोराही सिमेन्टको विषयबारे तीन चरणमा अनुसन्धान अघि बढेको बताए। तत्काललाई कम्पनीको आवेदनलाई बोर्डले रोकिसकेको र यस विषयमा कम्पनीले रेटिङ गरे-नगरेको स्पष्टीकरण मागेको बताए। उनले भने, 'पहिलो काम हामीले तत्काल बन्द गरिसक्यौं, दोस्रो रेटिङ गरे-नगरेको जवाफ माग्ने र कम्पनीमाथि भित्री अनुसन्धान गरी निष्कर्षमा पुग्छौं।' सोमबार घोराही सिमेन्टको आइपिओमा एक करोड २० लाख कित्ता सेयरका लागि फर्जी आवेदन आएको थियो।

दुई अर्ब लगानीका नौ क्यासिनो दर्ता

नवीन अर्याल/नयाँ पत्रिका

देशभर सञ्चालित तारे होटेलमा क्यासिनो सञ्चालनको लहर चलेको छ। चालू आर्थिक वर्षको ३ असारसम्म उद्योग विभागमा नौवटा क्यासिनो दर्ता भएका छन्। दर्ता हुनेमा अधिकांश आधुनिक मेसिन तथा उपकरणका माध्यमबाट खेलाइने 'मिनी क्यासिनो' रहेका छन्। बानेश्वरको पाँचतारे एभरेष्ट होटेल, सोल्टीमोडको पाँचतारे हायात प्लेस र झापाको पाँचतारे किङ्सबरी होटेलमा पूर्ण क्षमताको ठूलो क्यासिनो सञ्चालन हुने भएका छन्। झापा, विराटनगर, सिन्धुपाल्चोक, काठमाडौंदेखि कपिलवस्तुसम्मका तारे होटेलमा क्यासिनो सञ्चालन गर्ने गरी कम्पनी दर्ता भएको विभागले जनाएको छ। यी क्यासिनोमा कुल एक अर्ब ९० करोड लगानी गर्ने प्रतिबद्धता जनाइएको छ।

पछिल्लो समय होटेल तथा रिसोर्टलाई चार तारेमा स्तरोन्नति गर्दै मिनी क्यासिनो सञ्चालन गर्ने होडबाजी नै देखिन्छ। भारतीय सीमासँग जोडिएका सहरहरूमा क्यासिनो नराखी होटेल नै चलाउन नसकिने स्थानीय व्यवसायी बताउँछन्।

क्यासिनो नियमावली, २०७० अनुसार पूर्ण क्षमताको ठूलो क्यासिनो सञ्चालनका लागि कम्तीमा पाँचतारे होटेल वा सोसरहको डिलक्स रिसोर्ट चाहिन्छ भने मिनी क्यासिनो सञ्चालनका लागि कम्तीमा चारतारे होटेल हुनुपर्छ। ती होटेलका सञ्चालकको लिखित सहमति लिएर उद्योग विभागमा कम्पनी दर्ता गरी पर्यटन विभागबाट सञ्चालनको अनुमति लिएर मात्रै क्यासिनो सञ्चालन गर्न पाइने व्यवस्था छ।

अहिले ठूला-साना गरी दुई दर्जनभन्दा बढी क्यासिनोले सञ्चालनको अनुमति पाएका छन्। ठूला १२ वटा क्यासिनोमध्ये नौवटा काठमाडौंका पाँचतारे होटेल र बाँकी तीनवटा नेपालगन्जको सोल्टी वेस्टेन्ड, रुपन्देहीको टाइगर प्यालेस र झापाको होटेल मेची क्राउनमा क्यासिनो सञ्चालनका लागि अनुमति पाएका हुन्। पर्यटन विभागको अनुमति लिए पनि धेरैजसो ठूला क्यासिनो सरकारलाई रोयल्टी बक्यौता नबुझाउँदा बन्द अवस्थामा छन्।

चालू आर्थिक वर्षमा दर्ता भएका क्यासिनो

क्यासिनो नाम	सञ्चालन हुने ठाउँ	लगानी
ग्रिन ज्याकपट इन्टरटेनमेन्ट	लुम्बिनी ग्रिन रिसोर्ट, कपिलवस्तु	२० करोड
भेन्टेन इन्टरटेनमेन्ट	हेरिटेज होटेल स्विट्स एन्ड स्पा, पोखरा	२० करोड
किङ्सबरी इन्टरटेनमेन्ट	बिर्तामोड, झापा	२५ करोड
रत्ना सर्भिसेज	रत्ना होटेल, विराटनगर	२० करोड
प्लेजर नेपाल	होटेल सरोबर, पोखरा	२० करोड
गोल्डेन ग्यालेक्सी इन्टरटेनमेन्ट	होटेल एभरेष्ट इन्टरनेसनल, काठमाडौं	२५ करोड
च्याङ्क इन्टरटेनमेन्ट सर्भिसेज	सिटी होटेल (हायात प्लेस) काठमाडौं	२५ करोड
बेल्लिज रिक्रिएसन	होटेल भोटेकोसी, सिन्धुपाल्चोक	१८ करोड
पशुपति रिक्रिएसन	काठमाडौं	१७ करोड
कुल		१ अर्ब ९० करोड

यस वर्ष दर्ता क्यासिनो

कपिलवस्तुको शिवराज नगरपालिकामा सञ्चालित लुम्बिनी ग्रिन रिसोर्टमा क्यासिनो सञ्चालन गर्ने गरी ५ भदौमा ग्रिन ज्याकपट इन्टरटेनमेन्ट कम्पनी दर्ता भएको छ। २० करोड लगानी हुने मिनी क्यासिनोमा वार्षिक ७६ हजार ६ सय ५० पाहुनालाई सेवा प्रदान गर्ने क्षमता रहनेछ। यो क्यासिनो सञ्चालनमा आउँदा ८१ जनाले प्रत्यक्ष रोजगारी पाउनेछन्।

९ भदौमा पोखराको हेरिटेज होटेल स्विट्स एन्ड स्पामा क्यासिनो सञ्चालन गर्ने गरी भेन्टेन इन्टरटेनमेन्ट उद्योग विभागमा दर्ता भएको छ। कुल पुँजी २० करोड रहने क्यासिनोले वार्षिक ९१ हजार दुई सय ५० पाहुनालाई सेवा दिन सक्नेछ भने ६५ जनालाई प्रत्यक्ष रोजगारी दिने प्रतिबद्धता जनाएको छ।

यस्तै, झापाको बिर्तामोडस्थित पाँचतारे किङ्सबरी होटेलमा क्यासिनो सञ्चालनका लागि २५ करोड पुँजीको किङ्सबरी इन्टरटेनमेन्ट कम्पनी १३ भदौमा दर्ता भएको छ। पूर्ण क्षमताको यस क्यासिनोले वार्षिक ९४ हजार ६ सय पाहुनालाई सेवा दिने लक्ष्य राखेको छ भने ७९ जनालाई प्रत्यक्ष रोजगारी दिने प्रतिबद्धता जनाएको छ।

विराटनगरको रत्ना होटेलमा २० करोड लगानीमा मिनी क्यासिनो सञ्चालनमा आउने भएको छ। क्यासिनोमा वार्षिक ८० हजार तीन सय पाहुनालाई सेवा दिने क्षमता हुनेछ भने क्यासिनो सञ्चालनमा आउँदा ७५ जनाले प्रत्यक्ष रोजगारी पाउनेछन्। यस्तै, प्लेजर नेपालले पोखराको होटेल सरोबरमा क्यासिनो सञ्चालनमा ल्याउँदै छ। २० करोड कुल पुँजीको क्यासिनोले वार्षिक ७६ हजार ६ सय ५० पाहुनालाई सेवा दिन सक्ने बताइएको छ। यो क्यासिनो सञ्चालनमा आउँदा ७२ जनाले रोजगारी पाउनेछन्।

बानेश्वरको होटेल एभरेष्ट इन्टरनेसनलमा गोल्डेन ग्यालेक्सी इन्टरनेटमेन्टले क्यासिनो सञ्चालन गर्ने गरी २९ कात्तिकमा कम्पनी दर्ता गरेको छ। २५ करोड लगानी रहने यो पूर्ण क्षमताको ठूलो क्यासिनोले वार्षिक एक लाख नौ हजार पाँच सयलाई सेवा दिन सक्षम हुनेछ। यो क्यासिनो सञ्चालनमा आउँदा तीन सय तीनजनाले रोजगारी पाउनेछन्।

सोल्टीमोडस्थित पाँचतारे हायात प्लेस होटेलमा च्याङ्क इन्टरटेनमेन्ट सर्भिसेसले पूर्ण क्षमताको ठूलो क्यासिनो सञ्चालनमा ल्याउने भएको छ। १७ चैतमा दर्ता भएको क्यासिनोले वार्षिक एक लाख ५० हजार पाहुनालाई सेवा दिन सक्ने क्षमता हुनेछ। ९० प्रतिशत विदेशी र १० प्रतिशत स्वदेशी लगानी रहने यो क्यासिनो सञ्चालनमा आउँदा तीन सयजनाले रोजगारी पाउनेछन्। सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिका-५ मा खुलेको भोटेकोसी होटेलमा मिनी क्यासिनो सञ्चालनमा आउने भएको छ। सिन्धुपाल्चोक जिल्लामै पहिलो क्यासिनो सञ्चालनमा ल्याउन लागेको बेल्लिज रिक्रिएसन उद्योग विभागमा ३ साउनमा दर्ता भएको हो। यो क्यासिनोमा १८ करोड लगानी हुनेछ भने ८१ जनाले प्रत्यक्ष रोजगारी पाउनेछन्। क्यासिनोमा वार्षिक ७६ हजार ६ सय ५० पाहुनाले सेवा पाउन सक्ने क्षमता हुनेछ।

काठमाडौंमा पशुपति रिक्रिएसन प्रालिले १७ हजार लगानीमा डेढ लाख पाहुनालाई सेवा दिने गरी मनोरञ्जन खेल सञ्चालन गर्ने भएको छ। यो क्यासिनो सञ्चालनमा आउँदा एक सय १५ जनाले रोजगारी पाउनेछन्।

विशेष गरी, धनगढी, महेन्द्रनगर, नेपालगन्ज, भैरहवा, वीरगन्ज, झापालगायत भारतीय सीमासँग जोडिएका सहरमा मिनी क्यासिनो बाक्लै खुल्न थालेका छन्। नेपालगन्ज, भैरहवा र झापामा पूर्ण क्षमताको ठूलो क्यासिनो नै खुलेका छन्। देशभर होटेल तथा रिसोर्टको संख्या बढेसँगै क्यासिनो खुल्ने क्रम पनि जारी नै रहेको छ।

क.र.का.दर्ता नं. : ९६८६७/०६९०७०
महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Email : info@mslbsl.com.np, Web: www.mslbsl.com.np

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको कम्पनीको संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/०३/०६
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०३/१३

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको ५,९८३ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु. २७५/- मा बिक्री गर्ने बिक्रीकर्ता बैंकको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयर खरिद गर्न प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले २०८० असार १३ गते कार्यालय समयभित्र के कति दर माउमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडि नै ३५ दिने सूचना प्रकाशित गरी सकेको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं ।

सि.नं.	बोलपत्र आवेदन फारम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु:
१	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ ।
२.	श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ शाखा कार्यालयहरु: क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत ।

तपसिल

सि.नं.	कम्पनीको नाम	शेयर कित्ता
१.	महुली लघुवित्त वित्तीय संस्था लिमिटेड	५,९८३

शर्तहरु:
१. माथि उल्लेखित वित्तीय संस्थाको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ र साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरिद गरी लिन सक्नु हुनेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।
३. बोलपत्र आवेदन फारममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि **न्यूनतम मूल्य प्रति कित्ता रु २७५/- (अक्षरेपी दुई सय पचहत्तर मात्र)** तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेको आवेदन स्वत: रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम ५०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संस्थाको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संस्था सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर **"महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनु पर्नेछ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८० ।०३ ।०६ पश्चात् यस वित्तीय संस्थाबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फारममा उल्लेखित बैंक खातामा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक विलयरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्र मिति २०८०/०३/१३ गते बैंकिङ्ग समय भित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ वा तोकिएको संकलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि संलग्न गर्नुपर्नेछ

हकदावीको सूचना

सिन्धुली जिल्ला, सावित्रि बाशेश्वर गा.वि.स वडा नं. ५, हाल सिन्धुली जिल्ला, गोलन्जोर गा.पा वडा नं.६, बस्ने श्री सन्त बहादुर हायूको नाति, श्री गोम बहादुर हायूको छोरा, श्री टेक बहादुर हायूको मिति २०७९/०४/१० गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं. १५८०५०८०००६५०७ सावित्रि खाता (०८४००५००१८१२६) मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको आमा श्रीमती धनमाया हायूले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. शाखा कार्यालय, सिन्धुली फोन नं ०४७-५२०६२५

आ.व. २०८०/०८१ मा कम्पनीलाई आवश्यक पर्ने वस्तु र सेवा आपूर्ति गर्ने फर्म/कम्पनीको सूचीकरण बारे सूचना

यस कम्पनीलाई आ.व. २०८०/८१ को लागि आवश्यक पर्ने तपसीलमा उल्लेखित वस्तु तथा सेवाहरु आपूर्ति प्रवाह गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्ट्रर्ड फर्म/कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफूले आपूर्ति/प्रवाह गर्न वस्तु एवं सेवाहरुको विवरण, फर्म/कम्पनी दर्ता, नविकृत प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN), मूल्य अभिवृद्धि कर (VAT) दर्ता, विगत तीन वर्षको वित्तीय विवरण र कार्य दक्षता अनुभवको प्रमाणपत्रको प्रतिलिपि सहितको आवेदन मिति २०८०/०३/२० गते कार्यालय समय भित्र यस कम्पनीको सामान्य सेवा विभागमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीलाई आवश्यक पर्ने वस्तु तथा सेवाहरु
१. स्टेशनरी प्रिन्टिङ्ग/सामान्य स्टेशनरी।
२. प्रिन्टर, फोटोकपी, फयाक्स मेशिन, फयाक्स आदिमा लाग्ने इन्क, रिबन, टोनर तथा कार्टेजहरु आपूर्ति, मर्मत तथा सम्भार।
३. अफिस सरसफाई सम्बन्धी सेवा।
४. सुरक्षा गार्ड सम्बन्धी सेवा।
५. ट्राभल एजेन्सी सेवा, कुरियर सेवा (आन्तरिक/बाह्य)।
६. पिउने पानी आपूर्ति (मिनरल वाटर जार)।
७. फर्निचर र फिक्सचर्स आपूर्ति तथा मर्मत।
८. Laptop/Desktop/Server/Hardisk कम्प्युटर, प्रिन्टर आदी आपूर्ति सम्बन्धी सेवा।
९. Software/Application development company
१०. Branding Agencies, Social Media Agencies, Advertisement Agencies।
११. कार्यालय उपकरणहरु:- जेनेरेटर, एयर कण्डिसन, Online UPS, ब्याट्री, स्ट्रेबिलाइजर, CCTV, EPABX, Fire and Intruder Alarm System, Eletronic Queue Management System, Fire Extinguishers आदि
१२. वार्षिक मर्मत सेवा (AMC):- कम्प्युटर हार्डवेयर, अफिस इक्युपमेन्ट, फर्निचर तथा इलेक्ट्रिकल कार्य, पेण्टिङ्ग आदि।
१३. क्यापिटलसंग सम्बन्धित अन्य कार्य।

अन्य जानकारीहरु:

१. सूचीकृत हुन निवेदनहरु दर्ता गरिएका मध्येबाट योग्य ठहरिएका बिक्रेता फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ। यसरी सूचीकृत गर्दा पेश हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ।
२. सूचीकृत दर्ताको समयमा आवश्यक सम्पूर्ण कागजात, अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरु पेश गर्नु पर्नेछ।
३. सूचीकृत भएका बिक्रेता, फर्महरुबाट यस कम्पनीको आवश्यकता अनुसारको वस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन, घटाघट बोल कबोलबाट भागलिन अनुरोध गर्न सकिनेछ ।
४. सूचीकृतमा पर्ने फर्महरुलाई सूचीकृत भएको जानकारी गराइनेछ र बार्षिक सम्झौता समेत गर्न सकिनेछ।
५. सूचीकृत भएका कम्पनी तथा फर्महरुले सन्तोष जनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट बिना सूचना हटाउन सकिनेछ। यस उपर कुनै दावी, विरोध गर्न पाइने छैन। सूचीकृत सम्बन्धी सम्पूर्ण अधिकार यस कम्पनीमा नै निहित रहनेछ।
६. आवेदनको साथ यस कम्पनीको एन आई सी एशिया बैंक लि.मा रहेको खाताको नाम NIC ASIA Capital Limited खाता नं. ५४४१४५१०२५२४००१ मा रु. ५००/- (अक्षरुपी पांच सय मात्र, फिर्ता नहुने गरी) जम्मा गरिएको सक्कल भौचर संलग्न गर्नुपर्ने छ।

NIC ASIA CAPITAL एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

सन्राइजले दियो सुनसरीमा पशुपालन र डडेल्धुरामा आलुखेतीसम्बन्धी तालिम

सन्राइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै

काठमाडौं/ सन्राइज बैंकले सीपमूलक तालिम तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बैंकले सुनसरीको झुम्का नगरपालिकामा मासु उत्पादनका लागि पशुपालन र डडेल्धुरामा आलुखेतीसम्बन्धी सीपमूलक तालिम तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको हो।

स्थानीय तहमा सुहाउँदो कृषि व्यवसायसम्बन्धी तालिम स्थानीय व्यक्तिहरूलाई प्रदान गरेर उनीहरूको आम्दानी वृद्धिमा मद्दत गर्ने तथा त्यस व्यवसायमा आवश्यक पर्ने बैंकिङ ज्ञान प्रदान गर्ने उद्देश्यसहित सुनसरीमा दुईदिने कार्यक्रम आयोजना गरेको बैंकले जनाएको छ।

बैंकका कोसी प्रदेश प्रमुख विनोद गजुरेलसहित पदाधिकारीको उपस्थितिमा उक्त कार्यक्रम गरिएको बताइएको छ। कार्यक्रमको प्रशिक्षण डा. नागेन्द्रबहादुर दाहाल र सबिन खतिवडाले गरेको बैंकले जानकारी गराएको छ। सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएको उक्त कार्यक्रम विशेष गरी बाख्रा, बंगुर र कुखुरापालनमा केन्द्रित सीपमूलक तालिम दिइएको थियो।

त्यसैगरी कृषि, आम्दानी वृद्धि र बैंकिङबारे डडेल्धुरामा दुईदिने आलुखेती उत्पादन तथा वित्तीय साक्षरता कार्यक्रममा ४० जना सहभागी थिए। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालयका म्रोत व्यक्ति ध्रुवराज जोशी र श्री मनीषा चौधरीद्वारा प्रशिक्षित उक्त कार्यक्रम अमरगढी-८ का वडा अध्यक्ष नरबहादुर शंखी र बैंकका तर्फबाट प्रतिनिधि पुष्पराज भट्टको उपस्थितिमा आयोजना गरिएको थियो। यस तालिमले आलुको व्यावसायिक उत्पादन, बजारीकरण, आलुबाट बनाउन सकिने सामग्रीसम्बन्धी ज्ञान र त्यसबाट आफ्नो आयलाई कसरी बढाउन सकिन्छ भन्नेबारे ज्ञानसमेत दिइको बैंकले जनाएको छ।

सीपमूलक तालिमले कृषकहरूमा उत्पादन वृद्धि, त्यसको बजारीकरण र बचतका बारेमा ज्ञान प्रदान भएको र यसले उनीहरूको व्यावसायिक क्षमतामा वृद्धि गर्ने बैंकले विश्वास लिएको छ। बैंकले यस्ता सीपमूलक तालिम देशभरिका साथै प्रदेशमा गर्दै आएको छ।

समता घरेलु लघुवित्तको बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल

काठमाडौं/ समता घरेलु लघुवित्तको सार्वजनिक सेयर निष्कासनका लागि बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल नियुक्त भएको छ।

वित्तीय संस्थाको प्रबन्धपत्रमा भएको व्यवस्थाबमोजिम सेयर पुँजी संरचना अनुपात ७०:३० (संस्थापक : सर्वसाधारण) कायम हुने गरी नपुग तीन करोड ३२ लाख ८५ हजार ६ सय रुपैयाँबराबरको तीन लाख ३२ हजार आठ सय ५६ कित्ता सेयर निष्कासनका लागि समताले मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको हो।

बिक्री प्रबन्धक नियुक्तीसम्बन्धी सम्झौतापत्रमा समता घरेलु लघुवित्तका प्रमुख कार्यकारी अधिकृत डा. मदन घिमिरे र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्र ध्वजजोशीले हस्ताक्षर गरेका हुन्।

इसेवाले गऱ्यो विजेतालाई घर हस्तान्तरण

काठमाडौं/ इसेवा मनी ट्रान्सफरले घर हस्तान्तरण गरेको छ। 'मेरो डिजिटल देश अभियान'अन्तर्गत भाग्यशाली विजेता पूर्णबहादुर श्रेष्ठलाई घर हस्तान्तरण गरेको कम्पनीले जनाएको छ।

इसेवाले १२ जेठमा डिजिटल गोलाप्रथामार्फत उक्त अभियानको विजेता घोषणा गरेको थियो। जसमा विगत आठ वर्षदेखि युएईमा कार्यरत पूर्णबहादुर भाग्यशाली विजेता बनेका थिए।

विजेतालाई घर हस्तान्तरण गर्दै इसेवाका निर्देशक डेनियल डी श्रेष्ठले नेपालमा क्यासलेस अर्थतन्त्र बनाउन लागिरहेको एफवान सफ्ट ग्रुपअन्तर्गतको यस कम्पनीले रेमिट्यान्सलाई पनि डिजिटल बनाउने अभियान सञ्चालन गरिरहेको बताए।

इसेवाले वैधानिक रेमिट्यान्सलाई प्रोत्साहन गर्ने उद्देश्यले 'मेरो डिजिटल देश' अभियान सार्वजनिक गरेको थियो। डिजिटल रेमिट्यान्सलाई प्रोत्साहन गर्दै आएको कम्पनीले 'मेरो डिजिटल देश' अभियानअन्तर्गत विश्वका जुनसुकै मुलुकमा रहेका नेपालीले नेपालमा इच्छाएको व्यक्तिको बैंक खाता वा इसेवा वालेटमा पैसा पठाउँदा एकजनालाई बम्पर उपहारस्वरूप काठमाडौंमा साढे दुई तलाको घर दिने घोषणा गरेको थियो। ७ असोजदेखि जेठ ६ गतेसम्म रेमिट्यान्स पठाउने व्यक्तिहरू यस अभियानमा सहभागी भएका थिए। 'मेरो डिजिटल देश' अभियानअन्तर्गत हरेक महिना सेवाग्राहीको घरसम्म पुगी आकर्षक उपहारसमेत प्रदान गरेको थियो।

यस्तै, इसेवाका प्रमुख कार्यकारी अधिकृत अजेश कोइरालाले 'मेरो डिजिटल देश' अभियानलाई निरन्तरता दिँदै वैधानिक रेमिट्यान्सलाई प्रोत्साहन गर्ने अपेक्षा लिएको बताए। विजेता श्रेष्ठले आठ वर्ष युएईमा श्रम गरिरहेका व्यक्तिले घर जित्न पाउँदा खुसी भएको बताए।

कनेक्ट आइपिएसको 'रेफर अ फ्रेन्ड २.०' अफर

काठमाडौं/ कनेक्ट आइपिएसले 'रेफर अ फ्रेन्ड २.०' अफर सार्वजनिक गरेको छ। यस अफरअन्तर्गत प्रयोगकर्ताले आफ्ना साथी, परिवार तथा आफन्तजनलाई कनेक्ट आइपिएसमा रजिस्टर हुन 'रेफर' गर्न सक्ने बताइएको छ। उक्त अफरअन्तर्गत ३१ असारसम्म 'रेफ्री'ले आफ्नो बैंक खाता भेरिफाई गराएपछि रेफररले २५ रुपैयाँ र 'रेफ्री'ले ५० रुपैयाँ आफ्नो बैंक खातामा प्राप्त गर्न सक्ने आइपिएसले जनाएको छ। अफरको फाइदा लिन रेफररले आफ्ना साथी तथा आफन्तलाई आफ्नो कोड अनिवार्य साझा गर्नुपर्ने हुन्छ।

बैंकका ग्राहकका लागि एकै प्लेटफर्ममार्फत एकभन्दा बढी खाता लिंक गरी फन्ड ट्रान्सफरलगायत विभिन्न भुक्तानी गर्ने सजिलो माध्यम भएकाले कनेक्ट आइपिएसमार्फत प्रतिकारोबार २० लाख रुपैयाँसम्म र यसको मोबाइल एपमार्फत दुई लाखसम्मको भुक्तानी गर्न सकिन्छ।

यस्तै मोबाइल रिचार्ज, बिजुलीको बिल, टेलिफोनको बिल, इन्टरनेटको बिल, स्कुल फी, हायर पर्चेज, सरकारी राजस्व, लोकसेवा, ट्राफिक फाइन, सेयर कारोबारलगायत थुप्रै प्रकारका भुक्तानी गर्न सकिने बताइएको छ।

हिमालयनले जंगल भिल्ला रिसोर्टमा छुट दिने

HBL Himalayan Bank Ltd.

काठमाडौं/ हिमालयन बैंक लिमिटेड र जंगल भिल्ला रिसोर्टबीच छुट प्रदान गर्ने सम्झौता भएको छ। सम्झौतापछि बैंकका ग्राहकले पटिहानी-भरतपुर, चितवनमा रहेको रिसोर्टले प्रदान गर्ने विभिन्न सेवामा १० देखि १५ प्रतिशतसम्मको छुट पाउने बताइएको छ।

छुट प्राप्त गर्न बैंकका ग्राहकले डेबिट, क्रेडिट वा प्रिपेड कार्ड देखाउन सक्ने बैंकले जनाएको छ।

कुमारीले गऱ्यो चुमनुब्रीमा सामाजिक सुरक्षा भत्ता वितरण



काठमाडौं/ कुमारी बैंक लिमिटेडले चुमनुब्री गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। बैंकले ग्राहकको सेवा-सुविधालाई ध्यानमा राखी सडकको पहुँच नपुगेका ठाउँमा भौतिक सहयोग पुऱ्याउने उद्देश्यसहित हेलिकोप्टर चार्टर गरी भत्ता वितरण गरेको बताएको छ।

विकट गोरखा चुमनुब्री क्षेत्रमा हालसम्म सडकको राम्रो पहुँच नपुग्दा सुरक्षा भत्ता लिन दुईदेखि तीन दिनको बाटो हिँड्नुपर्ने बाध्यता रहेको बैंकले जनाएको छ।

बैंकले चुमनुब्री गाउँपालिकाका ग्राहकलाई लक्षित गरी थप सेवा-सुविधा पुऱ्याउने कार्यलाई निरन्तरता दिने बताएको छ।

हाल बैंकले देशभर तीन सय दुई शाखा, ४८ एक्सटेन्सन काउन्टर, दुई सय ९६ एटिएम तथा ६३ शाखारहित बैंकिङ इकाइसहितका सञ्जालबाट बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

यामाहाको दुईपांग्रे सवारीसाधनमा दुई वर्ष सडक कर निःशुल्क

काठमाडौं/ यामाहाले दुईपांग्रे सवारीसाधन प्रयोगकर्तालाई लक्षित गरी नयाँ अफर घोषणा गरेको छ। 'यामाहा ट्याक्स रिल्याक्स' अफरअन्तर्गत कुनै पनि यामाहाको मोटरसाइकल तथा स्कुटर खरिद गर्दा पहिलो दुई वर्षको सडक कर पनि खरिद लागतमै समेटिने कम्पनीले जनाएको छ।

दुईपांग्रे सवारीसाधनको प्रारम्भिक खरिदमा लागत मात्रै समावेश नभई अन्य खर्च पनि लाग्ने र सडक करजस्ता अतिरिक्त खर्चले प्रायः सवारलाई बोझ पार्न सक्ने भन्दै 'यामाहा ट्याक्स रिल्याक्स' अफर ल्याएको कम्पनीले बताएको छ। यस अफरअन्तर्गत कम्पनीले स्वामित्वको पहिलो दुई वर्षको करको जिम्मा लिने बताइएको छ।

'यामाहामा यात्रा गर्नु भनेको अनावश्यक आर्थिक तनावबाट मुक्त भई रमाइलो अनुभव गर्नु पनि हो,' यामाहा नेपालका प्रमुख कार्यकारी अधिकृत राजु क्षेत्रीले भने, 'यामाहा ट्याक्स रिल्याक्सले हाम्रा ग्राहकको सडक कर खर्चको ख्याल राखेकामा ढुक्कका साथ यात्रा गर्न सक्छन्।'

यामाहाले यसबाहेक विभिन्न आकर्षक अफर उपलब्ध गराएको बताएको छ। कम्पनीका अनुसार शून्य प्रतिशत ब्याजदरदेखि आफूलाई उपयुक्त लाग्ने निश्चित दरको डाउन पेमेन्ट गरेर यामाहाका मोटरसाइकल वा स्कुटर लिन सकिन्छ।

विपन्न महिलालाई आर्थिक सहयोग गर्न सानिमा र पाटन अस्पतालबीच सम्झौता



काठमाडौं/ सानिमा बैंक र पाटन अस्पतालबीच विपन्न महिलालाई उपचारका लागि आर्थिक सहयोगबारे सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका निक्षेप प्रमुख हेमराज सञ्ज्याल र पाटन अस्पतालका निर्देशक डा. रवि शाक्यले हस्ताक्षर गरेका छन्।

सम्झौताअन्तर्गत बैंकले न्यून आर्थिक अवस्था भएका महिलाको उपचारका लागि पाटन अस्पताललाई आर्थिक सहयोग उपलब्ध गराउनेछ। बैंकले आगामी एक वर्षका लागि आर्थिक सहयोग उपलब्ध गराउने भएको हो। बैंकले ०७४ सालदेखि विपन्न महिलाको उपचारका लागि पाटन अस्पतालमार्फत आर्थिक सहयोग गर्दै आइरहेको छ।

सहयोगका लागि 'नारी बचत खाता'बापत बैंकको तर्फबाट मासिक एक रुपैयाँका दरले नारी सामाजिक कोषमा रकम जम्मा गर्दै आएको बताएको छ। उक्त संकलित रकम नारी उत्थानका लागि खर्च गर्ने उद्देश्यले नै बैंकले पाटन अस्पतालसँग यो सम्झौता गरेको बताइएको छ।

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय बनेपा - १३, साँगा, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६२२७५ Email: info@womimfi.com.np, website: www.swmfi.com.np

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/०३/०६
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०३/१३

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समुहको १,०६,९०० कित्ता शेयर प्रति कित्ता न्युनतम मुल्य रु. २१७/- मा बिक्री गर्ने बैंकको निर्णय अनुसार उक्त शेयरहरु खरिद गर्न योग्य इच्छुक विद्यमान संस्थापकहरु वा जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८० साल असार १३ गते** कार्यालय समयभित्र तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यस भन्दा अगाडी नै ३५ दिने सूचना प्रकाशित जारी सकिएको व्यहोरा यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं।

क्र.सं.	बोलपत्र आवेदन फारम पाईने र बुझाउने स्थान (संकलन केन्द्र)
१	श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ ।
२.	श्री एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय: ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ शाखा कार्यालयहरु: क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, बीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत ।

तपसिल

क्र.सं.	कम्पनीको नाम	शेयर कित्ता
१.	सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड	१,०६,९००

शर्तहरु:

१. माथि उल्लेखित कम्पनीको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर, काठमाण्डौंबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ।
३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि **न्युनतम मुल्य प्रति कित्ता रु २१७/- (अक्षरेपी दुई सय सत्र मात्र)** तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मुल्य अंकित जारी पेश गरेको आवेदन स्वत: रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्युनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संस्थाको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर **"सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाग्नाछाप गरिएको हुनु पर्नेछ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८०/०३/०६ पश्चात् यस कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फारममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
९. शेयर खरीद गर्न इच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीका लागि तोकिएको Fit & Proper Test (अनुसुचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्र मिति २०८०/०३/१३ गते बैंकिङ्ग समय भित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ वा तोकिएको संकलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१३. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित जारी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ ।
१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन। बाँडफाँडमा परेको सेयर तथा प्राप्त बोनस/हकप्रद शेयर खरिद कारोवार तथा नामसारी वापत तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारिक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।
१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक
NIC ASIA CAPITAL एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

मिति २०८० वैशाख २५ गतेको नयाँ पत्रिका र नागरिक दैनिकमा प्रकाशित हुने ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वयलवास, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०३/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय वयलवास, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिँदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीहरुको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा सर्लाहीमा मिति २०७६/०७/०४ मा प्रा.फ.र.नं. ७९६५/०७६/०७७ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिंह मत्स्य पालन** (प्रोप्राईटर सरजु सिंहको नातिनी, कारी सिंह दनुवार/सरवसीया देवीको छोरी, शत्रुधन सिंहको पत्नी, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०७ (साविक ईश्वरपुर गा.वि.स., वडा नं. ०३) वस्ने **उषा कुमारी सिंह दनुवार** (ना.प्र.नं. ३८४९११८५,जारी मिति २०६१/०४/०१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. सरजु सिंहको नातिनी, कारी सिंह दनुवार/सरवसीया देवीको छोरी, जयराम सिंह दनुवार/कारो देवीको बुहारी, लक्ष्मण सिंहको पत्नी, सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०७ (साविक फरहदवा गा.वि.स., वडा नं. ०९) वस्ने **उर्मिला कुमारी** (ना.प्र.नं. ७१८९१५०६, जारी मिति २०४६/०३/१४, जिल्ला प्रश

लुक्लामा एकै दिन चार सय १२ वटासम्म उडान

आरोही र पैदलयात्री बोक्न अप्रिल र मेमा जहाज र हेलिकोप्टरबाट ६७ सय उडान-अवतरण, साढे ४८ हजार यात्रुलाई सेवा

नवीन अर्याल/नयाँ पत्रिका

वसन्तकालीन मौसममा हिमाल आरोही र पदयात्री बोक्न वायुसेवा कम्पनीलाई भ्याइनभ्याई भएको छ। आरोहण र ट्रेकिङको मौसममा लुक्लाको तेन्जिङ हिलारी विमानस्थलमा दिनमै चार सयभन्दा बढीसम्म 'फ्लाइट मुभमेन्ट' भएका हुन्।

आरोही र पदयात्री बढेपछि लुक्लामा हवाईजहाज र हेलिकोप्टरबाट दिनमै चार सय १२ पटकसम्म उडान-अवतरण भएको विमानस्थल प्रमुख महेश श्रेष्ठले बताए। २ मे २०२३ मा लुक्लामा 'फ्लाइट मुभमेन्ट' चार सय कटेको उनको भनाइ छ। जसमध्ये हवाईजहाजबाट ३९ र हेलिकोप्टरबाट तीन सय ७३ उडान-अवतरण भएको थियो।

पर्यटकीय मौसममा लुक्ला विमानस्थल काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)पछि सबैभन्दा धेरै व्यस्त रहन्छ। सिजनमा उडान संख्याका हिसाबले पनि टिआइएपछि लुक्लामै धेरै 'फ्लाइट मुभमेन्ट' हुन्छ। हिमाल आरोहणका लागि उपयुक्त सिजन मानिने यस वर्षको अप्रिल र मे महिनामा हिमाली भेगमा आरोही र पदयात्री खचाखच थिए।

सर्वोच्च शिखर सगरमाथा, ल्होत्से, नुप्त्से हिमाल आरोही, पथप्रदर्शक (गाइड) र खुम्बु क्षेत्रमा पदयात्रा गर्ने स्वदेशी तथा विदेशी पर्यटकलाई सेवा दिन लुक्ला विमानस्थल सिजनभरि नै व्यस्त बनेको हो। सन् १९७१ देखि सञ्चालनमा रहेको लुक्ला विमानस्थल देशकै सबैभन्दा व्यस्त 'स्टल' विमानस्थल हो। वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि इतिहासकै सबैभन्दा धेरै चार सय ७८ आरोहीले अनुमति लिएका थिए। आरोही र गाइड गरी करिब ६ सयले सगरमाथाको शिखर चुमेको पर्यटन विभागले जनाएको छ। खुम्बु क्षेत्रमा पदयात्रामा जाने पर्यटकको संख्या पनि ऐतिहासिक नै रह्यो।

■ लुक्लामै केन्द्रित वायुसेवा

सगरमाथा आरोहण तथा खुम्बु पदयात्राका लागि वसन्त ऋतु सबैभन्दा उत्तम सिजन हो। यो समय पर्यटक बोक्न स्टल उडान गर्ने जहाज र हेलिकोप्टर कम्पनी सगरमाथा क्षेत्रमै केन्द्रित हुने



गर्छन्। लुक्ला सगरमाथाको प्रवेशद्वार हो, जहाँबाट पदयात्रा सुरु हुन्छ। अप्रिल र मे महिनामा लुक्ला विमानस्थलमा कुल ६ हजार ६ सय ९३ उडान-अवतरण भएका छन्, जसमध्ये एक हजार चार सय ७४ हवाईजहाज र पाँच हजार दुई सय २० हेलिकोप्टरका हुन्।

लुक्ला विमानस्थलमा हवाईजहाजको भन्दा हेलिकोप्टरको 'फ्लाइट मुभमेन्ट' बढी हुने गर्छ। हेलिकोप्टरले लुक्लामा झरेका पर्यटकलाई नाम्चे, कोइदे, गोक्यो लेक, एभरेस्ट बेसक्याम्प, कालापत्थरलगायत ठाउँमा घुमाउने गर्छन्। यस्तै, आरोहण र पदयात्राका क्रममा बिरामी वा अलपत्र हुने पर्यटकलाई हेलिकोप्टरले 'रेस्क्यु' पनि गर्ने गर्छन्। छोटो दूरीमा उडान गर्ने हुँदा जहाजको तुलनामा हेलिकोप्टरको 'फ्लाइट मुभमेन्ट' धेरै हुने गरेको श्रेष्ठको भनाइ छ।

■ सबैभन्दा बढी उडान-अवतरण भएका दिन

मिति	जहाज	हेलिकोप्टर	कुल
२ अप्रिल	४४	२०८	२५२
३ अप्रिल	५४	३२६	३७०
४ अप्रिल	३५	३५६	२९१
१० अप्रिल	४१	२६०	३०१
१३ अप्रिल	३६	२७९	३१५
१४ अप्रिल	३६	२८२	३१८
२ मे	३९	३७३	४१२

■ लुक्लामा भएका उडान-अवतरण

महिना	जहाज	हेलिकोप्टर	कुल उडान
अप्रिल	९०७	२७११	३६१७
मे	५६७	२५०९	३०७६
कुल	१४७४	५२२०	६६९३

■ लुक्लामा हवाई यात्रुको आवागमन

महिना	एराइभल	डिपार्चर	कुल यात्रु
अप्रिल	१२१०२	१३९७९	२६०८१
मे	५०४४	१२६७५	२१७१९
कुल	१७,१४६	२६,६५४	४७,८००

हवाईजहाजले काठमाडौं र रामेछापबाट लुक्ला उडान गर्छन्। काठमाडौंको त्रिभुवन विमानस्थल अत्यन्तै व्यस्त भएपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले लुक्लाका फ्लाइट रामेछाप-मन्थली विमानस्थलबाट गर्ने व्यवस्था गरेको छ।

अप्रिल र मे महिनामा जहाज र हेलिकोप्टरले ४७ हजार आठ सय यात्रुलाई बोकेको लुक्ला विमानस्थल कार्यालयको तथ्यांक छ। जसमध्ये १७ हजार यात्रु लुक्लामा अवतरण गरे भने २६ हजार ६ सय ५४ यात्रुहरू लुक्लाबाट रामेछाप, काठमाडौंसहित सगरमाथा क्षेत्रका विभिन्न ठाउँतर्फ उडेका हुन्। यो तथ्यांकमा जहाजबाट लुक्लामा उडान-अवतरण गरेका यात्रुहरू र हेलिकोप्टरबाट अवतरण मात्रै गरेका यात्रु समेटिएका छन्। विभिन्न ठाउँबाट हेलिकोप्टर चढेर लुक्लामा झर्ने यात्रुहरूको संख्या त्यति जानकारीमा नआउने गरेको विमानस्थल प्रमुख श्रेष्ठले बताए।

अप्रिलमा हवाईजहाजबाट ४९ हजार एक सय ८१ केजी कार्गो लुक्ला झारेको छ भने ९४ हजार ६३ केजी सामान लुक्लाबाट बाहिरिएको छ। यस्तै, मेमा एक लाख ७८ हजार एक सय १९ केजी कार्गो लुक्लामा ढुवानी भएको र ७७ हजार आठ सय ६५ केजी कार्गो लुक्लाबाट बाहिरिएको विमानस्थल कार्यालयले जनाएको छ। यो तथ्यांकमा हेलिकोप्टरले बोकेको कार्गो समेटिएको छैन।

■ सगरमाथा आरोहीको संख्यामा पनि कीर्तिमान

यस वर्षको वसन्त ऋतुमा इतिहासकै सबैभन्दा धेरै चार सय ७८ आरोहीले सगरमाथा आरोहणका लागि अनुमति लिएका थिए। आरोही र गाइड गरी करिब ६ सयले सगरमाथाको सफल आरोहण गरेको पर्यटन विभागको अनुमान छ। यस सिजनमा भारतीय र नेपाली पदयात्रीहरूको सगरमाथा क्षेत्रमा भिड नै लागेको श्रेष्ठको भनाइ छ। यतिसम्म कि, बाटोमा यात्री र खच्चडलाई पन्छाउँदै हिँड्नुपर्ने अवस्था आएको थियो।

■ धेरै उडान भएका दिन

वसन्तकालीन सिजनका लागि लुक्लामा सबैभन्दा धेरै उडान-अवतरण २ मेका दिन चार सय १२ पटक भयो। ३ अप्रिलमा एकै दिन हेलिकोप्टरका तीन सय १६ र जहाजका ५४ गरी कुल तीन सय ७० फ्लाइट भएका थिए।

२ अप्रिलमा जहाजका ४४ र हेलिकोप्टरका दुई सय आठ गरी दुई सय ५२ फ्लाइट मुभमेन्ट भए भने ४ अप्रिलमा जहाजका ३५ र हेलिकोप्टरका दुई सय ५६ गरी दुई सय ९१ उडान-अवतरण भएका छन्। यस्तै, १० अप्रिलमा जहाजका ४१ र हेलिकोप्टरका दुई सय ६० गरी तीन सय एक उडान भए भने १३ अप्रिलमा जहाजका ३६ र हेलिकोप्टरका दुई सय ७९ गरी तीन सय १५ उडान-अवतरण भएको तथ्यांक छ। १४ अप्रिलमा ३६ जहाजका र हेलिकोप्टरका दुई सय ८२ गरी कुल तीन सय १८ पटक उडान-अवतरण भए।

'सिजनमा लुक्लामा फ्लाइट तीन सय क्रस भइहाल्छन्,' विमानस्थल प्रमुख श्रेष्ठले भने, 'यसपटक लुक्लामा कोभिडपछिकै सबैभन्दा धेरै फ्लाइट भएका छन्।'

लुक्ला विमानस्थलमा एकपटकमा चारवटा जहाज पार्किङ गर्न मिल्छ। हेलिकोप्टरका लागि छुट्टै हेलिपोर्ट छ। 'जहाज एउटा उड्छ, अर्को आउँछ, एकैचोटि ६-७ वटा नआउने हुँदा व्यवस्थापनमा खास समस्या हुँदैन,' उनले थपे, 'हेलिकोप्टरका सर्ट रुट हुन्छन्। लुक्लाबाट नाम्चे पुगेर फर्किने पनि हुन्छन्।'

कतिपय हेलिकोप्टरका फ्लाइट काठमाडौंबाट हुन्छन्। सगरमाथा क्षेत्रमा उडान गर्ने सबै हेलिकोप्टरले लुक्ला विमानस्थललाई आधार बनाउँछन्। उनले भने, 'तेल भर्न होस् वा लोड पेनाल्टी मिलाउन, लुक्ला अवतरण नगरी सुखै छैन।' अहिले स्टल उडान तारा, समिट, नेपाल एयरलाइन्स, सीता एयरले मात्रै गर्दै आइरहेका छन्।

जहाज अत्यन्तै कम र यात्रु धेरै हुने हुनाले सबैले हवाईजहाजको टिकट नपाउने अवस्था छ। जहाजमा टिकट नपाउने आरोही पदयात्री बसमा सल्लेरीसम्म पुगेर त्यहाँबाट यात्रा सुरु गर्छन्। पछिल्लो समय सल्लेरीसम्म सडक पुगेपछि प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारी हिँडेको पुरानो ट्रेकिङ रुट जिरी-लुक्ला सुनसान बनेको छ। यो सिजनमा मौसमले समस्या नपारेको र दुर्घटना पनि त्यति नभएको अछामीले बताए।

हवाई इन्धनको मूल्य घट्यो, जहाजको भाडादर पनि घट्ने



काठमाडौं/ नेपाल आयल निगमले मंगलबार रातिबाट लागू हुने गरी हवाई इन्धनको मूल्य घटाएको छ। निगमका अनुसार आन्तरिक वायुसेवाले प्रयोग गर्ने हवाई इन्धनको मूल्य प्रतिलिटर १० रुपैयाँ र अन्तर्राष्ट्रिय उडान गर्ने विमान कम्पनीले प्रयोग गर्ने हवाई इन्धनको मूल्य प्रतिलिटर २६ रुपैयाँले घटाइएको हो।

मूल्य घटेपछि आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर एक सय ५० रुपैयाँ र बाह्य हवाई इन्धनको मूल्य प्रतिलिटर एक सय ५१ रुपैयाँ कायम भएको छ। निगमले ठूलो दरमा मूल्य घटाएपछि चाँडै हवाई भाडासमेत घट्नेछ। सामान्यतया प्रतिलिटर पाँच रुपैयाँभन्दा बढी दरमा हवाई इन्धनको मूल्य घटबढ हुनासाथ हवाई भाडादरसमेत समायोजन हुने गरेको छ।

गत १८ जेठमा नै निगमलाई इन्डियन आयल कर्पोरेसन (आइओसी)ले हवाई इन्धनको नयाँ मूल्य पठाउँदा घटाएर पठाएको थियो। सोलगत्तै निममले मूल्य घटाएर उपभोक्तालाई राहत दिनुपर्ने भए पनि प्रतिलिटर तीन रुपैयाँभन्दा बढी दरले मूल्य घटबढ गर्दा सञ्चालक समितिबाट निर्णय गर्नुपर्ने व्यवस्था भएको प्रवक्ता मनोज ठाकुरले बताए। उनका अनुसार मंगलबार सञ्चालक समिति बैठक बसेपछि मूल्य घटाउने निर्णय गरिएको हो।

बढ्यो पदयात्रा क्षेत्रमा कार्यरत श्रमिकको पारिश्रमिक

काठमाडौं/ पाँच वर्षपछि पदयात्रा पर्यटन क्षेत्रमा कार्यरत श्रमिकहरूको पारिश्रमिक बढेको छ। ट्रेड युनियन र ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) र ट्रेड युनियनबीच भएको छलफलपछि पारिश्रमिक बढाउने निर्णय भएको हो।

विगतमा पदयात्रा क्षेत्रअनुसार श्रमिकको पारिश्रमिक पनि फरक-फरक थियो। तर, नयाँ व्यवस्थाअनुसार सबै क्षेत्रमा खटिने पदयात्रा श्रमिकको पारिश्रमिक एउटै कायम गरिएको छ। अब पथप्रदर्शक (गाइड)ले प्रतिदिन तीन हजार एक सय पारिश्रमिक पाउनेछन्। यसअघि अन्नपूर्ण तथा लाङटाङ क्षेत्रमा जाने गाइडले २१ सय, सगरमाथा क्षेत्रमा जाने गाइडले २२ सय ६८ र क्याम्पिङ ट्रेक गाइडले १७ सय ६४ रुपैयाँ पारिश्रमिक पाउँथे। त्यस्तै, सहायक पथप्रदर्शक (सहायक गाइड)ले प्रतिदिन दुई हजार आठ सय पाउने भएका छन्। यसअघि अन्नपूर्ण तथा लाङटाङ क्षेत्रका सहायक गाइडले दुई हजार १६ र सगरमाथा क्षेत्रका सहायक गाइडले २१ सय पाउँथे।

नयाँ व्यवस्थाअनुसार सहयोगी पथप्रदर्शकले प्रतिदिन २५ सय पारिश्रमिक पाउनेछन्। सहयोगी श्रमिकको पारिश्रमिक २४ सय पुगेको छ। यसअघि अन्नपूर्ण तथा लाङटाङ क्षेत्रमा जाँदा १९ सय ३२, सगरमाथा क्षेत्रमा जाँदा २१ सय र डोल्पा, मकालु, कञ्चनजंघा, मनास्लु, धौलागिरिलगायत क्षेत्रमा जाँदा २२ सय २० रुपैयाँ पाउँथे।

वृद्धि भएको पारिश्रमिक १ साउनदेखि लागू हुने टानका महासचिव विनोद सापकोटाले जानकारी गराए। यसअघि ०७५ मंसिरमा पारिश्रमिक बढेको थियो। उनले भने, 'अब सम्पूर्ण पदयात्रा क्षेत्रमा काम गर्ने पर्यटन श्रमिकहरूको पारिश्रमिक समान हुने गरी निर्धारण गरेका छौं।'

कृषिसम्बन्धी बिमालेख जारी गर्न पुनः सुरु

काठमाडौं/ सरकारले अनुदान रकम तत्काल उपलब्ध गराउने प्रतिबद्धता गरेपछि मंगलबारदेखि कृषिसम्बन्धी बिमालेख जारी भएको छ।

अनुदान बक्यौता बुझाउन असार मसान्तसम्मको समयसीमा दिएर बिमालेख जारी गर्न सुरु गर्ने निर्णय गरेको नेपाल बिमक संघले जनाएको छ। कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालको नेतृत्वमा मन्त्रालयका सचिवद्वयसहितको बैठकले अनुदान रकम तत्काल उपलब्ध गराउने प्रतिबद्धता जनाउँदै बिमालेख जारी गर्न संघलाई आग्रह गरेको थियो। ०६९ देखि सरकारले कृषक र कृषिलाई प्राथमिकता दिँदै कृषि बिमा शुल्कमा अनुदान दिँदै आइरहेको थियो। तर, ०७७ देखि कृषि बिमाको अनुदान रकम नदिँदा करिब तीन अर्ब बक्यौता बाँकी रहेको संघको भनाइ छ। बिमकहरूले अनुदान रकम पाउन बारम्बार पहल गर्दासमेत विभिन्न बहानामा अनुदान रोकेपछि बिमक संघको निर्णयमा ७ जेठ ०८० देखि कृषिसम्बन्धी बिमालेख जारी गर्न बन्द गरिएको थियो। पछिल्लो समय मन्त्रालयले बिमकहरूलाई बक्यौताको केही रकमसमेत उपलब्ध गराएको बताइएको छ।

समयभित्र अनुदान रकम प्राप्त नभएमा पुनः बिमालेख बन्द गर्ने संघले बताएको छ। 'कृषि तथा पशुपक्षी विकास मन्त्रालय एवं मातहतका विभाग र नेपाल बिमा प्राधिकरणलाई कृषि बिमाबापतको अनुदान तत्काल उपलब्ध गराउनका लागि पहल गरिदिन अनुरोध गर्छौं,' संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/०३/०६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. आवधिक कर्जा २. ओभरड्राफ्ट कर्जा ३. बैंक जमानत ४. सवारीसाधन कर्जा ५. डिमाण्ड कर्जा	**ऋणीको नामः अल्फा इट्टा उद्योग** (प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुम्नदेहीमा दर्ता रहेको) दर्ता नं.: ७८८१/०६८/६९, दर्ता मिति : २०६८/०४/०८ स्थायी लेखा नं.: ९१०७५७९३९ ठेगानाः रुम्नदेही जिल्ला, गजेडी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुम्नदेही जिल्ला, कञ्चन गा.पा. वडा नं. २ । **प्रोप्राईटर:** **राम चन्द्र सिंह** ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): ३७३०३८/९२४ (२०६३/११/१६/रुम्नदेही) बाजेको नामः सुर्यपति सिंह बाबुको नामः तिरथ सिंह ठेगानाः रुम्नदेही जिल्ला, गजेडी गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल रुम्नदेही जिल्ला, कंचन गा.पा. वडा नं. २ । **व्यक्तिगत जमानतकर्ताहरू:** **१. तिरथ सिंह** ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): २१९८ (२०३६/०८/२७/गृह पञ्चायत मन्त्रालय-अङ्गिकृत नागरिकता) बाजेको नामः जय श्री सिंह बाबुको नामः सुर्यपति सिंह ठेगानाः रुम्नदेही जिल्ला, गजेडी गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल रुम्नदेही जिल्ला, कंचन गा.पा. वडा नं. २ । **२. शोभा देवी क्षेत्रिनी** ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): ८५३ (२०४६/०४/०४/ गृह मन्त्रालय-अङ्गिकृत नागरिकता) बाबुको नामः खेताहु सिंह ससुराको नामः सुर्यपति सिंह पतिको नामः तिरथ सिंह ठेगानाः रुम्नदेही जिल्ला, गजेडी गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल रुम्नदेही जिल्ला, कंचन गा.पा. वडा नं. २ ।	१. जय श्री सिंहको नाति, सुर्यपति सिंहको छोरा, रुम्नदेही जिल्ला, गजेडी गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल रुम्नदेही जिल्ला, कंचन गा.पा. वडा नं २ बस्ने **तिरथ सिंहको** नाममा मालपोत कार्यालय रुम्नदेही को लगतमा दर्ता श्रेस्ता कायम रहेको रुम्नदेही जिल्ला, गजेडी गा.वि.स वडा नं. ९ स्थित कि.न. १०३, १७७, ५६ को क्षेत्रफल क्रमशः ०.१६००, ०.१८४० र २.०२०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. धनी एनएमबि बैंक लि./ऋणी **अल्फा इट्टा उद्योगको** नाममा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः कम्पनीः MANITOU किसिमः TLB844B, Backhoe Loader सवारी दर्ता नं.: लु १ क ४४१७ बनेको सालः २०२० च्यासिस नं.: TEP844B4PL1014986 इन्जिन नं.: 4H3302/1920303 ३. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत प्लान्ट / मेशिनरी, मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत ।
२.	१. ओभरड्राफ्ट सुविधा २. सवारी साधन कर्जा ३. डिमान्ड कर्जा	**ऋणीको नामः चौधरी सप्लायर्स प्रा.लि.** (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १५२४६३/०७३/०७४ दर्ता मिति : २०७३/०४/०९ स्थायी लेखा नं.: ६०४८६८११२ ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ८ । (साविकः कैलाली जिल्ला, अत्तरिया न.पा. वडा नं. ३) **संचालक तथा व्यक्तिगत जमानतकर्ताहरू:** **१ .बिजय चौधरी** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१८/३७११(२०६७/०७/१७/कैलाली) बाजेको नामः मेखु लाल डगौरा बाबुको नामः जगत बहादुर चौधरी ठेगानाः कैलाली जिल्ला, अत्तरिया न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ । **२. दस्नी कुमारी चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५८०१(२०५२/०२/१९/कैलाली) बाबुको नामः भागीराम चौधरी ससुराको नामः मेखु लाल डगौरा पतिको नामः खुशिराम चौधरी ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । **व्यक्तिगत जमानतकर्ताहरू:** **१. जगत बहादुर चौधरी** ना.प्र.प.नं (जारी मिति/स्थान): २०४२ (२०४४/१२/२१/कैलाली) बाजेको नामः रामलाल डगौरा बाबुको नामः मेखु लाल डगौरा ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । **२. नीरू चौधरी** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७-०१-७०-०३९१८ (२०७०/०४/२४/कैलाली) बाबुको नामः बेन्धु राम चौधरी ससुराको नामः जगत बहादुर चौधरी पतिको नामः बिजय चौधरी ठेगानाः कैलाली जिल्ला, धनगढी न.पा.वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा., वडा नं. ३ । **३. संजिव चौधरी** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१८/३७०९(२०६७/०७/१७/कैलाली) बाजेको नामः मेखु लाल डगौरा बाबुको नामः जगत बहादुर चौधरी ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । **४. अमित चौधरी** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७-२५-७०-०१७७५ (२०७०/०२/३१/कैलाली) बाजेको नामः मेखु लाल डगौरा बाबुको नामः खुशिराम चौधरी ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । **५. खुशिराम चौधरी** ना.प्र.प.नं (जारी मिति/स्थान): ४१९७(२०५२/०१/१२/कैलाली) बाजेको नामः रामलाल डगौरा बाबुको नामः मेखु लाल डगौरा ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स.वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा.वडा नं. ३ ।	क. भागीराम चौधरीको छोरी, मेखु लाल डगौराको बुहारी, खुशिराम चौधरीको पत्नि, कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स., वडा नं. ३ बस्ने **दस्नी कुमारी चौधरीको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, श्रीपुर गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कि.न. २२८ को क्षेत्रफल ४३३० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ख. धनी एनएमबि बैंक लि. (साविक कञ्चन डेभलपमेन्ट बैंक लि.) / ऋणी **चौधरी सप्लायर्स प्रा.लि. को** नाममा सुदुरपश्चिम प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनहरू: **सवारीसाधनहरूको विवरणः** १. कम्पनीः प्रित ट्रेक्टर भारत मोडलः प्रित ४५४९, ट्रेक्टर सवारी दर्ता नं.: से २ त ३७०५ बनेको सालः २०१८ च्यासिस नं.: PCU४५०५०५७ इन्जिन नं.: P३४५-०८३९५ २. कम्पनीः प्रित ट्रेक्टर भारत मोडलः प्रित ४५४९, ट्रेक्टर सवारी दर्ता नं.: सु.प्र.प्र.००१-००२ त ४००२ बनेको सालः २०१८ च्यासिस नं.: PCU४५०५०५७ इन्जिन नं.: P३४५-०८३९३ ३. कम्पनीः प्रित ट्रेक्टर भारत मोडलः प्रित ६०५९, ट्रेक्टर सवारी दर्ता नं.: सु.प्र.प्र.०१- ००२ त ४००० बनेको सालः २०१८ च्यासिस नं.: PCW६०AG२०९५८/A इन्जिन नं.: P४६०-०७१२५

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगञ्ज, पर्साको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०३/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगञ्ज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार २१ गते बिहीबार**का दिन शाखा कार्यालय वीरगञ्ज, पर्सामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. कम्पनी ऐन, २०६३ बमोजिम, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनीरजिष्टारको कार्यालयमा मिति २०७५/०८/१७ मा २०३६४५/०७५/०७६ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगञ्ज म.न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **निशान्त इन्टरनेशनल प्रा.लि.** (सञ्चालक नथुनी साह/मेथरी देवीको नाति, नरसिंह साह/सनिचरी देवीको छोरा, सर्लाही जिल्ला, कंविलासी गा.पा. वडानं. ८, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगञ्ज म.न.पा. वडा नं. ६, बस्ने **नरेश कुमार साह**, ना.प्र.नं.१९३०५९/३३९, जारी मिति २०६३/१०/१७, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

२. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज, पर्सामा मिति २०७१/०८/१२ मा प्रा.फ.र.नं ३२७४५/०७१/७२ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगञ्ज म.न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **शसांक एण्ड निशान्त इन्टरनेशनल** (प्रोप्राईटर रामधरी साहको नातिनी, लखन साह/फुल देवीको छोरी, पर्सा जिल्ला, वीरगञ्ज उ.म.न.पा. वडा नं. ७, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगञ्ज म.न.पा. वडा नं. ६, बस्ने **प्रतिमा साह**, ना.प्र.नं.३४-०१-७१-०२०३५, जारी मिति २०७

बाढीपहिरोको क्षतिबारे सदनलाई जानकारी

बेपत्ताको खोजी, घाइतेको उपचार, विस्थापितलाई राहत र पुनर्स्थापनामा ध्यान केन्द्रित रहेको गृहमन्त्रीको भनाइ

नयाँ पत्रिका

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पूर्वी नेपालको पहाडी क्षेत्रमा बाढीपहिरोले भएको जनधनको क्षतिबारे सदनलाई जानकारी गराएका छन् । प्रतिनिधिसभामा विशेष समय लिएर गृहमन्त्री श्रेष्ठले २ असारको रातिदेखि परेको अविरल वर्षाले पुऱ्याएको क्षतिबारे सदनलाई जानकारी गराएका हुन् ।

उनले बाढीपहिरो र डुबानबाट संखुवासभा, ताप्लेजुङ र पाँचथरमा सबैभन्दा बढी क्षति भएको बताए । उनका अनुसार हालसम्म दशजनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका र २६ जना बेपत्ता रहेका छन् । ५४ घर पूर्ण रूपमा क्षति भएको छ । सबै बेपत्ताको खोजी कार्यमा तीव्रता दिइएको र प्रभावितको उद्धार र राहत वितरण कार्यमा स्थानीय प्रशासन, सुरक्षा निकायहरू, सडक विभागलगायत सरोकारवाला संघीय, प्रदेश र स्थानीय तहका निकायहरूको समन्वयमा परिचालन भइरहेको मन्त्री श्रेष्ठले जनकारी दिए ।

■ बजेट पुस्तिकाको त्रुटि सच्याउन रुलिङ

सभामुख देवराज घिमिरेले बजेट पुस्तिकामा भएका त्रुटि तत्काल सच्याउन सरकारलाई निर्देशन दिएका छन् । आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटमाथि मन्त्रालयगत छलफलका क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र सहरी विकास मन्त्रालयका शीर्षकमा प्रदेशहरूको नाम त्रुटिपूर्ण रहेको भन्दै प्रतिपक्षी एमालेले आपत्ति जनाएपछि सभामुखले रुलिङ गरेका हुन् । त्रुटिकै कारण मंगलबार प्रतिनिधिसभाको बैठक केही समय प्रभावितसमेत भएको थियो ।

पर्यटन मन्त्रालयले कोसीको ठाउँमा प्रदेश १ लेखेको र सहरीले लुम्बिनीको ठाउँमा प्रदेश ५ लेखेको भन्दै सांसदहरूले सच्याउन माग गरेका थिए । 'सम्बन्धित मन्त्रालयहरूबाट वार्षिक रूपमा सम्पादन हुने कार्यक्रम समावेश पुस्तिका उल्लेखित केही विषयहरू खासगरी प्रदेश सभाबाट पारित प्रदेशको नाम उल्लेख हुनुपर्नेमा सो नभएको विषयमा ध्यानाकर्षणसहित सच्याउनका लागि यसअघि निर्देशन भइसकेको छ ।

प्रेम चलाउनेलाई न्याय माग्दै प्रदर्शन

काठमाडौं/ त्रिविका उपप्राध्यापक प्रेम चलाउनेमाथि सांघातिक हमला गर्नेहरूलाई सरकारले उन्मुक्ति दिएको भन्दै बृहत् नागरिक आन्दोलनले मंगलबार राजधानीमा विरोध प्रदर्शन गरेको छ । प्रदर्शनका क्रममा प्रहरीले ६ जनालाई पक्राउ गरेर केही समयपछि रिहा गरेको छ । प्रदर्शनमा उत्रिएका कृतु भण्डारी, धनेज थापा, डा. सचिन घिमिरे, रविना श्रेष्ठ, यादव सिंह र नवीन कोइराला पक्राउ परेका थिए ।

सरकारले गत बिहीबार हमलामा संलग्न अभियुक्तविरुद्धको मुद्दा फिर्ता गर्ने निर्णय गरेको थियो । उपप्राध्यापक चलाउनेमाथि २० असोज ०७७ मा विश्वविद्यालयस्थित नेपाल विद्यार्थी संघका अध्यक्ष हरिप्रसाद आचार्य र योगेन्द्र रावलको योजनामा विश्वविद्यालय परिसरमै हमला भएको थियो । हमलामा रुपेश साह, नीरज रानामगर, सयुस भनिने सयुज श्रेष्ठ र दीपकराज ओझा संलग्न थिए । उनलाई बाँसका भाटाले टाउको, शरीर, हात, खुट्टामा निर्ममतापूर्वक प्रहार गरिएको थियो । करिब ६ महिनाको गम्भीर उपचारपछि मात्रै उनी नियमित काममा फर्किन सकेका थिए ।

मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले महिना दिनअघि नै मुद्दा फिर्ता गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेका थिए । तर, निर्णय हुन सकेको थिएन । बिहीबार मन्त्री गुरुङले पुनः उक्त प्रस्ताव पेस गरेपछि मुद्दा फिर्ताको निर्णय भएको थियो । जिल्ला अदालत काठमाडौंको थुनछेक बहसपछि आचार्य र रावललाई जनही ५५-५५ हजार रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो । त्यस्तै, घटनामा संलग्न रूपेश साह र रविनकुमार लामालाई जनही ५०-५० हजार रुपैयाँ, नीरज रानामागर र सयुस भनिने सयुज श्रेष्ठलाई जनही ३५-३५ हजार रुपैयाँ र दीपकराज जोशीलाई भने २० हजार रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको थियो ।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/०३/०६

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय वितामोडमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	ऋणीको विवरण	सुरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	नामः भुपाल बुढाथोकी ठेगाना : झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भइ, हाल झापा जिल्ला वितामोड न.पा. वडा नं. ३ बस्ने बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी ना.प्रा.नं. ०१२८४३१८ जारी मिति : २०५८/०९/२४ जि.प्र.का.झापा कर्जाः हायर पर्चेज	यस गुडविल फाईनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी जगत बहादुर बुढाथोकीको नाति अमृत बहादुर बुढाथोकीको छोरा झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला वितामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकीको नाममा यातयात व्यवस्था कार्यालय मेची अञ्चल वितामोड, झापामा दर्ता कायम रहेको इन्जीन नं.: REVTRN02KTYK26109 चेसिस नं.: MAT626281GKN43814 दर्ता नं. मे १ च ५२६४ बनेको सालः २०१७ मोडेलः TATA Tiago XZ Car	१. नामः मेनुका गुरागाँई ठेगानाः ताप्लेजुङ्ग जिल्ला फुङलिङ्ग गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई, हाल झापा जिल्ला वितामोड न.पा. वडा नं.३ बस्ने बाबु : तिलचन गुरागाँई बाजे : पुण्य प्रसाद गुरागाँई पति : भुपाल बुढाथोकी ना.प्रा.नं. ०११०२७/५९९ जारी मिति : २०६५/०७/०३ जि.प्र.का.ताप्लेजुङ्ग
२.	नामः मेनुका गुरागाँई ठेगानाः ताप्लेजुङ्ग जिल्ला फुङलिङ्ग गा.वि. स वडा नं. १ स्थायी ठेगाना भई, हाल झापा जिल्ला वितामोड न.पा. वडा नं.३ बस्ने बाबु : तिलचन गुरागाँई बाजे : पुण्य प्रसाद गुरागाँई पति : भुपाल बुढाथोकी ना.प्रा.नं. ०११०२७/५९९ जारी मिति : २०६५/०७/०३ जि.प्र.का.ताप्लेजुङ्ग कर्जाः हायर पर्चेज	यस गुडविल फाइनान्स लि.(वित्तीय संस्था) धनि भई ऋणी पुण्य प्रसाद गुरागाँई नातिनि तिलचन गुरागाँईको छोरी ताप्लेजुङ्ग जिल्ला फुङलिङ्ग गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल झापा जिल्ला वितामोड न.पा. वडा नं.३ बस्ने मेनुका गुरागाँइ नाममा यातयात व्यवस्था कार्यालय मेची अञ्चल वितामोड, झापामा दर्ता कायम रहेको इन्जीन नं.: 497TC44ERY817624, चेसिस नं.: MAT548104J8R13640 दर्ता नं. मे १ ख ३०१५ बनेको सालः २०१८ मोडेलः TATA LTP 1010 CRX 34 CAB Truck	१. नामः भुपाल बुढाथोकी ठेगानाः झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई, हाल झापा जिल्ला वितामोड न.पा. वडा नं. ३ बस्ने बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी ना.प्रा.नं. ०१२८४३१८ जारी मिति : २०५८/०९/२४ जि.प्र.का.झापा
३.	नामः महा लक्ष्मी स. मिल ठेगाना : झापा जिल्ला वितामोड न.पा. वडा नं. ९, वितामोड सैनिकमोड स्थित संचालित दर्ता प्रमाण पत्र नं.४६४/८०१/११७४४ दर्ता मिति :२०७१/११/२७ पान नं: ६००८३८०७६ पान दर्ता मिति : २०७१/१२/०४ प्रोप्राइटर : भुपाल बुढाथोकी कर्जाः व्यापारिक र हायर पर्चेज	१ जगत बहादुर बुढाथोकीको नाती अमृत बहादुर बुढाथोकीको छोरा झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला वितामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकीको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ८ को सिट नं. १७९०११९.२५ कि.नं. २५२ को क्षेत्रफल २०३।१० (वर्ग मिटर) जग्गा र सो जग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । २. यस गुडविल फाइनान्स लि.(वित्तिय संस्था) धनी भई ऋणी झापा जिल्ला वितामाड न.पा. वडा नं. ९ स्थित सञ्चालनमा रहको महा लक्ष्मी स. मिल को नाममा याताया व्यवस्था कार्यालय मेची अञ्चल, वितामोड झापामा दर्ता कायम रहेको: इन्जीन नं. 275IDI06HTYS88299, चेसिस नं. MAT445082GYH12858 दर्ता नं. मे १ च ४५७२ बनेको सालः २०१६ मोडेलः TATA ACE FACE LIFT HD Delivery Van	१. नामः भुपाल बुढाथोकी ठेगानाः झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई, हाल झापा जिल्ला वितामोड न.पा. वडा नं. ३ बस्ने बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी ना.प्रा.नं. ०१२८४३१८ जारी मिति : २०५८/०९/२४ जि.प्र.का.झापा २. नामः मेनुका गुरागाई ठेगानाः ताप्लेजुङ्ग जिल्ला फुङलिङ्ग गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई, हाल झापा जिल्ला वितामोड न.पा. वडा नं.३ बस्ने बाबु : तिलचन गुरागाँई बाजे : पुण्य प्रसाद गुरागाँई पति : भुपाल बुढाथोकी ना.प्रा.नं. ०११०२७/५९९ जारी मिति : २०६५/०७/०३ जि.प्र.का.ताप्लेजुङ्ग

लिलामी बिक्री सम्बन्धी शर्तहरू

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको शाखा कार्यालय, वितामोडमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं.१८०८००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको ब्याज दिइने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, वितामोडमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको शाखा कार्यालय, वितामोडमा सम्पर्क राख्न सक्नु हुनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	वितामोड	नेपालगंज
४४३२२५०	४३२५४५४	६६३००६७	५४०८६५०	४३३५५३३	५४१७७३८	०२४-५८७०५१	०२३-५३०५४८	०८१-४३२०५६

घोराही, दाङ्ग	ईलाम	फिदिम	बुटवल	बर्दिबास	घनगढी	नवलपुर	गैंडाकोट	भैरहवा
०८२-५६३३५०	०२७-५२०५४४	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०५१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०३/०६)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१) ऋणी : किशोर दत्त भट्ट (ना.प्र.नं. ७३१०२७/२९५, मिति २०६७/११/११ मा जि.प्र.का. बैतडीबाट जारी भएको) ठेगाना : दशरथचन्द न.पा. ०२, बैतडी बाबु : बाशुदेव भट्ट बाजे : बिर देव भट्ट **व्यक्तिगत जमानीकर्ता :** **महेश्वरी पन्त** (ना.प्र.नं. ७३-१०-७४-००३१५, मिति २०७४/०४/२८ मा जि.प्र.का. बैतडीबाट जारी भएको) पति : किशोर दत्त भट्ट ससुरा : बाशुदेव भट्ट	**२) ऋणी : गोविन्द भण्डारी** (ना.प्र.नं. ७४-०१-७३-०१७००, मिति २०७३/०३/०३ मा जि.प्र.का. डडेल्धुराबाट जारी भएको) ठेगाना : अमरगढी न.पा. ०७, डडेल्धुरा बाबु : केशव सिंह भण्डारी बाजे : मणी सिंह भण्डारी
४) ऋणी : दोलाखाली भिमसेन खाजा घर प्रमाण पत्र नं. : ०७-२८०३ ठेगाना : सैलुङ्ग ०३, दोलखा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. लक्ष्मी तामाङ** (ना.प्र.नं. ४०५६३/३१४१, मिति २०६२/०३/०९ मा जि.प्र.का. दोलखाबाट जारी भएको) पति : गोपाल घिसिङ ससुरा : नर बहादुर घिसिङ **२. रिजास्मीन घिसीङ** (ना.प्र.नं. २२-०१-७७-०२८८०, मिति २०७७/११/२५ मा जि.प्र.का. दोलखाबाट जारी भएको) बाबु : गोपाल घिसिङ बाजे : नर बहादुर घिसिङ **३. गोपाल घिसीङ** (ना.प्र.नं. १६११-७३८, मिति २०५२/०२/०८ मा जि.प्र.का. दोलखाबाट जारी भएको) बाबु : नर बहादुर घिसिङ बाजे : विजर सिं तमाङ	**३) ऋणी : सन्तोष कुमार चौधरी** (ना.प्र.नं. १६-०१-७०-०४३८१, मिति २०७०/०७/०८ मा जि.प्र.का. सप्तरीबाट जारी भएको) ठेगाना : हरिपुर ०८, सप्तरी बाबु : अछिमित चौधरी थारु बाजे : रामजी दास चौधरी **५) ऋणी : अरुण जेनेरल स्टोर** प्रा.फ.र.नं. : १८७६/०७४/०७५ ठेगाना : मेलौली न.पा. ०२, बैतडी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. जसु चन्द** (ना.प्र.नं. ७३३००२/१५५, मिति २०६३/११/१८ मा जि.प्र.का. बैतडीबाट जारी भएको) पति : गोकर्ण बहादुर चन्द ससुरा : मन्धीर चन्द **२. गोकर्ण बहादुर चन्द** (ना.प्र.नं. ७३१००२/११२, मिति २०६६/०३/०७ मा जि.प्र.का. बैतडीबाट जारी भएको) बाबु : मन्धीर चन्द बाजे : गणेश चन्द **३. मन्धीर चन्द** (ना.प्र.नं. १३७८, मिति २०४४/११/११ मा जि.प्र.का. बैतडीबाट जारी भएको) बाबु : गणेश चन्द बाजे : बहादुर चन्द
६) ऋणी : बसन्त मोटर पार्टस एण्ड वर्क सप प्रा.फ.नं.घ.उ.वि. : १२६०/०७५/०७६ ठेगाना : खाँडाचक्र वडा नं. ०१, कालिकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. वसन्त कुमार शाही** (ना.प्र.नं. ६१९०१३/१७७४१/३२१४, मिति २०६२/०१/२० मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : नर बहादुर शाही बाजे : जय बहादुर शाही **२. नर बहादुर शाही** (ना.प्र.नं. ३३/०३९/४०, मिति २०३९/०८/२० मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : जय बहादुर शाही बाजे : दलु शाही **३. सुर्यदेवी शाही** (ना.प्र.नं. १४३/७६, मिति २०५७/१०/१३ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) पति : नर बहादुर शाही ससुरा : जय बहादुर शाही **४. दिप बहादुर शाही** (ना.प्र.नं. २९८८, मिति २०५७/०३/२९ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : नर बहादुर शाही बाजे : जय बहादुर शाही	**७) ऋणी : जनबिस्वास निर्माण सेवा प्रा.लि.** दर्ता नं. : २४४८३१/०७७/०७८ ठेगाना : तादीगाउँ ०४, नुवाकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. ज्ञानेन्द्र पण्डीत** (ना.प्र.नं. ६१९६७, मिति २०५६/०५/०८ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) बाबु : खड्ग बहादुर पण्डीत बाजे : मान बहादुर पण्डीत **२. शुक्र बहादुर लामा** (ना.प्र.नं. ३९७२/३७२, मिति २०४६/०३/१९ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) बाबु : हर्क बहादुर लामा बाजे : तुलमान लामा **३. बुद्धि बहादुर लामा** (ना.प्र.नं. २५१०४९/५५६, मिति २०६६/११/२३ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) बाबु : शुक्र बहादुर लामा बाजे : हर्क बहादुर लामा **४. सुवास श्रेष्ठ** (ना.प्र.नं. २२२२१०४८-२२०, मिति २०६९/०२/२९ मा जि.प्र.का. दोलखाबाट जारी भएको) बाबु : राम बहादुर श्रेष्ठ बाजे : जय बहादुर श्रेष्ठ **५. विष्णु हरि पाण्डे** (ना.प्र.नं. ६२९४८ , मिति २०५६/०८/२९ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) बाबु : राम प्रसाद पाण्डे बाजे : फता प्रसाद पाण्डे **६. बबि लामा** (ना.प्र.नं. २५१०४९/८९७८, मिति २०६८/१२/२० मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) पति : बुद्धि बहादुर लामा ससुरा : शुक्र बहादुर लामा **७. शर्मिला श्रेष्ठ** (ना.प्र.नं. २२-३-००२/५६, मिति २०७०/०१/२८ मा जि.प्र.का. दोलखाबाट जारी भएको) पति : सुवास श्रेष्ठ ससुरा : राम बहादुर श्रेष्ठ **८. रन्जना भण्डारी** (ना.प्र.नं. ९३८६०/१२५, मिति २०६१/०२/२१ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) बाबु : नर बहादुर भण्डारी बाजे : चक्र बहादुर भण्डारी
८) ऋणी : अम्बिका ब्युटि पार्लर एण्ड ट्रेनिङ सेन्टर प्रा.फ.र.नं. : २६९/०७३/०७४ ठेगाना : दशरथचन्द न.पा. ०१, बैतडी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. अम्बिका पौडेल** (ना.प्र.नं. ७५३००१/६३९, मिति २०६३/११/२९ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) पति : जीत बहादुर गहतराज ससुरा : मान बहादुर गहतराज **२. जीत बहादुर गहतराज** (ना.प्र.नं. २४६, मिति २०५०/०७/२२ मा जि.प्र.का. बैतडीबाट जारी भएको) बाबु : मान बहादुर गहतराज बाजे : शश राम गहतराज	
९) ऋणी : तेज प्रसाद अधिकारी (ना.प्र.नं. ३३११२/१५२४, मिति २०५२/०९/२३ मा जि.प्र.का. ताप्लेजुङ्गबाट जारी भएको) ठेगाना : दुवागढी ०४, झापा बाबु : श्रीप्रसाद अधिकारी बाजे : छविलाल अधिकारी **व्यक्तिगत जमानीकर्ता :** **सुनिता अधिकारी** (ना.प्र.नं. ३००४००६, मिति २०६१/०३/१५ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : तेज प्रसाद अधिकारी ससुरा : श्रीप्रसाद अधिकारी	

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

Nepal Mountaineering Association

Request for Proposal (RFP) स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८०/०३/०६

यस नेपाल पर्वतारोहण संघबाट मिति २०८०/०१/२६ गतेको दिन जारी गरिएको RFP र ToR मार्फत संघ मातहात ककनी, नुवाकोटमा रहेको अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति पार्कको Master Plan Update गर्ने लगायतका कार्यहरुका लागि माग गरिए बमोजिम विभिन्न कम्पनीहरुले दर्ता गराएका प्रस्तावहरुमध्ये तल उल्लेखित कम्पनीको प्रस्ताव न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८.२ बमोजिम स

राष्ट्रपति पौडेलको मुटुको शल्यक्रिया

स्थायी पेसमेकर राखियो, केही दिन अझै निगरानीमा

नयाँ पत्रिका

शनिबार मुटुको चालमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएका राष्ट्रपति रामचन्द्र पौडेलको मुटुको शल्यक्रिया गरिएको छ। महाराजगन्जस्थित मनमोहन कार्डियो थोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा मंगलबार शल्यक्रिया गरिएको हो। स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

ट्रान्सप्लान्ट सेन्टरका कार्यकारी निर्देशक प्रा.डा. रत्नमणि गजुरेलका अनुसार विशेषज्ञहरूको रायअनुसार स्थायी पेसमेकर राखिएको हो। '७२ घन्टाको नियमित निगरानीका क्रममा मुटुको चाल वेलाबखतमा कम हुने देखिएकाले विशेषज्ञहरूको रायबमोजिम पेसमेकर राख्नुपर्ने देखिएकाले सफलतापूर्वक स्थायी पेसमेकर राखिएको छ। स्वास्थ्य अवस्था सामान्य रहेको छ,' अस्पतालको विज्ञप्तिमा छ।

राष्ट्रपतिका निजी चिकित्सक नीरज बमले राष्ट्रपतिमा देखिएको समस्या जटिल प्रकृतिको नभएको बताए। उनले उमेरसँगै मुटुको चालमा देखिने समस्याको सहजताका लागि पेसमेकर राखिएको बताए। 'उमेरसँगै मुटुको चालमा समस्या देखिन्छ। चाललाई नियमित र सक्रिय बनाउन पेसमेकर राख्नुपरेको हो। जटिल प्रकृतिको समस्या होइन,' उनले नयाँ पत्रिकासँग भने।

राष्ट्रपतिको सचिवालयका अनुसार अझै केही दिन उनलाई अस्पतालमा नै राखिनेछ। 'चिकित्सकका अनुसार केही दिन अझै निगरानीमा राख्नुपर्ने हुन्छ,' राष्ट्रपतिका प्रेसविज्ञ किरण पोखरेलले भने। गत मंगलबार पनि मुटुमा समस्या देखिएपछि उनलाई बाँसबारीस्थित गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा भर्ना गरिएको थियो। गंगालालमा उनको एन्जिओग्राम गरिएको थियो। त्यहाँबाट उनी बुधबार मात्र डिस्चार्ज भएका थिए।

त्यसअघि १८ चैतमा उनको पेटमा समस्या देखिएपछि त्रिवि शिक्षण अस्पतालमा उपचार गरिएको थियो। ६ वैशाखमा पेटमा समस्या देखिएपछि महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल भर्ना गरिएको थियो। त्यहाँ उपचार हुन नसकेपछि थप उपचारका लागि भारत लगिएको थियो। नयाँदिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स)मा उपचार भएको थियो। उपचारपछि १८ वैशाखमा उनी स्वदेश फर्किएका थिए।



विश्वविद्यालयलाई हिंसारहित बनाउन र उपप्राध्यापक प्रेम चलाउनेलाई न्याय दिलाउन जिल्ला अदालत परिसरअगाडि बृहत् नागरिक आन्दोलनको प्रदर्शन। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

कमलाको जलाधार जोगाउन निरन्तर आन्दोलन

कर्जन्हा र चारनाथ नगरपालिकाको अड्डीले अवैध उत्खनन

सिराहामा **सुरेन्द्रकुमार कामती**

कमला नदी सिन्धुली जिल्लाको चुरे क्षेत्रबाट बग्दै सिराहा हुँदै भारत पुगेर कोसी नदीमा मिसिन्छ। स्थानीयबीच 'पवित्र नदी'को रूपमा परिचित दुई सय आठ किलोमिटर लम्बाइको कमला नदीमा सिराहाको कर्जन्हा र चारनाथ नगरपालिका क्षेत्रमा व्यापक दोहन हुने गरेको छ।

कमला नदीमा एकातिर दोहन भइरहेको छ भने अर्कोतिर कमला नदीमा आधारित पूर्वी र पश्चिमी सिँचाइ प्रणालीमा पूर्ण रूपमा पानी पुग्दैन। जसले गर्दा उब्जनीमा ह्रास हुँदै गएको छ। कर्जन्हा नगरपालिका-३ बन्दीपुरमा पूर्वी नहर प्रणाली र चारनाथ नगरपालिका- पोर्ताहामा पश्चिमी नहर प्रणाली ब्यारेज बनाइएको छ। त्यसको करिब एक किलोमिटरको दूरीमा पूर्व-पश्चिम राजमार्गमा पक्की पुल रहेको छ।

सिराहाको कर्जन्हा नगरपालिका र धनुषाको चारनाथ नगरपालिकाले बर्सेनि एकदेखि डेढ करोडको लागतमा नदीजन्य सामग्री उत्खनन गर्न ठेक्का लगाएका छन्। तर, उनीहरूले नियमित निगरानी नगर्दा चरम दोहन हुँदै आएको छ। दोहनविरुद्ध अहिले कर्जन्हा नगरपालिका र धनुषाको चारनाथ नगरपालिकाको नदीछेउका स्थानीय युवा आन्दोलित हुँदै आएका छन्।

डेढ महिनादेखि आन्दोलनमा

कमला नदीमा नदीजन्य पदार्थको चरम दोहनको विरोधमा सिराहा र धनुषाका स्थानीय युवा करिब महिनादेखि आन्दोलित भएका छन्। सामुदायिकस्तरमा नागरिकलाई सजग बनाउँदै युवाहरूको समूहले मसाल जुलुसदेखि सडक जाम गर्नेसम्मका आन्दोलन गरेका छन्। 'जल नै जीवन हो' भन्दै कमला नदीमा उत्खनन पूर्ण रूपले बन्द हुनुपर्ने उनीहरूको माग रहेको छ। जसअन्तर्गत गणेशनाथ चारनाथ नगरपालिका कार्यालय घेराउका कार्यक्रम पनि गरेका छन्।

स्थानीय बाली शर्माले कमला नदीमा हुने चरम दोहन रोकिनुपर्ने बताए। 'यो आफूहरूको जीवन र भविष्यमा आफ्ना सन्ततिको जीवनसँग खेलबाड भइरहेको छ,' उनले भने,'कमला नदीको दोहन रोकिनुपर्छ।' जलविना किसान र जलमा आधारित पेसाबाट जीवन निर्वाह गर्ने समुदायको जीवन संकटमा परेको भन्दै सिराहाको कर्जन्हा नगरपालिकाका- ६ का युवा अभियन्ता प्रभात महतोले चुरे क्षेत्रबाट कुनै पनि प्रकारको दोहन गर्न नदिइने बताए। 'जलविना हाम्रो जीवन नै संकटमा पर्छ। कमला नदी र चुरे दोहनले हाम्रो जीवन संकटग्रस्त अवस्थामा पुगेको छ,' उनले भने।

सम्झौताभन्दा बढ्दा नदी उत्खनन

कमला नदीबाट सम्झौताभन्दा बढी उत्खनन हुँदै आएको स्थानीयको भनाइ छ। १६ भदौ ०७८ मा कमला-कञ्चनपुर सडक विस्तार तथा अभ्युत्थानका कार्यका निम्ति नदीजन्य सामग्री उपलब्ध गराउनेसम्बन्धी त्रिपक्षीय सम्झौता भएको थियो। सिराहाको कर्जन्हा नगरपालिका, धनुषाको गणेशमान चारनाथ नगरपालिका र निर्माण कम्पनीको रूपमा चाइना रेल्वे कम्पनी नम्बर २ इन्जिनियरिङले सम्झौता गरेको हो। जसको साक्षी तत्कालीन कर्जन्हा नगरपालिकाका मेयर गंगा पासमान र गणेशमान चारनाथ नगरपालिकाका तत्कालीन मेयर रामबाबु यादव साक्षी बसेपछि तत्कालीन प्रमुख प्रशासकीय अधिकृतले सम्झौतामा हस्ताक्षर गरेका थिए।

बर्सेनि ८० हजार घनमिटर नदीजन्य सामग्री उत्खनन गर्ने गरी त्रिपक्षीय सम्झौतामा छ। सम्झौताअनुसार उत्खनन गरी वर्षको मूल्यअनुसार प्रतिघनमिटर नदीजन्य सामग्रीको रकम भुक्तानी दिनुपर्ने सहमति भएको हो। जसअनुसार बर्सेनि सरदर दुवै नगरपालिकाले ५७-५७ लाख गरी एक करोड १४ लाख हाराहारीमा रकम पाउँदै आएका छन्। जसमध्ये २० प्रतिशत प्रदेश र संघलाई रोयल्टी पठाउने गरेको छ।

यता सम्झौताविपरीत निर्माण कम्पनीले चरम रूपमा नदीजन्य सामग्रीको उत्खनन गरेको स्थानीयको दाबी छ। स्थानीय अभियानी प्रभात महतोले अहिलेसम्म निर्माण कम्पनीले तीन लाखभन्दा बढी घनमिटर कमला नदीबाट नदीजन्य सामग्रीको चरम रूपमा दोहन गरी लगिसकिएको बताएका छन्। 'साढे दुई बिघामा सटर राखेको थियो,' महतोले भने, 'जसमा तीन लाखभन्दा बढी घनमिटर नदीजन्य सामग्री भण्डार गरी लगिसकेको छ। अझै लान खोज्दै छ। त्यसको विरोधमा हामी छौं। स्टक मापन गर्नुपर्ने हाम्रो माग छ।'

कर्जन्हा नगरपालिकाका मेयर भोला पोखरेलले विगतमा पाँच वर्षका निम्ति सम्झौता भएको र गौरवको आयोजना भएकाले संघीय मामिला मन्त्रालयबाट पत्राचार गरेपछि नदीजन्य सामग्री लैजान दिएको बताएका छन्। बर्सेनि ८० हजार घनमिटरको सहमति भएको र पछिल्लो नापचाँज गर्दा एक लाख २८ हजार तोकेपछि थप रकम लिई लैजान दिएको मेयर पोखरेलले बताए। आन्दोलनरत पक्षलाई वार्तामा आएर समस्याको समाधान गर्न आग्रह गरेको भन्दै मेयर पोखरेलले यसमा आफ्नो कुनै दोष नरहेको दाबी गरेका छन्।

दोहन रोकेर सिँचाइमा जोड दिन माग

कमला नदीमा भइरहेको चरम दोहनको कारणले पानीको सतह झन् तल पुगेको छ। चुरे क्षेत्र र पवित्र कमला नदीमा अवैध उत्खनन सर्धैंका निम्ति रोक्नुपर्ने र किसानलाई वर्षभरि खेतीपाती गर्ने गरी सिँचाइ सुविधा मिलाउनुपर्ने आन्दोलनमा उत्रिएकाहरूको अर्को माग छ। अहिले कमला नहरको पूर्वी र पश्चिमी प्रणालीका शाखामा पानी नै पूर्ण क्षमता पुगेको छैन। दोहनले झन् पानीको सतह तल पुगेकाले सिँचाइका निम्ति पानी अपुग भइरहेको स्थानीय जितेन्द्र यादवले बताएका छन्।

दुर्घटनामा...

पृष्ठ १ बाट क्रमशः

मन्त्री सिंहसहित तीनजनालाई हेलिकोप्टरबाट उपचारका लागि बेलुकी ५ बजे नेपालगन्जस्थित कोहलपुर मेडिकल कलेज पुऱ्याइएको थियो। अस्पतालले साढे ५ बजेतिर मन्त्री सिंहलाई मृत घोषित गऱ्यो। मेडिकल कलेजका निमित्त निर्देशक प्रा.डा. दुण्डीराज पौडेलका अनुसार अस्पताल पुऱ्याउँदा मन्त्री सिंहको मुटुको घड्कनले काम गर्न छोडेको थियो भने नाडीको चाल थिएन। सिपिआर, डिस सक र कृत्रिम श्वासप्रश्वास दिइए पनि जीवित रहेको कुनै लक्षण नदेखिएपछि मृत घोषणा गरिएको पौडेलले बताए। मन्त्री सिंहको टाउको र छातीमा गम्भीर चोट देखिएको मेडिकल कलेजले जनाएको छ।

मन्त्रीको स्कर्टिङमा खटिएको प्रहरी टोलीले घटनास्थलबाट उद्धार गरी सिंहसहित पाँचैजनालाई देउरास्थित रितु पोलिक्लिनिकमा पुऱ्याएको थियो। पोलिक्लिनिकबाट स्थानीय देउरा प्राथमिक स्वास्थ्य केन्द्र लगेपछि केन्द्रले मन्त्री सिंहकी पत्नी अमृता र भाउजू जयालाई मृत घोषित गरेको थियो।

दुर्घटनामा गाडीचालक ३५ वर्षीय धर्मराज जोशी र मन्त्रीका सुरक्षागार्ड प्रहरी सहायक हवल्दार दीपक भण्डारी गम्भीर घाइते भएका छन्। मन्त्रीसँगै हेलिकोप्टरबाट नेपालगन्ज पुऱ्याइएका दुवैजनाको आकस्मिक कक्षमा उपचार भइरहेको र स्वास्थ्य अवस्था स्थिर रहेको कोहलपुर मेडिकल कलेजले विज्ञप्तिमार्फत जानकारी दिएको छ।

मन्त्रीसवार गाडी सडकबाट अचानक तल खसेको बुझिएको र दुर्घटनाको कारण थाहा हुन नसकेको प्रहरीले जनाएको छ। करिब ५० मिटर तल खसेको गाडी कच्चाकुचुक भएको प्रहरी नायब उपरीक्षक भण्डारीले बताए। धनगढीबाट मन्त्री सिंहसँगै उनका छोरा अभिषेक पनि बझाङ गएका थिए। अभिषेक मन्त्रीको गाडीको पछाडि अर्को गाडीमा सवार थिए। अगाडि स्कर्टिङमा रहेको प्रहरी र अर्को गाडीमा रहेका अभिषेकसहितको टोलीले दुर्घटनाग्रस्त गाडीबाट मन्त्रीसहित सबै घाइतेलाई निकालेका थिए। सुरक्षा स्रोतका अनुसार मन्त्रीसहित तीनैजनाको घटनास्थलमै मृत्यु भइसकेको थियो।

मन्त्री सिंह गत चुनावमा कांग्रेसबाट बझाङको प्रदेश सभा क्षेत्र १ बाट निर्वाचित भएका थिए। मुख्यमन्त्री कमलबहादुर शाहले सरकार विस्तार गरेपछि गत ६ जेठमा सिंहले आन्तरिक मामिला तथा कानुनमन्त्रीको शपथ लिएका थिए। मन्त्री भएपछि उनी पहिलोपटक गृहजिल्ला जान लागेका थिए। तर, घरसमेत रहेको सदरमुकाम जयपृथ्वी नगरपालिका नपुग्दै मन्त्री सिंह दुर्घटनामा परे।

स्पष्ट वक्ता, सरल र शालीन स्वभाव भएका सिंह कांग्रेसका पुराना नेता हुन्। दुई कार्यकाल पार्टीको जिल्ला सभापति भएका सिंह कांग्रेसका कुशल संगठक मानिन्छन्। पार्थिव शरीर बुधबार बिहान ९ बजे धनगढीको खुलामञ्चमा राखिने भएको छ भने त्यसपछि गृहजिल्ला बझाङ लगिने बताइएको छ। अन्य दुईजनाको शव जिल्ला अस्पतालमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

सुदूरपश्चिममा आज शोक बिदा

दुर्घटनामा परी मन्त्री सिंहको निधन भएपछि सुदूरपश्चिम प्रदेश सरकारले बुधबार प्रदेशभर शोक बिदा दिने निर्णय गरेको छ। आर्थिक मामिलामन्त्री नरेशकुमार शाहीका अनुसार मन्त्रिपरिषद्को आकस्मिक बैठकले बुधबार शोक बिदा दिने र राष्ट्रिय झन्डा आधा झुकाउने निर्णय गरेको हो। मन्त्री नियुक्त भएपछि पहिलोपटक गृहजिल्ला बझाङ जाने क्रममा मन्त्रीसवार गाडी दुर्घटनामा परेको थियो।

सूचना नै...

पृष्ठ १ बाट क्रमशः

बैठक चलेका थिए।

प्रतिनिधिसभाको पहिलो अधिवेशनमा १२ सांसद मात्रै सबै बैठकमा उपस्थित भए। सांसदको हाजिरी रेकर्डअनुसार दिलेन्द्र बडू, देवराज घिमिरे, नागिना यादव, रघुजी पन्त, रामहरि खतिवडा, रुक्मणि राना बराइली, विना लामा, विनिताकुमारी सिंह, शान्ति श्रेष्ठ, संगीता मण्डल धानुक, हितराज पाण्डे र ज्ञानु बस्नेत सुवेदी सबै बैठकमा उपस्थित छन्।

११ सांसद सूचना दिएर अनुपस्थित भएका छन्। उपचारको क्रममा रहेकाले मनोरमा शेरचन २९ दिन, वर्षमान पुन र विनाकुमारी थनैत २६ दिन तथा चन्द्र भण्डारी १८ बैठकमा अनुपस्थित रहे। सिके राउत, एकनाथ ढकाल, गोमा लाभ, शहनाज रहमान (दिवंगत), हरि ढकाल र इन्दिरा राना (उपसभामुख) तथा पुष्पकमल दाहाल (प्रधानमन्त्री) सूचना दिएर केही दिन अनुपस्थित रहेको संसदको रेकर्ड छ।

संसद् सचिवालयको रेकर्डअनुसार दुई सय पाँच सांसद सूचना नदिईकनै विभिन्न बैठकमा अनुपस्थित रहेका छन्। ४६ सांसदले धेरै दिन अनुपस्थित रहेर थोरै दिनको सूचना दिएका छन्। त्यसमध्ये एमालेका लक्ष्मी महतो कोइरी एउटा बैठकमा मात्रै उपस्थित भएर फरार छन्। हाल निलम्बनमा रहेको उनले २५ माघदेखि लागू हुने गरी २१ बैठकको इमेलमार्फत अनुपस्थितिको सूचना दिएका छन्। त्यसअघिका सातवटा बैठकको उनले सूचना नै दिएनन्। कांग्रेसका टेकबहादुर गुरुङ भने सुरुदेखि नै निलम्बनमा छन्।

लगातार १० वटा बैठकमा सूचना नदिई अनुपस्थित भएमा स्वतः पद रिक्त हुने बाध्यात्मक व्यवस्था भएकाले त्यस्तो अवस्थामा सांसदहरूले ढिलो गरेर सूचना दिने गर्छन्। तर, त्यसभन्दा तलका बैठकमा सूचना नदिई मनपरी अनुपस्थित हुने प्रवृत्ति छ। लगातार १० वटा बैठकमा अनुपस्थित भए पनि सांसदहरूले त्यसको सूचना भने अधिवेशन अन्त्य हुने वेला मिलान गर्दै आएका छन्।

प्रतिनिधिसभा नियमावली, २०७९ को अनुपस्थितिको सूचनासम्बन्धी नियम २१३ (१) मा कुनै सदस्य अस्वस्थ वा काबुबाहिरको परिस्थितिमा लगातार १० वटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा अग्रिम सूचना सभामुखमार्फत सदनलाई दिनुपर्ने व्यवस्था छ। संविधानको धारा ८९ (घ) को 'सदनलाई सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित रहेमा स्वतः स्थान रिक्त हुने' भन्ने व्यवस्था छ।

उपनियम (२) मा कुनै सदस्य सभाको १० वटाभन्दा कम बैठकमा उपस्थित हुन नसक्ने स्थिति भएमा सभामुखलाई अग्रिम सूचना दिनुपर्नेछ। अग्रिम सूचना दिन नसक्ने कुनै मनासिब कारण भए उपस्थित भएको तीन दिनभित्र सूचना दिनुपर्ने भनिएको छ। उपनियम (३) मा सूचनामा आफू अनुपस्थित हुने अवधि र कारण स्पष्ट उल्लेख गर्नुपर्ने र विद्युतीय माध्यमबाट समेत सूचना दिन सकिने सुविधा दिएको छ।

एक दिन पनि बैठकमा अनुपस्थित हुनुपरे सांसदहरूले आफ्नो सचिवालयमार्फत विद्युतीय रूपमा अनुपस्थितिको सूचना दिन सक्ने सुविधा दिएको छ। तर, यति सहज सुविधालाई समेत सांसदले टेरपुच्छर लगाएका छैनन्।

अग्रिम दिन नसक्ने प्रतिकूल अवस्थामा उपस्थित भएको तीन दिनभित्र सूचना दिनुपर्ने प्रावधानको पनि पालना भएको छैन। सूचना दिएर अनुपस्थित हुने, तर सेवा-सुविधा भने पूरै लिने गरेका छन्। अनुपस्थितिको सूचना नदिनेमा नियमावली बनाउने मस्यौदा समितिका सदस्यदेखि शीर्ष नेतासम्म छन्।

सूचना दिनेहरू पनि नियमित छैनन्। एकपटक अनुपस्थित हुँदा सूचना दिए पनि अर्कोपटक भने बैठकमा उपस्थित नहुँदा नियमावलीअनुसार सूचना नदिने पनि छन्। कतिपयले लगातार १० दिन पुग्न नदिन अनुपस्थित भएका वेलाभन्दा बैठक नभएका वेलाको अवधिको समेत बिदा सूचना लेखेको पाइएको छ। केहीले बीच-बीचको मिलाएर अधुरो सूचना दिने गरेका छन्। विवरणमा संविधानसभा अध्यक्षदेखि दलका नेता र सचेतकहरूले समेत सूचना नदिइएको पाइएको छ।

■ **अधुरो सूचना दिने सांसदहरू** : पहिलो अधिवेशनमा १४ बैठकमा अनुपस्थित अच्युतप्रसाद मैनालीले ५, अम्मरबहादुर रायमाझी ११ बैठकमध्ये ६, अमृतलाल राजवंशी ११ मध्ये २, अशोककुमार चौधरी १० मध्ये ६, आरजु राणा १६ मध्ये १०, केपी ओली १५ मध्ये ६, खमबहादुर गर्बुजा १० मध्ये ५, गणेश पराजुली ६ मध्ये ३, चन्दा कार्की ७ मध्ये १, छविलाल विश्वकर्मा ९ मध्ये २, जुली महतो १० मध्ये ४, डोलप्रसाद अर्याल ४ मध्ये ३, तारा लामा तामाङ ६ मध्ये १, तोसिमा कार्की ७ मध्ये ३, दीपक खड्का २ मध्ये १, दीपक बोहरा १३ मध्ये ५, नारायण आचार्य १४ मध्ये २, पूर्णबहादुर तामाङ ८ मध्ये ५, प्रकाश अधिकारी ९ मध्ये ३, प्रतिमा गौतम ६ मध्ये २, प्रतीक्षा तिवारी ११ मध्ये ५, प्रेम सुवाल ३ मध्ये २, बलराम अधिकारी ९ मध्ये २, वासुदेव घिमिरे ७ मध्ये १, महेश बस्नेत २१ मध्ये २, मेनका पोखरेल ७ मध्ये २, मैना कार्की ५ मध्ये २, योगेश गौचन थकाली ६ मध्ये १, राजेन्द्र राई ९ मध्ये ३, राजेन्द्र पाण्डे ५ मध्ये ३, लक्ष्मी तिवारी ७ मध्ये ५, विद्या भट्टराई ६ मध्ये ३, विनोद चौधरी १४ मध्ये १३, विराजभक्त श्रेष्ठ ६ मध्ये ४, शिव नेपाली ७ मध्ये ४, सुनील शर्मा १० मध्ये ७, शंकर भण्डारी ९ मध्ये ६, सन्तोष परियार ५ मध्ये ३, सराज अहमद फारुकी ९ मध्ये २, सरिता भुसाल ६ मध्ये १, शान्ति चौधरी ९ मध्ये १, सुनिता बराल ११ मध्ये ४, सुवास नेम्वाङ ६ मध्ये २, सूर्यकुमारी श्रेष्ठ ८ मध्ये २ र ज्ञानबहादुर शाही ८ बैठकमा अनुपस्थित भएर ६ वटाको मात्रै सूचना दिएका छन्। एक बैठकमा उपस्थित भएका फरार लक्ष्मी महतो कोइरी (हाल निलम्बित)ले २५ माघदेखि लागू हुने गरी २१ बैठकको इमेलमार्फत अनुपस्थितिको सूचना दिए। त्यसअघिका सातवटा बैठकको उनले सूचना दिएनन्।

देशभर...

पृष्ठ १ बाट क्रमशः

आर्थिक अवस्था कमजोर देखिएको छ।

बालश्रमविरुद्धको अभियानमा काम गर्दै आएका गुरु सुवेदीका अनुसार बालश्रमविरुद्धका विषयलाई कानुनमा समेटिए पनि त्यसको कार्यान्वयन भने चित्तबुझ्दो छैन। मधेस क्षेत्रमा जीविकोपार्जनसँग बालश्रम जोडिएकाले यो क्षेत्रमा बालश्रम अन्त्य गर्न कठिन हुने देखिन्छ। 'अहिले बालश्रमिक राख्नुहुन्न भन्ने कानुन त बनेको छ, तर कार्यान्वयन छैन। विभिन्न नाममा बालबालिका श्रममा लाग्न बाध्य हुने गरेका छन्, कसैले जानीजानी बालश्रमिक राखिरहेका छन्,' उनले भने, 'सरकारी संरचनाले बालश्रमविरुद्ध प्रभावकारी काम नगर्दा पढ्ने-लेख्ने उमरमा बालश्रमिक हुन बाध्य हुनुपरेको हो।'

कानुनतः १४ वर्षभन्दा मुनिका बालबालिकालाई कुनै पनि श्रममा र १८ वर्षभन्दा मुनिका बालबालिकालाई जोखिमपूर्ण कार्यमा लगाउन पाइँदैन। यदि कसैले त्यसरी श्रममा लगाएको छ भने त्यो बालश्रम शोषण मानिन्छ। तर, कानुनी रूपमा व्यवस्था भए पनि देशभर बालश्रमिकको संख्या बढ्दो छ। कतिपय बालबालिकाको जन्मदर्ता नहुँदा विद्यालयले भर्ना नलिएको, कतिपय परिवारमा कलह तथा झगडा, आर्थिक अवस्था कमजोर, साथी-संगती, अभिभावक र संरक्षक नहुँदा, चेतनास्तर कम हुँदालगायत कारणले बालबालिका बालश्रम गर्न बाध्य हुने गरेका छन्।

बाल अधिकारकर्मी सुवेदीका अनुसार तराईका जिल्लामा रहेका विद्यालयमा ड्रपआउटको समस्या बढेको छ। बालबालिका श्रममा जान स्कुल छाड्ने गरेको र स्कुलले पनि उनीहरूलाई सहज हुने गरी भूमिका ननिभाएको उनको भनाइ छ। बा(लबालिकाको क्षेत्रमा काम गर्दै आएको संस्था आसमान नेपालका अनुसार केही सरकारी विद्यालयले समेत विभिन्न बहानामा विद्यार्थीसँग शुल्क लिन थालेपछि कतिपय बालबालिकाले विद्यालय नै छाड्ने गरेका छन्। नेपालको संविधान २०७२ को भाग ३ धारा ३९ बमोजिम बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने मौलिक हकको अधिकार सुनिश्चित गरे पनि यो समस्या तराईका जिल्लामा बढी छ।

हाल देशभर श्रम, श्रमिकका हक-अधिकार र बालश्रमिकबारे अनुगमन गर्ने ११ वटा श्रम कार्यालय छन्। तर, यी निकायले बालश्रमिक अन्त्यका लागि प्रभावकारी भूमिका निभाउन नसकेको बाल अधिकारकर्मी मणिराम आचार्यले बताए। उनका अनुसार बालश्रमिक निषेधित क्षेत्रमै बालश्रमिक राखिए पनि सरकारी निकायले अनुगमन र श्रमिक राख्नेलाई कारबाही गर्न सकेका छैनन्। केही सरकारी निकायले बालश्रमिक राखेका संस्थाबाट अलग गराए पनि उनीहरूलाई पुनर्स्थापना गर्न सक्दा बालबालिका पुनः बालश्रममै फर्कन बाध्य छन्। यसबाहेक केही शैक्षिक संस्थाले व्यावहारिक शिक्षा दिने नाममा बालबालिकालाई काममा लगाउने गरेकाले यसको सीमा तोक्नुपर्ने अधिकारकर्मीको भनाइ छ।

मोटरसाइकल हरायो

मिति २०८०/२/१४ गते राति ९:३० बजेको समयमा जि. भक्तपुर म.ठि.न.पा.-१, लोकन्थली कान्तिपुर टायर रिसोलिङ सेन्टरबाट मेरो निम्न व्यहोरा भएको निलो, कालो रंगको पल्सर २२० सिसि मोटरसाईकल हराएको हुदाँ देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : मौसुतम के.सी
मो.सा.न. : बा.प. ०२-०४३ प ०४६८
चेसिस न. : MD2A13EX4MCJ98380
इन्जिन न. : DKXCMJ32821
सम्पर्क न. : ९८६४००४०९५

हार्दिक श्रद्धाञ्जली



जन्म वि. सं. १९९९/०१/२१ — स्वर्गारोहण वि. सं. २०८०/०२/२६

स्व. हरि प्रसाद कट्टेल

यस कम्पनीको कर्मचारी श्रीमती निर्कला कट्टेलको पूजनीय पिता हरि प्रसाद कट्टेलको असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

IMELiFE
Ensuring Future

आई.एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड परिवार

प्रादेशिक सडक डिभिजन कार्यालय

बागमति प्रदेश, धादिङ्ग, नेपाल

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०६

यस कार्यालयको मिति २०८०/०१/०७ मा खोलिएका तपशिलमा उल्लेखित आयोजनाको बोलपत्रदाताको बोलपत्र न्युनतम र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐन को दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	ठेक्का नम्बर	योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	जम्मा कवोल अंक (भ्याट तथा PS सहित) रु.
1	PRDODHA/W/NCB/MYR-04/2079/80	Construction of Miltar Kiranchowk Road Blacktop Work, Gajuri Ga Pa 7, Dhading {0+000 to 4+200 Km} 0+000 at 3km from Aadamghat Bazar	M/S Nana Construction Pvt. Ltd., Dhading	20,49,81,010.32/-

कार्यालय प्रमुख

बुधबार ६ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

अमेरिकामाथि नेपालको सानदार जित

■ २०८ रनको लक्ष्य पछ्याएको नेपालका लागि तेस्रो क्रमका ब्याट्सम्यान भीम सार्कीले ११४ बलमा ७७ रनको योगदान दिए। उनले दीपेन्द्रसिंह ऐरीसँग पाँचौँ विकेटका लागि ७४ रनको साझेदारी गरे।

■ बलिङतर्फ करण केसीले ९ ओभरमा तीन मेडन राखी ३३ रन खर्चेर सर्वाधिक चार विकेट लिए। करणकै घातक बलिङका कारण अमेरिका ९.२ ओभरमा १८-४ को कमजोर अवस्थामा थियो।



नयाँ पत्रिका

आइसिसी विश्वकप एकदिवसीय ग्लोबल छनोटअन्तर्गत समूह 'ए'मा नेपालले अमेरिकालाई ६ विकेटले पराजित गरेको छ। जिम्बाबेको हरारे रंगशालामा अमेरिकाले पहिलो ब्याटिङ गर्दै ४९ ओभरमा सबै विकेट गुमाएर दुई सय सात रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले ४३ ओभरमा केवल चार विकेटको क्षतिमा दुई सय ११ रन जोड्दै छनोट प्रतियोगितामा पहिलो जित निकाल्न सफल भयो। यसअघि नेपाल घरेलु टोली जिम्बाबेसँग पहिलो खेलमा पराजित भएको थियो। अमेरिकामाथिको जितले नेपालको सुपर सिक्समा पुग्ने सम्भावना बलियो भएको छ। अब नेपालले वेस्ट इन्डिज र नेदरल्यान्ड्ससँग खेल्न बाँकी छ।

करणको कसिलो बलिङ

नेपालका कप्तान रोहितकुमार पौडेलले टस जित्दै अमेरिकालाई ब्याटिङ निम्तो दिएका थिए। अमेरिकाविरुद्ध लगातार उत्कृष्ट प्रदर्शन गरिरहेका बलर करण केसीले पुनः एकपटक त्यही प्रदर्शन निरन्तरता दिए। उनले केवल ९ ओभरमा तीन मेडन राखी ३३ रन खर्चेर सर्वाधिक चार विकेट लिए। करणकै घातक बलिङका कारण अमेरिका ९.२ ओभरमा १८-४ को कमजोर अवस्थामा पुगेको थियो। करणले अमेरिकाका शीर्ष पाँचमध्ये चारजना ब्याट्सम्यानलाई क्रिजबाट हटाएका थिए। यसै प्रदर्शनका कारण करण खेलकै म्यान अफ दी म्याच भए। उनले अमेरिकाका ओपनर स्टेभेन टेलोर (४), सैतेजा मुक्कामला (०), कप्तान आरोन जोनेस (२) तथा कोजिगे (१) को विकेट लिएका थिए। करणलाई गुल्सन झाले पनि साथ दिए। ललितले अमेरिकाका पुछारका ब्याट्सम्यानलाई आउट पारे। गुल्सनले १० ओभरमा ५२ रन खर्चेर तीन विकेट लिए।

सायनको आक्रामक शतक

दयनीय सुरुवात र फितलो ब्याटिङ प्रदर्शन गरेको अमेरिकाका लागि छैटौँ क्रमका ब्याट्सम्यान सायन जाहांगिरले आक्रामक रूपमा ब्याटिङ गरेका थिए। उनले केवल ७९ बलमा सय रनको शतकीय इनिङ्स खेल्दा अमेरिकाले नेपाललाई दुई सयमाथिको लक्ष्य दिन सफल भएको हो। सायन क्रिजमा आउँदा अमेरिका ६५-५ को अवस्थामा थियो। उनले त्यसपछिका लगातार पाँच विकेटका लागि गतिलो साझेदारी गर्दै अमेरिकालाई सम्मानजनक योगफलमा पुऱ्याए। सायनले क्रिजमा ११५ मिनेट बस्दा १० चौका र तीन छक्का प्रहार गरेका थिए। अमेरिकाको ब्याटिङमा दोस्रा ओपनर सुशान्तले ७१ बलमा तीन चौका र एक छक्का प्रहार गरी ४२ रन बनाए।

भीम र दीपेन्द्रको जोडी चम्क्यो

नेपालले लक्ष्य पछ्याउँदा सबै ब्याट्सम्यानले दोहोरो रन बनाए। नेपालको ब्याटिङमा तेस्रो क्रमका ब्याट्सम्यान भीम सार्कीले अर्धशतक बनाए। उनले नेपालको जितमा महत्त्वपूर्ण ७७ रनको योगदान दिए। यसक्रममा उनले ११४ बलमा सात चौका र एक छक्का प्रहार गरे। भीमले दीपेन्द्रसिंह ऐरीसँग पाँचौँ विकेटका लागि ७४ रनको साझेदारी गरे। यसक्रममा दुवैले प्रतिओभर ६.९३ रनको रनरेटमा ब्याटिङ गरेका थिए। दीपेन्द्रले ३२ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ३९ रन बटुले। उनले नै नेपालका लागि विजयी चौका प्रहार गरे। भीम ९ रनमा क्याचआउट हुनबाट जोगिएका थिए। एक जीवनदान पाएका भीमले त्यसको फाइदा उठाए। १०.६औँ ओभरमा फस्ट स्लिपमा स्टिभ टेलरले भीमको सहज क्याच मिस गरेका थिए। अमेरिकाविरुद्धको प्रदर्शन भीमको एकदिवसीय खेलकै उच्च प्रदर्शन हो।

यसअघि उनले आइसिसी विश्वकप लिग-२ मा युएईविरुद्ध ७० रनको इनिङ्स खेलेका थिए। नेपालका लागि ओपनर कुशल भुर्तेलले ५४ बलमा चार चौका र एक छक्का प्रहार गरी ३९ रन बनाए। कप्तान रोहितले २९ बलमा १६ रन र आसिफ शेखले १२ रन जोडे।

अंक तालिका

समूह 'ए'

टोली	खेल	जित	हार	अंक	रनरेट
जिम्बाबे	२	२	०	४	१.११
वेस्ट इन्डिज	१	१	०	२	०.७८
नेपाल	२	१	१	२	०.०९
अमेरिका	२	०	२	०	-१.१५
नेदरल्यान्ड्स	१	०	१	०	-१.५२

समूह 'बी'

टोली	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	१	१	०	२	३.५०
ओमान	१	१	०	२	०.२९
आयरल्यान्ड	१	०	१	०	-०.२९
युएई	१	०	१	०	-३.५०
स्कटल्यान्ड	०	०	०	०	०

वेस्ट इन्डिजसँग सतर्क हुनुपर्छ

● रोहितकुमार पौडेल, कप्तान, नेपाल



अमेरिकासँगको जितले नेपालको सुपर सिक्स चरणमा पुग्ने सम्भावना बलियो भएको छ। आजको खेलमा करण र ललित दाइले राम्रो सुरुवात गर्नुभयो। यो जितबाट निकै खुसी छु। हामी प्रत्येक खेल जितका लागि खेलिरहेका छौँ। यसपटक कन्डिसनको राम्रो प्रयोग गर्‍यौँ। अमेरिकासँगको खेलमा भीमले निकै राम्रो ब्याटिङ गरे। अब हामी यसैअनुरूप वेस्ट इन्डिजसँग खेल्छौँ। वेस्ट इन्डिजसँग सतर्क भएर खेल्छौँ। वेस्ट इन्डिजविरुद्ध खेलका लागि प्रतीक्षा गरिरहेका छौँ।

हामीले सामान्य लक्ष्य दियौँ

● आरोन जोनेस, कप्तान, अमेरिका



हामीले नेपालसमक्ष लक्ष्य बलियो राख्न सकेनौँ। जब स्कोरबोर्डमा कम योगफल हुन्छ, त्यसवेला जित निकाल्न गाह्रो पर्छ। ब्याटिङका साथै बलिङसमेत खराब भयो। विकेटको कन्डिसनअनुसार पहिलोभन्दा दोसो इनिङ्स सहज देखिएको थियो। हामीले लक्ष्य पछ्याउँदा नेपालकै जस्तो सहज रूपमा ब्याटिङ गर्थ्यौँ होला। ब्याटिङ इनिङ्समा स्यापन उत्कृष्ट देखिए। लगातार दुई खेलमा पराजित भएपछि अमेरिका पक्कै कठिन अवस्थामा छ। तर, हामीले विश्वकप खेल्ने सपना त्यागेका छैनौँ।

योजनाअनुसार खेल भयो

● करण केसी, बलर, नेपाल



हामीले अमेरिकाविरुद्ध योजनाअनुसार नै प्रदर्शन गर्न सफल भयौँ। टस जितेर बलिङ रोजेपछि कन्डिसनको फाइदा उठाउनु थियो। हामीले सुरुवातमै विकेट लियौँ। त्यसपछि योजनाअनुसार नै खेल अघि बढ्यो। आजको जितले नेपाल सुपर सिक्स पुग्न सहज देखिएको छ। यसका लागि बाँकी दुईमध्ये एक खेल जित्नुपर्नेछ। सुपर सिक्समा पुग्ने लक्ष्य हासिल गर्छौँ भन्ने विश्वास छ। अमेरिकासँगको खेलमा भीम र दीपेन्द्रले निकै राम्रो ब्याटिङ गरे।

खेल संक्षेप

संस्कृति र युलेन्स पहिलो

काठमाडौँ/ आयोजक संस्कृति र युलेन्सले तेस्रो संस्कृति कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। संस्कृति महिला र युलेन्स पुरुषतर्फ च्याम्पियन बनेका हुन्। प्रतियोगिताको मंगलबार स्वयम्भूस्थित घरेलु कोर्टमा भएको महिलातर्फको फाइनलमा संस्कृतिले काष्ठमण्डपलाई २७-१९ ले पराजित गऱ्यो। संस्कृतिको जितमा रियाना महर्जनले १३ स्कोरको योगदान गरिन्। पुरुषतर्फको उपाधि भिडन्तमा श्रीयुक्त शाहको २२ स्कोरको सहयोगमा युलेन्सले रेडिअन्ट पब्लिकलाई ५३-४० ले हरायो। पुरुषमा श्रीयुक्त तथा महिलामा समृद्धि शाह 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

फ्रिडमद्वारा उपाधि रक्षा

काठमाडौँ/ साबिक विजेता फ्रिडम फाइटरले मंगलबार दोस्रो वडाअध्यक्ष कप भेट्रान फुटबल प्रतियोगिताको उपाधि जितेको छ। चाबहिल मैदानमा भएको फाइनलमा फ्रिडमले तकामी भेट्रानलाई ३-१ ले पराजित गर्दै उपाधि रक्षा गरेको हो। फ्रिडमका लागि 'म्यान अफ दी म्याच' विकर्ण श्रेष्ठले दुई गोल गरेका थिए। फ्रिडमले एक लाख र उपविजेता तकामीले ५० हजार रुपैयाँ पाए। प्रतियोगितामा तकामीका रितेश थापा प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए। गोलरक्षकमा मुकुन्द थापा, डिफेन्समा राजनलाल नेपाल र मिडफिल्डमा राजकुमार घिसिङ उत्कृष्ट खेलाडी चुनिए। उत्कृष्ट तीन खेलाडी फ्रिडमका हुन्। एक सातासम्म चलेको प्रतियोगितामा मोफसलका ६ सहित २१ टोली सहभागी थिए।

कीर्तिपुर समूह विजेता

काठमाडौँ/ आयोजक कीर्तिपुर नगरपालिका अन्तरनगरपालिका मेयर कप यू-१८ पुरुष बास्केटबल प्रतियोगितामा मंगलबार सेमिफाइनलमा प्रवेश गरेको छ। कीर्तिपुर समूह 'बी'को विजेता बन्दै सेमिफाइनलमा पुग्यो। कीर्तिपुर कभर्डहलमा कीर्तिपुरले ललितपुर महानगरपालिकालाई ८९-८० ले पराजित गऱ्यो। कीर्तिपुरका आदित्य डंगोलले २६ स्कोर गरे। कीर्तिपुरले लगातार तीनवटै क्वार्टरमा अग्रता लिँदै जितको आधार खडा गरेको हो। ललितपुरले चौथो तथा अन्तिम क्वार्टर २६-१५ ले आफ्नो पक्षमा पारे पनि जित हात पार्न सकेन। ललितपुर पनि समूह उपविजेता हुँदै सेमिफाइनलमा पुगेको छ। अन्नपूर्ण समूह 'ए'को विजेताका रूपमा अन्तिम चारमा पुगेको छ। समूह विजेता बन्न अन्नपूर्णले टोखा नगरपालिकालाई ९९-७७ ले पन्छायो। सेमिफाइनलमा अन्नपूर्णको भेट ललितपुरसँग हुनेछ। कीर्तिपुरले नागार्जुन नगरपालिकाविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

ट्रायथलन टोलीले एसियन यू-२३ खेल्ने

काठमाडौँ/ एसियाली ट्रायथलन यू-२३ तथा जुनियर च्याम्पियनसिपमा तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। जापानको गामागोरीमा आयोजना हुने प्रतियोगिता २४ देखि २६ जुनसम्म हुनेछ। प्रतियोगितामा नेपालका दुई पुरुष तथा एक महिला खेलाडीले भाग लिनेछन्। पुरुषमा मौलिक महर्जनले यू-२३ तथा येजु महर्जनले जुनियरमा प्रतिस्पर्धा गर्नेछन्। महिलामा श्रेबी महर्जनले जुनियरमा खेल्नेछिन्। मौलिक र श्रेबी १९औँ एसियाली खेलकुदका लागि छनोट भएका खेलाडी हुन्। खेलाडीले ७ सय ५० मिटर स्विमिङ, २० किलोमिटर साइक्लिङ र ५ किलोमिटर रनिङ गर्नुपर्नेछ।

मैत्रीपूर्ण फुटसल र टेबलटेनिस हुने

काठमाडौँ/ नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ र नेपाल ओलम्पियन संघको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय ओलम्पिक डे २३ जुनमा विभिन्न मैत्रीपूर्ण खेल हुने भएको छ। शुक्रबार ओलम्पिक डे रनमा मैत्रीपूर्ण टेबलटेनिस र फुटसल खेल आयोजना हुनेछ। ओलम्पिक डेमा नेपाल ओलम्पिक कमिटीले पनि विभिन्न कार्यक्रम गर्ने जनाएको छ।

हरेक इन्स्टाग्राम पोस्टबाट १४ करोड २४ लाख रुपैयाँ कमाउँछन् कोहली

एजेन्सी



भारतका पूर्वकप्तान विराट कोहली विश्व क्रिकेटमा सोसल मिडियाबाट सर्वाधिक कमाउने क्रिकेटर हुन्। भारतमा सोसल मिडियासम्बन्धी हेर्ने स्टाक ग्रो कम्पनीले मंगलबार कोहलीले प्रतिइन्स्टाग्राम पोस्टबाट १४ करोड २४ लाख नेपाली रुपैयाँ कमाउने जनाएको छ। स्टाक ग्रो कम्पनीका अनुसार कोहलीको कुल सम्पत्ति एक हजार ५० करोड भारु पुगेको छ। कोहलीलाई इन्स्टाग्राममा २५ करोड ३० लाख फलोअर्सले फलो गर्छन्।

इन्स्टाग्रामको फलोअर्समा कोहलीले टेनिसका रोजर फेडेरर, फुटबलका सर्जियो रामोस तथा वाइनी रुनीलाई समेत पछि पारेका छन्। यसैगरी, ट्विटरमा उनले प्रतिएक पोस्टमा तीन करोड २० लाख रुपैयाँ आर्जन गर्ने स्टाक प्रोले जनाएको छ। इन्स्टाग्राममा एसियाली खेलाडीमध्ये धेरै फलोअर्स हुनेमा कोहली नम्बर एक हुन्।

भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)को समूह 'ए' मा रहेका कोहलीले प्रतिवर्ष ११ करोड २० लाख रुपैयाँ लिन्छन्। बिसिसिआईले प्रत्येक एक टेस्ट खेल्दा उनलाई २४ लाख र एकदिवसीय सिरिजमा एक खेलमा ९ लाख रुपैयाँ दिने गरेको छ। यसैगरी, अन्तर्राष्ट्रिय टी-२० खेलमा कोहलीले प्रतिखेल बोर्डबाट चार लाख ५० हजार रुपैयाँ लिने गरेका छन्। विश्वकै चर्चित क्रिकेटर कोहली महँगो कार संकलनमा माहिर छन्। भारतीय मिडियाहरूका अनुसार कोहलीसँग ४६ करोड रुपैयाँबराबरका कार छन्। यसमा उनले विश्वकै अति नै महँगो कार आफ्नो संकलनमा राखेका छन्।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०३/०६

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार निर्धारित समय भित्र PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरुमध्य प्राविधिक प्रस्तावको मूल्याङकनमा तपशिल बमोजिमका बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०३/१३ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ।

तपशिल :

ठेक्का नं.	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु
IDO-NAW(BSE)-W-NCB-UG-08-2079/80	Upgrading of Tatriswara Baseni Road Gaidakot 18, Nawalpur	1. M/S Prajil Construction Pvt.Ltd, Manbhawan 5, Lalitpur 2. M/S S.C/R.EC JV, Kalikasthan-3, Rasuwa 3. M/S Puspanjali/ Shankar JV, Chatrakot-1, Gulmi 4. M/S Gautam- Divine Light J.V, Bharatpur Chitwan 5. M/S Shivam-Bhanja JV, Bharatpur-11, Chitwan

■ १४औँ साफ च्याम्पियनसिप आजदेखि

कुवेतको सामना गर्दै नेपाल

नयाँ पत्रिका

भारतको बेंग्लोरमा १४औँ संस्करणको दक्षिण एसियाली फुटबल (साफ) च्याम्पियनसिप बुधबारदेखि सुरु हुँदै छ। समूह 'ए'मा साबिक उपविजेता नेपालले कठिन प्रतिद्वन्द्वी कुवेतसँग खेल्दै प्रतियोगिता सुरु गर्नेछ। साफ च्याम्पियनसिपमा लेबनान र कुवेत आमन्त्रित राष्ट्रका रूपमा रहेका छन्। तीन वर्षअघि माल्दिभ्समा उपविजेता बनेको र अहिलेको नेपाली टोलीबीच धेरै परिवर्तन भएको छ। माल्दिभ्समा उपविजेता बनेको अधिकांश सिनियर खेलाडी अस्ट्रेलिया पलायन भएका छन्। प्रशिक्षक भिसेन्जो अल्वर्टो धेरै युवा तथा सिनियर खेलाडीका साथ बेंग्लोर पुगेका छन्।

यसका कारण प्रशिक्षक भिसेन्जोमाथि राम्रो नतिजा निकाल्न चुनौती छ। फेरि नेपालले साफका लागि सामान्य प्रशिक्षण मात्र गरी सहभागिता जनाएको हो। नेपालले फिलिपिन्समा केवल एउटा मात्र अभ्यास खेल खेल्दै सीधै भारत लागेको हो। लगातार तीन महिना सहिद स्मारक 'ए' डिभिजन लिग चल्दा अखिल नेपाल फुटबल संघ (एन्फा)ले क्लोज क्याम्प राख्न सकेन। एन्फाले क्लोज क्याम्प राख्दा पनि 'ए' डिभिजन लिगमा आबद्ध क्लबले खेलाडी रिलिज नगर्ने धम्की दिएका थिए।

घरेलु भूमिमा नेपाली खेलाडीले अभ्यास नै गर्न पाएनन्। एसियाली फुटबलमा बलियो मानिने कुवेतसँगको नेपालको प्रदर्शन राम्रो छैन। कुवेतसँग अहिलेसम्म नेपालले ९ खेल खेलेको छ। नेपाल आठ खेलमा कुवेतसँग पराजित भएको छ। सन् २०१९ मार्चमा भएको मैत्रीपूर्ण खेलमा नेपालले कुवेतलाई गोलरहित बराबरीमा रोकेको थियो। कुवेतविरुद्धको उत्कृष्ट नतिजा नै यही नै हो। नेपाललाई समूह चरण पार गर्न नै कठिन छ। यस समूहमा साबिक विजेता भारतसँगै फिफा निलम्बनबाट फर्केको पाकिस्तान पनि छ।



नेपालको थोरै तयारी

आयोजक भारतले बेंग्लोरमा मंगलबार च्याम्पियनसिप सुरु हुनुअघि आयोजना गरेको प्रिम्याच कन्फरेन्समा नेपालका प्रशिक्षक भिसेन्जोले तयारीका लागि थोरै समय भएको बताएका छन्। खेलाडीले थोरै तयारी गरे पनि उनीहरू सकारात्मक रहेको प्रशिक्षक भिसेन्जोको भनाइ रह्यो। 'हाम्रो अभ्यास सेसन धेरै भएन, अहिले हामीसँग जे छ, त्यसैमा काम गर्नुपर्छ,' प्रि-पोस्ट म्याचमा भिसेन्जोले भने, 'खेलाडी राम्रो नतिजा निकाल्न सकारात्मक छन्, हामीले नयाँ अनुभवमा विश्वास गर्नुपर्छ।' फिलिपिन्ससँगको मैत्रीपूर्ण खेलबाट खेलाडीले धेरै फाइदा लिएको उनले बताएका छन्।

फिलिपिन्सविरुद्धको खेलमा भिसेन्जोले लाकेन लिम्बू र विमल पाण्डेलाई डेब्यु गरेका थिए। 'नयाँ पुस्ताका खेलाडी र प्रशिक्षकका रूपमा अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव बटुल्ने आशा छ,' उनले भने। प्रशिक्षक भिसेन्जोले वर्तमान टोलीमा धेरै खेलाडीले साफको पहिलोपटक अनुभव लिनु नै महत्त्वपूर्ण पक्ष भएको बताएका छन्। 'धेरै खेलाडीले साफमा पहिलोपटक खेल्दै छन्, मैले पनि साफको हिस्साका रूपमा सहभागी हुन पाउँदा महत्त्वपूर्ण मानेको छु,' उनले भने। नेपालले १४औँ संस्करणसम्म एकपटक फाइनल खेलेको थियो। नेपालले उपाधि जित्न सकेको छैन।

माथिल्लो नेशम खोला ए जलविद्युत आयोजना (२१ मे.वा) को वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति (२०८०/०३/०६)

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिकामा श्री सिन्धुज्वाला हाइड्रोपावर लिमिटेड द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	**सिन्धुज्वाला हाइड्रोपावर लिमिटेड** काठमाडौँ ३२, अनामनगर, काठमाडौँ फोन नं : ०१-५१०४६७३,५१०४६७४ इमेल : sindhujwalahydropower@gmail.com
प्रस्तावको व्यहोरा	श्री सिन्धुज्वाला हाइड्रोपावर लिमिटेड , काठमाडौँ द्वारा नेपाल सरकार विद्युत विकास विभागबाट विद्युत उत्पादनको लागि सर्वेक्षण अनुमतिपत्र प्राप्तगरी बागमती प्रदेश, मा पर्ने सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिकाको गुम्बा गाउँमा पानी सङ्कलन गर्न बाँध निर्माण गरी करिब ३०२५.२० मि लामो सुरुंगबाट सोहि गाउँमा रहने विद्युतगृहमा पानी खसाली नदी प्रबाहमा आधारित (ROR) माथिल्लो नेशम खोला ए जलविद्युत आयोजना (२१ मे.वा) निर्माण र संचालनको लागि प्रस्ताव गरिएको छ।
प्रभाव पर्न सक्ने जिल्ला/गा.पा	सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका-३

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको भौतिक, प्राकृतिक, जैविक, सामाजिक, संस्कृतिक र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

प्रस्तावकको नाम र ठेगाना	**सिन्धुज्वाला हाइड्रोपावर लिमिटेड** काठमाडौँ ३२ , अनामनगर , काठमाडौँ फोन नं ०१-५१०४६७३,५१०४६७४ इमेल : sindhujwalahydropower@gmail.com
परामर्शदाताको नाम र ठेगाना	**राज बन्धु सर्विसेस प्रा.लि** बालुवाटार-४, काठमाडौँ फोन नं : ९८४१८७११९९ ईमेल : rajbandhu_services@yahoo.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com